# सांस्कृतिक रूपान्तरण

## नारायणप्रसाद चँदारा

**प्रकाशक**

उत्पीडित जातीय अधिकार मञ्च

इलाम



;f:s|lts ?kfGt/0fM

**कृति** - **सांस्कृतिक रूपान्तरण**

**प्रथम संस्करण** - जेष्ठ, २०६७ (सन् २०१०)

**भाषा सम्पादन** - **r|tgfy cfrfo, sf7df8f**
फोन : ०१-४४६६७१२
मोवाइल : ९८४१३०५४२५

**सर्वाधिकार ©** - लेखकमा सुरक्षित

**कम्प्यूटर टाइप** - ***aaneQm /fhnj6***
राजलवट कम्प्यूटर डेक्सटप
इलाम न.पा.२, प्रकाशपथ
फोन : ०२७-५२०६०८

कम्प्यूटर सेटिङ्ग - *युवराज थामी, इलाम(९८४२७२९६६६)*

**प्रकाशक** - *उत्पीडित जातीय अधिकार मञ्च*
*इलाम*

**मुद्रक** - **kl|K6 lkl6;| kl=ln=**
अनामनगर, काठमाडौं
फोन : ०१-४२५०६५५

ISBN - 978-9937-2-2404-8

# समर्पण !

**युगौंदेखि मानिसहरुको मनमस्तिष्कमा गहिरोसँग रहदैं आएका सामन्ती संस्कृतिका पर्खालहरुलाई भत्काएर सो को ठाउँमा आधुनिक, युगानुकूल एवं जनपक्षीय संस्कृतिको निर्माणमा अहोरात्र खटिरहनु भएका अथक योद्धाहरुको सम्मानमा सादर समर्पण !**





एकिकृत ने.क.पा.(माओवादी)
केन्द्रीय कमिटी
नयाँबजार, काठमाडौं

नेपाली कांग्रेस

केन्द्रीय समिति

सानेपा, ललितपुर





नेकपा एमाले

संविधान सभाका सभाध्यक्ष
सिंहदरवार, काठमाडौं





संस्कृति सचिव
संस्कृति मन्त्रालय
काठमाडौं

गैरसरकारी संस्था महासंघ

काठमाडौं





द.नं. ३७७, स.क.प.द.नं. २४२३६

# उत्पीडित जातीय अधिकार मञ्च

# इलाम

विषय : शुभकामना ।

हाम्रो देशमा सामन्ती राज्य व्यवस्थालाई टिकाई राख्ने उद्धेश्यले युगौंदेखि सोहीबमोजिम निर्माण गरिएको संस्कृति अर्थात सामन्तीसंस्कृति प्रत्येक व्यक्ति,परिवार एवं समाजमा गहीरो गरी छाप बनेर रहदैं आएको छ। जसले समाजका जस्तै मैहुँ भन्ने व्यक्तिहरुलाई पनि आफ्नो प्रभावमा पारेर धार्मिकअन्धविश्वास, कुरीति एवं कुसंस्कारको शिकार बनाइरहेको अवस्था छ। हाम्रो समाजमा विद्यमान यस्तो अवस्थालाई चिर्दै व्यक्ति, परिवार एवं समाजमा असल, जनप्रिय एवं युगसुहाउदो संस्कृतिको निर्माण गरी सभ्य, सुसंस्कृत एवं समुन्नत समाजको स्थापनामा थप टेवा दिने उद्धेश्यले हाम्रो संस्थाका सचिव श्री नारायणप्रसाद चँदाराद्धारा यो सांस्कृतिक रुपान्तरण नामक कृतिको सिर्जना भएको छ। भावना र कल्पनामा हैन, समाजको यथार्थताको धरातलमा आधारित रहेर भोगाइको अनुभवसमेत समावेश गरी आउने पुस्ताको लागि अत्यन्त महत्वपूर्ण रहेको उक्त कृति हामी सबैले अध्ययन गरी आफ्नो व्यावहारिक जीवनमा अपनाउने साहस गर्न सक्यौं भने मात्र उक्त कृतिले सार्थकता पाउनेछ। अन्त्यमा, लेखकको लेखन यात्राले थकाइ नमारोस् र आगामी दिनमासमेत समाज परिवर्तनोन्मुख कृतिहरु जन्मन सकिरहून् भन्ने शुभकामना व्यक्त गर्दछु।

देवेन्द्र विश्वकर्मा

मिति : जेष्ठ २५, २०६६ अध्यक्ष

चेतनाथ आचार्य
काठमाडौं





# कृतिको सन्दर्भमा

हाम्रो देशमा अहिलेसम्म राजनीतिकरुपमा ठुल्ठूला आन्दोलनहरु भए, जसबाट अनेकौं परिवर्तनहरु पनि भए । तर सामाजिकरुपमा हाम्रो समाज अझै कछुवाको गतिमा हिँडिरहेको छ । परम्परागतरुपमा युगौँ अघिदेखि सुरु भएका सामन्ती संस्कृति, संस्कारहरु अहिलेसम्म हरेक मानिसको हृदयमा गहिरो छाप बनेर रहिरहेको छ । कुरा एक्काइसौं शताब्दीको गर्ने तर व्यवहार भने पुरानै ढाँचा, शैली, आचरण, सोचाइ आदिबाट चलिरहेको छ । वास्तविक कुरालाई ओझेल पारेर आधारहिन, तथ्यहिन कुराले समाजमा प्रश्रय पाई धार्मिकअन्धविश्वास मौलाइरहेको छ । जसको परिणमस्वरुप ज्ञानविज्ञान ओझेल परेर हाम्रो समाजमा रुढीवादले शासन चलाइरहेको छ । जसले समाजलाई उन्नति र प्रगतिको शिखरतर्फ होइन, असमानता, कुरीति, कुसंस्कारको भड्खालामा जाकिरहेको छ ।

परम्परागतरुपमा चलिआएको संस्कृति र संस्कारले यसरी युगौंदेखि मानिसको चेतनालाई एकोहोरो धार्मिक कट्टरता, शोषण, दमन आदि तर्फ धकेलेर अन्धविश्वासको संसारमा रुमल्लिन बाध्य पारिरहेको हुँदा सामन्ती संस्कृति, संस्कार आदिको पर्खाल भत्काएर युगानुकूल, समयसापेक्ष एवं जनप्रिय संस्कृतिको निर्माण गर्ने अभियान तत्काल चाल्नु पर्दछ । सदियौंदेखि चलेको कुसंस्कार, कुरीति मेट्न राज्य, राजनीतिक दल, सामाजिक संघ संस्था एवं बुद्धिजीविहरुको साझा प्रयासले मात्र उक्त कार्य सम्भव हुन्छ ।

उल्लिखित कुरा पुरा गर्न प्रस्तुत कृतिले थप ईंटाको काम गर्नेछ। र सिद्धान्तलाई व्यवहारमा रुपान्तरण गर्न एवं शब्द र कर्मबीच तादात्म्यता सिर्जना गर्नसमेत थप सहयोग गर्नेछ भन्ने आशा लिएको छु।

वर्तमान समयमा पुरानो संस्कृति एवं संस्कारहरुलाई व्यावहारिक रुपमा नै रुपान्तरण गर्न आम जनतालाई जागरुक एवं परिवर्तनतर्फ उन्मुख बनाउन यस्ता प्रगतिशील कृतिहरुको खाँचो खड्केको अवस्थामा लेखकले जुन साहस र हिम्मत बटुलेर व्यस्तताको बाबजूद पनि अमूल्य कृतिको सिर्जना गर्नुभएको छ, यो आफैँमा एउटा महत्वपूर्ण कदम हो भन्ने मलाई लागेको छ। र यस कृतिले अन्धकारमा लम्किइरहेका यात्रीहरुलाई आफ्नो सही गन्तव्य पहिल्याउन एउटा सफल मार्गदर्शनको भूमिका निर्वाह गर्नेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु।

अन्त्यमा,

पुरानो खराब संरचना भत्काई नयाँ युगानुकूल एवं जनप्रिय संस्कृति निर्माण गर्ने यात्रामा लेखकको कलम आगामी दिनमासमेत निरन्तर दौडिरहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

**विन्दु विश्वकर्मा**

जेष्ठ, २०६७ साल। चुलाचुली गा.वि.स.वडा नं.-२, इलाम

*bindumaya@gmail.com*





## हार्दिक शुभकामना

हाम्रो मुलुकमा सदियौँदेखि रहँदै आएको धार्मिकअन्धविश्वास, रुढीबादी र सामाजिक विभेदको रुपमा रहेको छुवाछूत प्रथालाई सामन्तवादी राज्यले टेकोपिँढो गर्दै आएको थियो। सामन्तवादी प्रथा हाल खल्बलिने अवस्था पुगेपछि त्यसको पृष्ठपोषण गर्दैआएका समाजका हरेक निकायहरु पनि एकएक गरी ढल्दैछन्। तैपनि यसले दरिलो गतिलिन भने सकेको छैन।

एकातिर यसका अवशेषहरु बिलाउन गाह्रो भइरहेको छ भने अर्कोतिर हाल वैज्ञानिक युगको उच्चतम् प्रगतिले दरिलो फड्को मारिरहेको यस्तो अवस्थामा हाम्रो समाज एवं व्यवहारमा रहेका कुरीति, कुसंस्कार तथा अन्धविश्वासजस्ता कुराहरुले गर्दा सामाीजक सदभाव र यसले समतामूलक एवं समुन्नत समाजको निर्माण हुनसकेको छैन।

समाजमा रहेको धार्मिकअन्धविश्वासलाई चिहानमा पुर्दै युगानुकूल जनपक्षीय संस्कृतिलाई समाजमा स्थापित गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले लेखिएको उक्त कृति, परिवर्तन चाँहने व्यक्ति, समुदाय तथा समाजका अगुवाहरुको निमित्त सहयोगी पुस्तिकाको दायित्व निर्वाह गर्न सक्ने देखिन्छ। प्रस्तुत कृतिका लेखक श्री नारायणप्रसाद चँदाराले चालेको यस महत्वपूर्ण अभियानप्रति मेरो गर्व छ। आगामी दिनमासमेत उहाँको सिर्जनाले निरन्तरता पाइरहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

खेमराज खनाल
जिर्मले गा.वि.स.- १
सलकपुर, इलाम

## प्रकाशकीय :

*जो देशका लागि*
*आफ्नो जम्मै पसिना, आँशु र रगत*
*बगाएर सिध्याउँदा पनि*
*अछूत भएर नारकीय जीवन*
*बिताउन बाध्य छन्....।*

नेपाल बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक एवम् अन्य धेरै हिसाबले विविधतायुक्त मुलुक हो । जहाँ जनताको संघर्षले पटक-पटक परिवर्तनकामी राजनीतिक लडाईहरु भएका छन् । तर आधारभूत जनताको पक्षमा आर्थिक तथा सामाजिक(साँस्कृतिक परिवर्तन अहिलेसम्म देख्न पाईएको छैन । राष्ट्रको करिब एक चौथाई हिस्सा ओगटेको सबैभन्दा सिर्जनशिल, श्रमजीवि एवम् मेहेनती दलित समुदाय वर्तमानमा पनि धर्म, संस्कृति, परम्परालगायतका बहानामा पशुवत् नारकीय जीवन बिताउन बाध्य छ । यो यथार्थता कसैबाट छिपेको छैन छर्लङ्ग छ ।

समग्रतामा हेर्ने हो भने, दलित समुदायको विकास, प्रगति र उन्नति विना सिङ्गो मुलुकको परिवर्तन सम्भव छैन । अझ भनौं हामीले परिकल्पना गरेको नयाँ नेपाल सम्भव छैन । हाम्रो ध्येय समतामूलक समाजको निर्माण हो । बाटो कठिन छ यद्यपी मुलुकको एक चौथाई जनसमुदायको मुक्तिका लागि अपरिहार्य पनि छ । जसका लागि राज्यका हरेक पक्षमा यो समुदायको पहिचान, प्रतिनिधित्व र पहुँच अपरिहार्य छ ।

समाजमा शताब्दीऔं अघिको जस्तो ठूलो जात-सानो जात, उँच-निच जस्ता नकारात्मक चालचलन विद्यमान छ । जो धर्म, सँस्कृति र परम्पराको नाममा विभिन्न किसिमका शोषण, दमन र उत्पीडन विद्यमान छ । त्यस अर्थमा हाम्रो क्रान्ति भावनात्मक परिवर्तनको हो । इतिहासकालदेखि दलित समुदायलाई राज्यको नीति निर्माण तहमा प्रतिनिधित्वबाट बञ्चित राख्दै आईयो । दलित समुदायको नीति निर्माण गर्ने काम कथित उपल्ला जातिकाहरुले गरे । अब यो समुदाय नीति निर्माण तहमा सहभागि भई शोषित, पिडित जनताको सर्वोपरी हितको पक्षमा काम गर्न चाहान्छ । त्यसैले अबको क्रान्ति भनेको राजनीतिक क्रान्ति पनि हो । मुलुकको





एक चौथाई समुदाय श्रम र सीपमा आधारित उत्पादन, उत्पादन सम्बन्ध र वितरण तथा त्यसको उपयोग र भेदभावरहित समाज स्थापना गर्ने अभियानमा छ । त्यसैले अब क्रान्ति आर्थिक पनि हो । सिङ्गो दलित समुदाय सामाजिक न्यायमा आधारित समतामूलक समाजको लडाईमा छ । त्यसैले अबको क्रान्ति सामाजक-साँस्कृतिक, आर्थिक र राजनीतिक सबै हुन् ।

वर्तमान पर्यप्रेक्षमा, एकातिर मुलुक छुवाछूत मुक्त राष्ट्र घोषणा भईसकेको छ, भने अर्कातिर संघिय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएको छ । तर दलित समुदायको अवस्था ज्यूँकात्यूँ पाईन्छ । यसबाछ के पुष्टि हुन्छ भने राजनीतिक परिवर्तनले मात्रै सामाजिक-साँस्कृतिक र आर्थिक रुपान्तरण सम्भव छैन । फलस्वरुप हिंजो समाजले कथित अछूतको पगरी भिराएको नागरिक अहिलेपनि अछूत नै छ । यो समुदायको सामाजिक-साँस्कृतिक र आर्थिक अवस्थामा कति पनि परिवर्तन आएको छैन ।

हिन्दू धर्म-संस्कृतिले मानव जगतलाई यति धेरै जकडेको छ कि त्यसबाट सजिले बाहिरि नै सकिँदैन । धर्मको आडमा हामीले अपनाउने संस्कार र संस्कृतिले अझैपनि छुवाछूत प्रथालाई मलजल गरिरहेको छ । घोषणा र कानून निर्माणले मात्र यसको अन्त्य सम्भव छैन । यसको लागि संस्कार र संस्कृतिमा नै रुपान्तरण जरुरी छ । जो व्यवहारको कसीमा जाँच्न सकियोस् । जसका लागि सहि विचार, सोंच र दृष्तिकोणको आवश्यकता पर्दछ ।

साँस्कृतिक रुपान्तरणका पक्षमा सहि विचार, सोंच र दृष्टिकोणको विकास गराउने मुख्य उदेश्यले नै हाम्रो संस्थाका सचिव नारायणप्रसाद चँदाराको लेखनमा यो “साँस्कृतिक रुपान्तरण” नामको पुस्तक प्रकाशन गरिएको छ । यसले दलित मुक्ति आन्दोलनका सन्दर्भमा साँस्कृतिक रुपान्तरणका पक्षमा उल्लेख्य योगदान गर्ने छ भन्ने हाम्रो ठहर रहेको छ । जो तपाईंको अध्ययन र बिश्लेषणले सार्थक हुनेछ । पाठकको रचनात्मक सल्लाह र सुझावले हाम्रो अभियानलाई सहयोग पुग्ने अपेक्षा लिएका छौं ।

*जेष्ठ २०६७* *उत्पीडित जातीय अधिकार मञ्च, इलाम*

# हार्दिक कृतज्ञता :

**"जसको अमूल्य सहयोग नपाएको भए
सायद यो कृति जन्मन सक्ने थिएन।"**

**१. प्रकाशन सहयोग :**

| | |
|---|---|
| अशोक शंकर | - पथरी-१, मोरङ्ग |
| कमला चँदारा | - नयाँबजार-६, इलाम |
| कल्पना बराइली | - बाँझो-९, इलाम |
| केशरबहादुर खाती | - सोयाङ्ग-५, इलाम |
| गोमा सुजी (परियार) | - बिर्तामोड, झापा |
| चीत्रकला बराइली | - कन्याम-४, इलाम |
| छत्र बराइली | - फाकफोक-८, इलाम |
| लक्ष्मण घतानी | - आमचोक-५, इलाम |
| पार्वती चँदारा | - नयाँबजार-६, इलाम |
| ज्ञानेन्द्र लाम्गादे | - शान्तिडाँडा-७, इलाम |

**२. प्रेरणा श्रोत :**

| | |
|---|---|
| ईश्वर गजमेर | - चुलाचुली-८, इलाम |
| उद्धव न्यौपाने | - चुलाचुली-८, इलाम |
| विजय बि.क. | - चुलाचुली-२, इलाम |
| भीमकुमार हिङ्गमाङ्ग | - चुलाचुली-७, इलाम |
| मणिकुमार नेम्बाङ्ग | - चुलाचुली-५, इलाम |





हार्दिक कृतज्ञता :

"जसको अमूल्य सहयोग नपाएको भए
सायद यो कृति जन्मन सक्ने थिएन।"

**३. धन्यवाद ज्ञापन :**

| | |
|---|---|
| खड्ग बि.क. | - चुलाचुली-५, इलाम |
| खडानन्द रसाइली | - कन्याम -४, इलाम |
| खिनु महरा | - चुलाचुली-७, इलाम |
| तुलसा शिवा | - चुलाचुली-७, इलाम |
| ध्रुवकुमार रसाइली | - नयाँबजार-६, इलाम |
| नवराज शंकर | - मंगलबारे-१, इलाम |
| बलराम विश्वकर्मा | - नयाँबजार-६, इलाम |
| बिमला विश्वकर्मा | - चुलाचुली-२, इलाम |
| बृहस्पति उपरकोटी | - बरबोटे - ५, इलाम |
| भक्तराज लाम्गादे | - नामसालिङ्ग-५, इलाम |
| याम रसाइली | - नयाँबजार-८, इलाम |
| ज्ञानबहादुर चाहार | - शान्तिडाँडा-५, इलाम |

## हार्दिक कृतज्ञता :

**'जसको अमूल्य सहयोग नपाएको भए**
**सायद यो कृति जन्मन सक्ने थिएन ।'**

### ४. विशेष धन्यवाद :

- ✱ ने.क.पा.(ए.माओवादी), केन्द्रीय कार्यालय, काठमाडौं
- ✱ नेपाली कांग्रेस, केन्द्रीय कार्यालय, सानेपा, ललितपुर
- ✱ ने.क.पा.(एमाले), केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं
- ✱ सम्माननीय सभाध्यक्ष, सिंहदरवार, काठमाडौं
- ✱ संस्कृति मन्त्रालय, काठमाडौं
- ✱ गैरसरकारी संस्था महासंघ, काठमाडौं
- ✱ देवेन्द्र विश्वकर्मा, अध्यक्ष, उत्पीडित जातीय अधिकार मञ्च, इलाम
- ✱ चेतनाथ आचार्य, काठमाडौं
- ✱ विन्दु विश्वकर्मा, चुलाचुली-२, इलाम
- ✱ खेमराज खनाल, जिर्मले-२, इलाम





# लेखकीय

हामीहरु अहिले एक्काइसौं शताब्दीमा विज्ञानले उच्चतम् रुपले फड्को मारेको उन्नत युगमा प्रवेश गरिसकेका छौं । अनि हाम्रै देशको कुरा गर्ने हो भने पनि युगौंदेखिको सामन्तवादको नाइके राजतन्त्रलाई उखेलेर संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको अवस्था छ ।

तर बिडम्बना !

हाम्रो सोंच एवं चाहना एक्काइसौं शताब्दीको छ तर हाम्रो सामाजिक व्यवहार भने त्यसको ठीक उल्टो युगौं अघिको मनुस्मृति एवं जयस्थिति मल्लकालीन संस्कृति एवं संस्कारहरु हाम्रो दिमागबाट अझै हट्न सकेको छैन । उक्त सामन्ती संस्कृति एवं यसका आधारहरुले तर्क, तथ्य एवं प्रमाणको बाटोमा परिवार, समाज, संस्कार एवं धर्मरुपी पार्खल खडा गरी ज्ञान, विज्ञानको बाटोमा अवरोध सिर्जना गरी त्यसतर्फ जान रोक लगाएको छ । र भाग्य, कर्म, दैव, पुर्पुरो, खप्पर ……… जस्ता हिनताबोध एवं धार्मिक अन्धविश्वासयुक्त बाटो खुल्ला गरिदिएको छ । जसले युगौंदेखि मानव सभ्यतालाई अन्धकारको खाडलमा जाकेर माथि उठ्न दिएको छैन । तथ्य, तर्क एवं प्रमाणलाई भुत्ते बनाएर प्रथा एवं परम्पराको नाममा युगौंअघि सामन्तवादको स्वार्थानुकूल सृजना गरिएको संस्कृति एवं संस्कारहरुलाई व्यवहारिकरुपमा जबरजस्ती आँखा चिम्लेर अवलम्बन गर्न बाध्यपार्ने काम अहिलेसम्म भइरहेको छ ।

युगौदेखि मानिसहरुको मनमस्तिष्क एवं शरीरको नशा नशामा रगतसँगै बगिरहेको सामन्ती संस्कृति एवं संस्कारको भीमकाय पर्खाललाई भत्काएर सो को ठाउँमा युगानुकूल, समयसान्दर्भिक एवं जनपक्षीय संस्कृतिको निर्माण गर्न अत्यन्त ढिलो भइसकेको छ ।

लामो समयदेखि प्रथा एवं परम्पराको नाममा समाजमा गढेको सामन्ती संस्कृतिको पर्दालाई च्यातेर जनपक्षीय संस्कृति एवं संस्कारहरुलाई लागू गर्दा यथास्थितिको धरातलमा रहेको हाम्रो समाज र बिरालो बाँधेर श्राद्ध गर्न पल्केका धार्मिक कट्टरपन्थीहरुको सडेगलेको दिमागमा निश्चय नै नब्बेसालको “महाभूकम्प” आउँनसक्छ ‼, इन्डोनेसियामा आएको महाप्रलयकारी “सुनामी छाल” तरङ्गिन सक्छ ‼, कोशी नदीमा आएको महाबिपत्तिजनक “भीषण बाढी” आउन सक्छ र हजार भोल्ट बराबरको विद्युत करेन्टको अकल्पनीय “झड्का” लाग्न सक्छ ‼ जसको परिणाम स्वरुप जनपक्षीय संस्कृति एवं संस्कारका हिमायती हामीहरु उनीहरुको नजरमा कथित् “बहुलाहा” हुन सक्छौं; “सन्काहा र पागल” हुन सक्छौं; कच्चा दिमाग भएका “आवारा केटाकेटी” हुन सक्छौं; बुद्धि नभएका “हरामी” हुन सक्छौं; कुलधर्म बिगार्ने “पापी” हुन सक्छौं; अनि युगौंदेखिको परम्परा भत्काउँने “संस्कारद्रोही” हुन सक्छौं । हाम्रो विरुद्धमा कैयौं धारेहातहरु उठनेछन्, मौका परे आक्रमणको तारो बन्नुपर्नेछ, हामीहरुले कैयौं सरापहरु सहनुपर्नेछ, धम्क्याइ र लान्छनाहरु खेप्नु पर्नेछ अनि कैयौंपल्ट हामीहरु “धर्मकर्म बिगार्ने पापी र नरक जान योग्य भएका” हुनेछौं ............ ‼





सत्य, साँचो कुरा के हो भने हामी संस्कृति एवं संकारका विरोधी पटक्कै होइनौं अपितु संस्कृति, संस्कारको नाममा दिनदहाडै हुनेगरेका ब्रम्हलुट एवं भ्रष्ट पद्धतिको विरोधी भने अवस्य हौं । संस्कारको नाममा मानव हुनुको अस्तित्व नै गुमाएर पिजँडाको सुगाजस्तो जिन्दगी बनाउँने नीतिको हामीले सर्वत्र विरोध गर्नैपर्दछ । अनि संस्कृति भित्रका असल, जनपक्षीय एवं विज्ञानसम्मत् पक्षहरुलाई सहर्ष स्वीकार गर्न पछिपर्नु हुदैंन ।

तत्कालको परिवेशमा परम्परागत संस्कृति एवं संस्कारहरुमा विद्यमान धार्मिक अन्धविश्वासलाई तोडेर संस्कारलाई धर्मको आवरणबाट अलग गरी जटील पद्धतिलाई सरल एवं सहज, बढि खर्चिलोलाई कम खर्चिलो एवं मितव्ययी एवं अनावश्यक र समय सान्दर्भिक नभएकोलाई हटाउँने अभियान संचालन गरेर मात्र नयाँ जनपक्षीय संस्कृतिको आधार निर्माण गर्न सकिने भएको हुँदा यसै ऐतिहासिक आवश्यकतालाई पूर्ति गर्न राज्य, राजनीतिक दल, सामाजिक संघसंस्था एवं सचेत नागरिकहरुलाई थपबल पुगोस् भने अभिप्रायले नै यो कृतिको सृजना भएको छ ।

“ज्ञान हासिल गर्नु मात्र ठूलो कुरा होइन, आफूले सिकेको ज्ञान एवं धारणालाई कुशलतापूर्वक व्यवहारमा उतार्नु सबैभन्दा ठूलो महानता हो ।” देखियो ! मुखले समाजको संरचना बदल्छौं भन्ने मानिसहरुको भीड धेरै देखियो ‼ अनि सामन्ती संस्कृति एवं संस्कारहरुको विरुद्धमा भाषण गरेर नथाक्नेहरु आफूले व्यवहारमा रुपान्तरण गर्नुपर्दा अन्धविश्वासको पर्दा च्यात्ने हिम्मत नभएर मरिचजस्तो चाउरिएको पनि धेरैधेरै देखियो ‼

तसर्थ,

परिवर्तित संस्कृति, संस्कारलाई व्यवहारमा लागू गर्ने सन्दर्भमा आइपर्ने हरेक कठिनाइ, बाधा एवं व्यवधानहरुलाई सामना गर्न सतिसाल जस्तै "दृढ भावना", सगरमाथा जस्तै "उच्च मनोबल", झरना जस्तै "निर्मल एवं सङ्लो हृदय", चट्टान जस्तै "बलियो मन", आकाश जस्तै "फराकिलो सोचाइ" एवं सागर जस्तै "महान् लक्ष्य" लिएर अघि बढे मात्र हामीहरु नयाँ एवं जनप्रिय संस्कृतिको निर्माण गर्न सक्दछौं। आउनुहोस् ! तपाईं हामी यस महान् यात्रामा सहभागी बनौं। यसो भएमात्र यो सानो प्रयासले सफलता पाएको आत्मानुभूति महशुस हुनेछ।

अन्त्यमा,

प्रस्तुत कृति सृजनामा संलग्न सबैलाई पुनः हृदयदेखि नै हार्दिक कृतज्ञता अर्पण गर्दै कृतिमा रहेका कमी, कमजोरी एवं त्रुटीहरुलाई औंल्याई सहयोग गर्नुहुन विज्ञपाठक महानुभावहरुलाई विनम्र आग्रह एवं अनुरोध गर्दछु।

**धन्यवाद !**

जेष्ठ, २०६७ साल

**लेखक**
npcnarayan@gmail.com





# विषय-सूची



| सि.नं. | विषय | पृष्ठ न |
|---|---|---|
| १. | पुस्तकको सन्दर्भमा | क |
| २. | विषय प्रवेश | १ |
| ३. | सांकृतिको शवब्दिक अर्थ | ३ |
| ४. | संस्कृतिको परिभाषा | ४ |
| ५. | संस्कृति र राजनीति बीच अन्तरसम्बन्ध | ८ |
| ६. | सामन्ति संस्कृति | ११ |
| ७. | सामन्ति संस्कृतिका विशेषताहरु | १४ |
| ८. | सांस्कृतिक सन्दर्भमा आजको हाम्रो अवस्था | ३३ |
| ९. | संस्कृति रुपान्तरण कसरी गर्न सकिन्छ | ४२ |
| १०. | षोडशः संस्कार | ४५ |
| ११. | संस्कार रुपान्तरण | ७६ |
| १२. | संस्कार रुपान्तरण गर्दा ध्यानदिनुपर्ने कुराहरू | १०० |

## विषय प्रवेश :-

**आदरणीय पाठकवृन्द !**

हामीहरु अहिले एक्काइसौं शताब्दीको पूर्वार्द्धमा हिडिँरहेका छौँ । समयको गतिसँगै विभिन्न ज्ञानविज्ञानका नयाँनयाँ आविष्कारहरु दिनानुदिन भइरहेका छन् । ज्ञानविज्ञानले अभूतपूर्व फड्को मारेर धेरै टाडा गइसकेको भएता पनि हाम्रो समाजको गति भने अहिले पनि कछुवा कै तालमा लम्किइरहेको तीतो यथार्थता घाम जत्तिकै छर्लङ्ग छ । संस्कृतिको अस्तित्व समाजमा हुने हुँदा त्यसलाई रुपान्तरण वा परिवर्तन गर्नका लागि समाजको महत्वपूर्ण भूमिका रहन्छ । यसै सन्दर्भमा सांस्कृतिक रुपान्तरणको विषयवस्तुमा प्रवेश गर्नुअघि मानव सभ्यताको विकास सम्बन्धमा केही कुरा उल्लेख गर्न आवश्यक भएकोले यस सम्बन्धमा केही कुराहरु संक्षेपमा प्रकाश पार्ने जमर्को गरिन्छ ।

पृथ्वीमा मानव सभ्यताको उत्पत्तिको सम्बन्धमा संसारभरि दुईवटा मत वा विचार अभिव्यक्त रहेका छन् । एकातिर धार्मिक मत र अर्कोतिर वैज्ञानिक मत । धार्मिक मतअनुसार संसारमा मानवको उत्पत्ति भगवानले गरेका हुन् । यो सम्पूर्ण संसार वा चराचर जगत सबै भगवानकै इच्छा वा भरोसामा मात्र टिकेको छ । जीवन र जगतलाई व्याख्या गर्ने यो विचारले धेरै पछिसम्म समाजमा आफ्नो वर्चस्व कायम राख्यो । तर, बेलायतको सुस्रबरी भन्ने ठाउँमा ई.सं.१८०९ फेब्रुअरी १२ तारिखमा जन्मनुभएका महान् वैज्ञानिक चार्ल्स डार्बिन (Charles Darvin) ले लामो समयको खोज एवं अनुसन्धानबाट पृथ्वीमा मानवको उत्पत्ति सम्बन्धमा वैज्ञानिक धारणा प्रस्तुत गर्नुभयो । उहाँले ई.सं.१८५९ मा "On the Origin of Species" नामक गहनतम् पुस्तक प्रकाशित गरी





पृथ्वीमा मानवको उत्पत्ति कुनै दैवीशक्तिबाट नभई बाँदरबाट क्रमशः विकसित भएर आजको अवस्थामा संक्रमण हुन पुगेको हो भन्ने तर्क प्रस्तुत गर्नुभयो । उहाँले प्रस्तुत गर्नुभएको विकासवादी सिद्धान्तअनुसार जीवनका विभिन्न अवस्थाहरु परिवर्तनशील छन्, जसको कारणले निरन्तर नयाँनयाँ प्राणीहरुको विकास हुने गर्दछ । पृथ्वीमा उत्पन्न भएका जीव अथवा प्राणीहरुको जीवनको मूलआधार प्रोटोप्लाज्म (Protoplasm) नामक तत्व हो । यही तत्वबाट पानीमा जीवकोष (Cell) को विकास भयो जसलाई “प्रोटोजोवा” भनिन्छ, जुन सुरुमा एककोषीय थियो । पछि विकसित हुँदै जानेक्रममा उक्त प्रोटोजोवा एककोषीयबाट बहुकोषीय जीवमा विकसित भयो, जसलाई “मेटोजोवा” भनियो । यही मेटोजोवाबाट धेरै समयपछि पानीमा कछुवा, माछा तथा वनस्पतिहरु, धरातलमा डायनोसर, सर्प बाँदरहरु उत्पन्न भए । पछि बाँदर (Ape) बाट विकसित भएर आजको बुद्धिमानी मानवको अवस्थामा सङ्क्रमण भएको हो ।

मानव सभ्यताको उत्पत्ति सम्बन्धमा कुनै प्रमाण एवं तर्कको आधारमा नभई आदर्शको जगमा टिकेको धार्मिक मतलाई चुनौती दिँदै तर्क र प्रमाणको आधारमा डार्बिनको विकासवादी सिद्धान्त प्रकाशमा आएपछि बल्ल मान्छेको दिमागको ढोका उघ्रियो । “सत्य डग्दैन, झुटो टिक्दैन” भनेझैं बिनाप्रमाण बिनातर्क अस्तित्वमा आएको मानव सभ्यताको विकास सम्बन्धीको धार्मिक मतको सत्यताको धरातलमा भूइँचालो जानथाल्यो । पृथ्वीमा मानवको उत्पत्ति भगवानले गरेका हुन् भन्ने विचारको अस्तित्व रहेको समाजमा त्यसको ठीक विपरीत डार्बिनको विकासवादी सिद्धान्तको अवधारणा प्रकाशमा आउँदा धार्मिक कट्टरपन्थीहरुलाई त्यो पच्ने कुरा भएन । उनीहरुले डार्बिनलाई सन्काहा, पागल, बाइबल विरोधी …… आदि भन्दै गाली गरे तर सत्य विचार सुरुमा एक्लै भएपनि त्यसको

वास्तविकता समाजमा उद्घाटित भइछाड्छ । पछिका वैज्ञानिकहरुले समेत डार्बिनको सिद्धान्तलाई प्रमाणित गरिछाडे ।

संस्कृतिको अस्तित्व समाजमा रहेको हुन्छ । मानव समाजको उत्पत्ति भगवान वा ईश्वरले गरेका हुन् भन्ने धार्मिक मतमा विश्वास गर्नेहरुले संस्कृतिको उत्पत्ति पनि ईश्वरले नै गरेका हुन् वा संस्कृतिको निर्माता पनि दैवीशक्ति नै हो भन्ने अफवाह समाजमा फैल्याउने गरेका छन् । त्यसर्थ संस्कृतिको सम्बन्धमा रहेका भ्रमहरु जरैदेखि मेटाउन र त्यसको विषयमा वास्तविकता उद्घाटित गराउन जरुरी भएको छ । प्रस्तुत खण्डमा यसै विषयवस्तुको सरोफेरोमा केन्द्रित रहेर सामान्य चर्चा गर्ने जमर्को गरिएको छ ।

## संस्कृतिको शाब्दिक अर्थ :-

शाब्दिकरुपमा 'संस्कृति' भन्ने शब्दको उत्पत्ति 'संस्कृत' भन्ने शब्दबाट भएको मानिन्छ । 'संस्कृत' को अर्थ 'परिष्कृत' वा 'उन्नत बनाउनु' भन्ने बुझिन्छ । परिष्कृत भनेको कुनै वस्तुलाई त्यसको दोषहरु, नराम्रा पक्षहरु हटाएर राम्रो बनाउनु वा उन्नत बनाउनु भन्ने हुन्छ । कुनै कुनै समाजशास्त्रीहरुले संस्कृति भन्ने शब्द 'संस्कार'बाट आएको हो पनि भनेका छन् । सामान्य अर्थमा संस्कार भनेको शुद्धिक्रिया हो । व्यक्तिलाई चोख्याउने, उन्नत बनाउने वा शुद्ध विचारतर्फ बढाउनु यसको उद्देश्य हो ।

नेपाली शब्दसागरअनुसार संस्कृतिलाई "कुनै चिजलाई परिमार्जन गरी निस्खोट रुप दिने काम, परिष्कार, संस्कार, कुनै राष्ट्र वा जातिको सर्वाङ्गीण प्रतिविम्ब देखिने शिल्प-विचार-दर्शन आदि क्रियाकलापको परिस्कृत रुप, अनन्त पूर्वदेखि आचार-विचार आदिमा विकसित हुँदै





आएको समाजको यथार्थ स्वरुप देखिने अभिव्यक्ति आदिसमेतको समूह वा साधन, कला-साहित्य-दर्शन-भाषा-धर्म आदि मूल्य परम्पराको समष्टि नाम" भनी प्रष्ट्याइएको छ । यसैगरी प्रयोगात्मक नेपाली शब्दकोष अनुसार संस्कृति भनेको "देश वा जातिको कला, साहित्य, सङ्गीत, आचारव्यवहार, बौद्धिकता आदि वा त्यसलाई मौलिक पहिचान दिनसक्ने विशेषता, संस्कार, परिष्कार" हो । अर्कोतर्फ अंग्रेजी शब्द "Culture" सम्बन्धमा Oxford Advanced Learner's Dictionary (7th Edition) अनुसार "The customs and beliefs, art, way of life and socaial organization of a particular country or group" भनी उल्लेख गरेको छ । यी दुबै शाब्दिक अर्थहरुको भावार्थलाई केलाउँदा सामान्य अर्थमा संस्कृति भनेको कुनै व्यक्ति, सिङ्गो देश वा सिङ्गो समुदायले समाजमा स्थापित मूल्य मान्यताहरुको अस्तित्वमा हिड्ने कार्य भन्ने बुझिन्छ, जसले सिङ्गो समाजलाई सही बाटो वा लक्ष्यतर्फ अग्रसर हुन अभिप्रेरित गरेको होस् ।

## संस्कृतिको परिभाषा :-

सामान्यरुपमा भन्नुपर्दा संस्कृति भन्नाले मानवद्वारा निर्मित मानवको आवश्यकता पूर्ति गर्न समाजमा स्थापित मूल्य मान्यताहरु, जो गतिशील वा एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छ, भन्ने बुझिन्छ । अझ एकथरी विद्वानहरुले त संस्कृति भनेको खालि नाचगान वा चाडपर्वहरु मात्र हो भनी संस्कृतिलाई साँगुर्‍याउने कामसमेत गरेका छन् । साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, दशै, तिहार, छठ, ल्होसार जस्ता चाडपर्वहरु अनि सोरठी, बालान, मारुनी, झ्याउरे, लोकलय जस्ता गीत सङ्गीतका

भाकाहरु, धार्मिक सम्प्रदायहरुबीच अस्तित्वमा रहेका सामाजिक चालचलनहरु, रीतिरिवाजहरु लगायतका पक्षहरुमात्र संस्कृति हो भन्ने मानसिकता हाम्रो समाजमा कायम छ। अनि आफैले मानिआएको रीतिरिवाज, चालचलन, मूल्यमान्यताले अर्कालाई हानि, नोक्सानी बेफाइदा पुर्‍याइरहँदा यो त हाम्रो पुरानो संस्कृति हो, हामी यसलाई कसरी त्याग्न सक्छौ र ! भन्ने अभिव्यक्ति पनि हाम्रो समाजमा व्याप्त छ ।

वास्तवमा बाहिरबाट रुपपक्ष मात्र हेर्दा संस्कृति भन्ने शब्द सामान्य लाग्न सक्छ तर गहिरो गरी यसको सारमा विचार गर्दा यो त्यतिकै जटिलसमेत छ । संसारमा धेरै थरी विद्वानहरुले संस्कृतिको सम्बन्धमा धेरैथरी परिभाषाहरु दिएका छन् । लिन्टन (Linton) भन्ने विद्वानले- “संस्कृतिलाई ज्ञान, धारणा एवं प्राकृतिक व्यवहार प्रकृयाको कूल योगको रुपमा परिभाषित गर्न सकिन्छ, जसमा समाजका सम्पूर्ण सदस्यहरु सहभागी हुन्छन्” (Culture may be defined as the sum total of knowledge, attitudes and natural behaviour patterns shared and transmitted by the members of a particular society.) भनी परिभाषित गर्नुभएको छ ।

यसैगरी अर्का विद्वान् बी.मालिनोवस्की (B.Malinowski) ले- “संस्कृति मानवको कृति तथा एक साधन हो, जसद्वारा उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ” (Culture is the handwork of man and the medium through which he achieved his ends.) भनी परिभाषा गर्नुभएको छ ।

मोर्गन एवं किङ्ग (Margan and king) ले यसरी परिभाषित गर्नुभएको छ - “संस्कृतिको तात्पर्य प्रथाहरु, बानीहरु, परम्पराहरु तथा कौशलहरु हुन् जसद्वारा कुनै व्यक्ति वा सामाजिक समूहको विशेषताहरुको बोध





हुन्छ ।” (Culture refers to customs, habits, traditions, artifacts that characterise a people or a social group)

यसैगरी अर्का विद्वान इ.ए.होइबल (E.A. Hoeble) ले- “संस्कृति सिकिएको एकीकृत व्यवहार प्रकृयाको त्यो सम्पूर्ण योग हो, जसले कुनै निश्चित समाजका सदस्यहरुको विशेषतालाई चिनाउदछ, यो जैविक प्रकृयाबाट प्राप्त परिणाम होइन” (Culture is the sum total integrated learned behaviour pattern which are characteristics of the members of society and which are therefore, not the result of biological inheritance.) भनी परिभाषा गर्नुभएको छ ।

एम.जे.हर्स्कोभिट्स (M.J. Herskovits) भन्ने विद्वानको यस्तो परिभाषा छ - “संस्कृति मानव निर्मित वातावरणको एक भाग हो ।” (Culture is the man made part of the environment.)

यसैगरी अर्का विद्वान इ.बी.टायलर (E.B. Tylor) ले- “संस्कृति त्यो सम्पूर्ण जटिलता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा तथा त्यस्ता सम्पूर्ण क्षमता एवं गुणहरु सम्मिलित् हुन्छन् जसलाई मानवले समाजको एक सदस्यको हैसियतले आर्जन गर्दछ” (Culture is that complex whole which includes knowledge, belief, art, morals, law, custom and any other capabilities ans habits arquired by man as member of society.) भनी परिभाषित गर्नुभएको छ ।

विश्वसाहित्यका महान् हस्ती, रुसी लेखक मेक्सीम गोर्कीले पनि संस्कृतिको सम्बन्धमा आफ्नो विचार अभिव्यक्त गर्नुभएको छ। उहाँको विचार अनुसार- "संस्कृति भनेको मानवीकृत (मानवद्वारा निर्मित) दोस्रो प्रकृति हो।" प्रकृति भनेको मानिसले निर्माण नगरी सामान्यतया आफसेआफ बनेका वस्तुहरु भन्ने बुझिन्छ। जस्तै :- हावापानी, ढुंगा, माटो, वनजंगल, खानी, पहाड, पर्वत, खोलानाला ...... आदि। एकछिन् सोचौँ त ! हाम्रो परिपरिको प्रकृति कति विशाल छ। गोर्कीको परिभाषाबाट के बुझ्न सकिन्छ भने संस्कृति पनि प्रकृति जत्तिकै विशाल छ, अनि आफैँमा महान् छ। एकाध विद्वानहरुले भनेजस्तो परम्परा रीतिरिवाज, चालचलन ..... आदि मात्र होइन संस्कृति। अनि संस्कृति मानव निर्मित हुन्छ। मानवद्वारा निर्मित हुने भएपछि त्यसमा श्रम परेको हुन्छ। श्रम परेको भएपछि त्यसमा मानिसको बुद्धिविवेक पनि परेको हुन्छ। अनि संस्कृतिको अस्तित्व समाजमा हुन्छ। मानिसको सीप एवं श्रम परेको विषय संस्कृति भएको र त्यो भौतिक चीज पनि हुनसक्छ र मानसिक अस्तित्वको विषय पनि हुनसक्छ। जस्तै :- जंगलमा छँदा बाँस प्राकृतिक वस्तुकोरुपमा हुन्छ, त्यसलाई मान्छेले श्रम लगाई काटेर ल्याउँछ, अनि बाँसलाई विभिन्न बुद्धि लगाएर चोया काट्छ, त्यसबाट आफ्नो आवश्यकता र इच्छानुसार डोको, डालो, नाङ्लो, पेरुङ्गो, ढाकी, घुम्, पेचा, माँन्द्रो लगायतका सामानहरु बनाउँछ। जंगलमा छउन्जेल रुख प्राकृतिक वस्तु मानिन्छ तर जब मान्छेले पसिना (श्रम) लगाएर त्यसबाट हलो, दाँते, हरिस, अनौं ..... आदि बनाउँछ भने त्यो पनि एउटा संस्कृतिकै अंगभित्र पर्दछ। खानी प्राकृतिक वस्तु मानिन्छ तर जब मान्छेले श्रम र दिमाग लगाएर त्यसमा रहेका विभिन्न धातुहरुको कणलाई जम्मा गरी भट्टीमा हालेर पगाल्छ, अनि त्यसबाट प्राप्त धातुबाट आफ्नो इच्छाअनुसार कुटो, कोदालो, गहना, कलकारखानाका पार्टपूर्जाहरु आदि बनाउँछ।





यी माथि उल्लिखित सामान्य उदाहरणहरुबाट प्रष्टयाउँन खोजिएको वास्तविक मुख्यकुरा के हो भने वास्तवमा सामान्य घुम, डोका, गहना आदिदेखि मानिसले निर्माण गरेको विज्ञान, दर्शन, धर्म, रीतिरिवाज, उद्योग-व्यापार (आर्थिक नियम) लगायत मानिसद्वारा समाजमा स्थापित सम्पूर्ण मूल्यमान्यताहरु आदिको समुच्चय रुप नै संस्कृति हो। ठण्डा दिमागले एकछिन् विचार गरौँ त, विज्ञान कति गहन् छ ! धर्मले कति धेरै मानिसहरुलाई आफ्नो पक्षमा तानेको छ ! विभिन्न राजनीतिक दर्शनहरुले कति धेरै मानिसहरुलाई प्रभाव पारेको छ ! मानिसद्वारा निर्मित भए पनि त्यो प्रकृति जतिकै विशाल छ। यसर्थ संस्कृति एक जटिलतम् प्रकृया हो।

## संस्कृति र राजनीतिबीच अन्तर्सम्बन्ध :-

संस्कृतिको विषयमा सामान्य जानकारी हासिल गरिसकेपछि अब हामी संस्कृति र राजनीतिबीच के-कस्तो अन्तर्सम्बन्ध छ भन्ने विषयमा सामान्य चर्चा गरौं। "राजा वा राज्यको नीति, देशको व्यवस्था र अन्य राष्टप्रतिको कुटनीतिक आदि सम्बन्ध ठीक राख्ने राज्य वा सरकारको नीति वा व्यवहारगत व्यवस्था "[१] लाई राजनीति भनिन्छ। 'राजनीति' भन्ने शब्द सामान्य जस्तो लागे पनि यसको महत्व अत्यन्त ठूलो छ।

समाज परिवर्तन गर्ने आधारभूत माध्यम राजनीति हो। राजनीतिले नै कुनै पनि देशको अर्थतन्त्र, संस्कृति आदिको निर्धारण गर्दछ। समाज परिवर्तनको नेतृत्व राजनीतिले नै गर्दछ। त्यसथै राजनीति सबै क्षेत्रको निर्देशक हो, जसले हरदम सबैलाई निर्देशन गरिरहन्छ।

*१. नेपाली शब्दसागर - वसन्तकुमार शर्म्मा नेपाल*

अहिलेको अवस्थामा विचारणीय कुरा के छ भने राजनीति मात्रै प्रधान कुरा हो, राजनीतिक क्रान्ति सफल भएर सोही बमोजिम शासन व्यवस्था, अर्थ व्यवस्था आदिको सफल कार्यान्वयन भएपछि मात्र समाज एवं संस्कृति रुपान्तरण गर्न सकिन्छ भन्ने यान्त्रिक सोच हामीमा विद्यमान छ ।

वास्तविक कुरा के हो भने समाज एवं व्यवस्थालाई परिवर्तन गर्ने प्रमुख माध्यम राजनीति नै हो र राजनीतिलाई सफल वैचारिक खुराक दिएर स्थायित्व दिने काम संस्कृतिले गर्दछ । तसर्थ राजनीतिक परिवर्तनको साथसाथै सांस्कृतिक परिवर्तनलाई पनि लान सकिएन भने राजनीतिक परिवर्तनको स्थायित्व संकटमा पर्दछ । राजनीतिको लक्ष्य सत्ता प्राप्त गर्नु पनि हो, अनि प्राप्त सत्तालाई जोगाइराख्न आधारहरुको निर्माण गर्ने प्रमुख माध्यम संस्कृति पनि हो । यदि आधार (जग) बलियो भयो भने मात्र घर बलियो हुन्छ, आधार नै कमजोर फितलो छ भने घर बलियो हुन सक्दैन । अन्ततोगत्वा त्यो घर एकछिन खण्डहरमा परिणत हुनुपुग्छ । राजनीतिक उचाइले पुरानो व्यवस्थालाई धरासायी पारी सत्ता परिवर्तन भएका पूर्व सोभियत संघलगायका देशहरुमा अपेक्षित सांस्कृतिक क्रान्तिलाई निरन्तरता दिन नसक्दा प्राप्त सत्ता गुमेर फेरि पुरानै शक्तिको हातमा पुगेका उदाहरणहरु हामीले देखिरहेका छौँ ।

राजनीतिकै माध्यमबाट देशमा विद्यमान सत्तालाई विस्थापित गरी जनताको चाहना बमोजिमको शासन व्यवस्था कायम गर्नुको अतिरिक्त पुरानो सामन्ती संस्कृतिलाई विस्थापित गरी युगसुहाँउदो जनपक्षीय संस्कृतिको निर्माण गर्न सकिने भएको र राजनीतिक व्यवस्थालाई वैचारिक माध्यमबाट दिगो, स्थायित्व एवं निरन्तरता दिन संस्कृतिको अहं भूमिका हुने र दुवैलाई एकअर्काबाट अलग गर्दा दुवैको स्थायित्व कमजोर हुने भएको





हुँदा राजनीति र संस्कृतिबीच नङ्ग र मासुको जस्तो प्रगाढ सम्बन्ध रहन्छ । उदाहरणका लागि, अहिले हाम्रो समाजमा राजनीतिप्रति किन यतिधेरै वितृष्णा फैलिरहेको छ ? किन मानिसहरुले राजनीतिलाई “फोहोरी खेल” को संज्ञा दिएर घृणा गरिरहेका छन् ?

हाम्रो समाजमा राजनीतिक परिवर्तनहरु त भए, व्यवस्था पनि बदलियो तर राजनीतिको रथलाई हाक्ने सारथीहरुले विद्यमान सामन्ती संस्कृति, संस्कारलाई बदल्ने हिम्मत नगरेको हुँदा समाज पुरानै ढाँचामा चल्न थाल्यो । कुरा भने एक्काइसौं शताब्दीको गर्ने, तर काम अनि आचरण, व्यवहार भने जयस्थिति मल्लको पालालाई पछ्याइरहने ! अनि कसरी व्यवहारमा तालमेल हुन्छ र जनताले अपेक्षा गरेको युगानुकूल भावनाको प्रतिनिधित्व हुन सक्छ ?

राजनीति र संस्कृतिलाई एउटा रथको दुई पाङ्ग्राको रुपमा तुलना गर्न सकिन्छ । रथको दुवै पाङ्ग्रा बराबर रुपमा चलायमान भएमात्र रथ राम्ररी गुड्न सक्छ । अन्यथा, एउटामात्र पाङ्ग्राले रथको गति अवरुद्ध हुन्छ । राजनीति र संस्कृति दुवैलाई बराबर सक्रिय पारेर मात्र समाजरुपी रथलाई राम्रोसँग हाँक्न सकिन्छ ।

## सामन्तीसंस्कृति :

"राज्यबाट बिर्ता वा बकसकारुपमा जमीन प्राप्त गरी सर्वसाधारणलाई खेती गराई सम्पत्ति आर्जन गर्ने व्यक्ति, जमिन्दार, मुखिया, शोषक, मध्ययुगमा ठूला राजाका अधिनमा रहेका रजौटा, भारदार, गरीबहरुलाई सताउने ठूलाठालु ......"[२] आदिलाई सामन्त भनेर चिनिन्छ । त्यस्ता सामान्तहरुको माध्यमबाट चलाइने शासनको सिद्धान्त वा त्यस्तो व्यवस्था सामन्तीतन्त्रलाई सामन्तवाद भनिन्छ । "सामन्तवादको विकासको प्रारम्भिककाल सबैतिर मध्ययुगको नामले प्रसिद्ध भएको पाइन्छ । यूरोपमा यो युग लगभग पाँचौं शताब्दीमा सुरु भएको थियो भने एसिया महादेशको चीनमा तेस्रो शताब्दीमा र भारतमा तेस्रो र चौथो शताब्दीमा र अरबमा चाँहि छैठौं शताब्दीमा मात्र आरम्भ भएको थियो भन्ने इतिहासकारहरुको मोटामोटी भनाइरहेको पाइन्छ ।"[३] सामन्तवादको उदय पश्चात यसलाई टिकाई राख्न सोही अनुकूल हुनेगरी विभिन्न संस्कृतिको निर्माण गरियो । यसरी उपयुक्त सामन्तसँग सम्बन्धित, सामन्तवादमा आधारित रहेर निर्माण एवं विकास गरी प्रयोगमा ल्याइएको संस्कृतिलाई सामन्तीसंस्कृति भनिन्छ । अझ सरलरुपमा भन्नुपर्दा "सामन्तीसंस्कृति भनेको सामन्त वर्गको स्वार्थ र हितलाई संरक्षण गर्न निर्माण भएको संस्कृति हो । यसको अर्थ त्यतिखेरका श्रमजीवी जनता मूलतः किसान समुदायको विरुद्ध लक्षित, उनीहरुलाई शोषणको माखेसाङ्गलोमा पार्ने र सामन्तहरुको प्रभुत्व र शोषणलाई कायम राख्ने उद्देश्यले निर्माण गरिएको संस्कृति हो .....।"[४]

---

२. *चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*
३. *चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*
४. *चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*





**आदरणीय पाठक महोदय,**

सामन्तीसंस्कृतिका सन्दर्भमा हाम्रा गाउँघरमा हामी वरिपरि रहेको सामाजिक अवस्था, व्यवहारलाई एक मिनेट ठण्डा दिमाग बनाएर सोचौं त !! हाम्रो अवस्था कस्तो छ ? मानौं, कुनै घरमा तेजबहादुर र सीता (पति-पत्नी) एवं साना-साना छोराछोरीहरुको सानो परिवार छ । एकछिन पल्लोगाउँबाट जेठा बा आउनुभयो । जेठाबालाई घरमा आफ्नो गच्छे अनुसार स्वागतसत्कार गरिन्छ । जेठा बा सिकुवामा बस्छन् । घरका मुली भनिएका तेजबहादुर जेठा बासँग गफ गर्न थाल्छन् :-

"आज कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले विराटनगरमा यस्तो भाषण गरे कि ...... । अस्ति प्रचण्ड र बाबुरामले पश्चिममा भाषण गर्दा लाखौं मानिसहरु जोसिएछन् ...... ॥ अँ साच्चि ! हिजो राती पल्लाघरमा टि.भी. हेर्न गएको ...... मेरी बास्सैमा धुर्मुस, सुन्तली अनि माङ्गने बुढाले यस्तो हँसाए कि, मेरो त हाँस्दाहाँस्दा भुडी नै बाँउडियो ..... हा ! हा ! हा ! हा !! ......"

उता अर्कोतिरको दृष्य हेरौं ।

सीताको पिठ्यूमा सानो बच्चा रोइरहेको छ । उनी लै ! लै ! बाबा ..... !भन्दै हिड्दै जीउ हल्लाउदै बच्चालाई फकाउँदैछिन् । त्यति बेला नै नजिकै गोठमा रहेको गाई ड्वाँड्वाँ गरी कराउँछ । पिठ्यूमा बच्चा हल्लाउँदै गाईगोरुलाई घाँस हाल्छिन् । नजिकै टाट्नामा रहेको बाखो म्याँम्याँ ..... गरी कराउँछ । बाखालाई घाँस हाल्छिन् । त्यतिबेला बच्चाले दिशा गर्छ । बच्चालाई धोईपखाली सफा गर्छिन् । भित्र अगेनामा चिया उम्लेर पोखिइरहेको छ । उनको खुट्टा फुटेर चरचरी भएको छ, डडाल्नो

कट्कटी दुखिरहेको छ, तर उनलाई सहयोग गर्ने कोही छैन। घरको काम गर्दागर्दै बस्ने फुर्सदै छैन। त्यति नै बेला बाहिर गफमा व्यस्त रहेको पति भनाउँदो कराउँछ :- "ए ई ! भुण्टेकी आमा ! चिया पाकेन ..... ? छिटो ले न ! घरमा आएको पाहुनालाई एक बटुका चिया दिन पनि कति साह्रो ढिलो गरेको ?" सीता हतारहतार जुठेल्नामा रहेको बटुका पखाल्छिन्। अनि दुवैजना गफाडीहरुलाई चिया टक्र्याएर नानीलाई पिठ्यूँमा हल्लाउँदै बारीमा कोदालो खन्न थाल्छिन्। पति देशविदेशका गफमा मस्त !! पत्नी भने कामैकाममा व्यस्त !!

**पाठकवृन्द !!**

यसो हेर्दा यो एउटा सामान्य दृष्य लाग्छ। तर, त्यसभित्रको भाव बुझ्दा, त्यस दृष्यको पार्स्वभागमा रहेको अर्को लुकेको दृष्यलाई मनन् गर्दा वास्तवमा हाम्रो सामाजिक अवस्था कति भेदभावयुक्त छ भन्ने कुरा प्रष्ट्याउँछ। हामीले सामन्तीसंस्कृतिलाई खोज्न समुद्रपारिको मुलुकहरुमा जानैपर्दैन। अनि हाम्रै देशको पनि सधैं हामीले धारेहात पारेर रातदिन सरापेका हिजोका राजा ज्ञानेन्द्र शाहको दरवारमा जानै पर्दैन !! सामन्ती संस्कृति त हामी प्रत्येक व्यक्तिको घरघरमा, मनमस्तिष्कमा, शरीरका प्रत्येक नसा-नसामा अनि रगतका रेसारेसामा अत्यन्त गहिरो गरी युगौदेखि जकडिएर बगिरहेको छ !!! त्यो धनी र गरीब, दलित र गैरदलित, महिला र पुरुष आदिको बहानामा हामी भित्रै बाचिरहेको छ !! निरक्षर व्यक्तिहरुको त कुरै छोडौं ! आफूलाई प्रकाण्ड विद्वान, धुरन्धर विद्वान, समाज परिवर्तन गर्छु भन्ने राजनीतिक नेता, कवि, कलाकार, लेखक, पत्रकार, समाजमा उज्यालो छर्ने शिक्षाको ज्योति मानिएका शिक्षक, बुद्धिजीवी आदि कसैलाई पनि सामन्तीसंस्कृतिले बाँकी राखेको छैन। सबैलाई आफ्नो शिकार बनाएको छ।





## सामन्तीसंस्कृतिका विशेषताहरु :

समाज विकासको क्रममा मध्ययुग अर्थात सामन्ती युगमा सुरु एवं विकसित भई पराकाष्ठा नाघ्नपुगेको, समाज विकासको बाधक, एउटालाई रैती र अर्कोलाई भगवान बनाएर पूजा गर्ने, एउटालाई रातदिन काममा जोताएर उसैको रगत र पसिनामा होली खेल्ने, माथि बसी अधिकार आफ्नो मुट्ठीमा लिएर अरुलाई आफ्नो स्वार्थानुकूल शासन गर्ने, सत्य तथ्य एवं वास्तविकताको आँखामा पट्टी बाँध्न लगाएर अन्धविश्वास, रुढी, सडेगलेका विचारलाई बढावा दिने, जनहितको विरोधी सामन्ती संस्कृतिको विषयमा चर्चा गरिसकेपछि अब हामी यसका विशेषताहरु (सामन्तीसंस्कृतिलाई चिन्ने गुण) को विषयमा चर्चा गरौं :-

### ■ अधिकारको हिसाबमा समाजको तहगत विभाजन :-

सामन्तीसंस्कृतिको एउटा विशेषता समाजलाई तहगत रुपमा विभाजन गर्नु हो। सामन्ती समाजमा राज्यको अधिकार सबैभन्दा माथि रहेका सामन्ती नाइकेहरुको हातमा हुन्छ। उनीहरुले सम्पूर्ण अधिकार आफ्नो मुट्ठीमा लिएर अरुलाई आफू खुशी शासन गर्छन्। सामन्ती नाइके (राजा, महाराजा) पश्चात उनीहरुका परिवार, भाइभारदार, सैन्यशक्ति, पादरी पुरोहित, स्थानीय क्षेत्रका सामन्ती नाइके, अझ तल काम गरिखाने श्रमजीवि वर्ग र सबैभन्दा तल दलित महिलाहरु पारिएका छन्। हाम्रो समाजका प्राय: अधिकांश महिलाहरु सम्पत्तिको अधिकार (भूमिको स्वामित्व) बाट बञ्चित भई सधैं पुरुषहरुको मुख ताक्नुपर्ने स्थितिबाट गुज्रिरहेका छन्। सामन्तीसंस्कृतिले समाजको संरचनालाई यसरी सोपानक्रम (भऱ्याङ्गको रुपमा) मा विभाजन गरी शक्ति पृथकीकरण गरेको छ।


## अधिकारको हिसाबमा समाजलाई तहगत विभाजन किन ?

समाजमा माथि उल्लेख भएजस्तो तहगत विभाजन नहुने हो भने कसैले कसैलाई थिचोमिचो गर्ने, हेप्ने, दबाउने, कोही भगवान् ईश्वर विष्णु भएर दरवारमा सजिने अनि कोही पाइतालाको धूलो भएरु सधैं जोतिनुपर्ने स्थिति नै आउँदैन । अनि जसले काम गर्दैन, उसले खान पनि पाउँदैन । जसले पसिना बगाउँछ उसले मात्र माम पाउँछ । जो कमजोर, अल्छी र ठगाहाहरु छन्, उनीहरु भोकै मनुपर्ने हुन्छ । त्यसर्थ समाजलाई यसरी सोपानक्रममा विभाजन गरेपछि अरुलाई काममा जोताएर, कज्याएर, अधिकार हातमा लिएका कामचोरहरु, ठगाहा, मिचाहा, पेलाहाहरु हाइसुख्ख राजगर्न पाउँछन् । अर्कोतिर दिनरात रगत र पसिना बगाउँनेहरु भोकै नाङ्गै जिउन बाध्य हुनुपर्दछ । परिणामस्वरुप मुट्ठीभर शोषक सामन्तहरुको राज्य टिकाउन सहयोग पुग्छ ।





## अधिकारमा आधारित नेपाली समाजको संरचना :




चित्र नं. १

माथिको रेखाचित्रलाई राम्ररी अध्ययन गरौँ त ! माथि ठूलो र तल सानो भएको वस्तुलाई माथिको भारले थिच्छ । यहाँ पनि माथि रहनेले हातमा अधिकार लिएर तलकालाई थिचिरहेको स्थिति छ ।

समाजको विकास हुन त्यसको आधार अर्थात् जग बलियो हुन जरुरी छ । यदि घर बनाउँदा पनि जग बलियो भएन भने त्यो घर मजबुत हुँदैन । हाम्रो समाज किन अरुको तुलनामा अघि बढ्न सकेन ? किनकि हाम्रो समाजको संरचनाको आधारलाई कमजोर बनाइएको छ । जग अर्थात आधार नै अधिकारविहिन, कमजोर पारिएपछि कसरी होस् समाजको उन्नति !! कसरी होस् समाजको प्रगति ?? समाजको उन्नति एवं प्रगति नभएपछि माथिका अधिकारवाला शोषकहरुलाई केको चिन्ता भयो र ! कामचोरहरु सधैंसधैं मालिक हुँदैं जाने, श्रमजीवी र दुईपाखुरीसिवाय अरु केही नहुने कामकाजीहरु सधैंसधैं सर्वहारा !! यो सामन्तीसंस्कृतिकै द्योतक हो ।

## ■ लिङ्गभेद :-

सामन्तीसंस्कृतिको अर्को विशेषता लिङ्गभेद अर्थात् महिला र पुरुषवीचको विभेद हो । हाम्रो समाजमा महिला एवं पुरुषका बीचमा भयङ्कर खाडल रहेको छ । समाजमा भन्न त महिला र पुरुष एकै रथका दुई पाङग्रा हुन् भनिन्छ, अनि एकहातले ताली बज्दैन पनि भनिन्छ तर समाजमा व्यवहार भने त्यसको विपरीत आकाश र धर्ती जत्तिकै फरक गर्ने गरिएको छ ।

हिन्दूधर्मको प्रमुख ग्रन्थ मनुस्मृतिअनुसार "जुन ठाउँमा नारीको पूजा वा आदर हुन्छ, देवताहरु त्यही नै रमाउँछन् र जहाँ स्त्रीको अपमान हुन्छ,





त्यहाँ गरिएका सम्पूर्ण यज्ञादि कर्महरु निष्फल हुन्छन् ।"
(यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः ।
यत्रैतास्तु न पूज्यन्ते सार्वस्तत्राफलाः क्रियाः ॥)
-मनुस्मृति ३/५६

**यसैगरी,**
"जुन परिवारमा कुलका छोरीबुहारीले दुःख पाएका हुन्छन्, त्यस कुलको चाँडै नै नास हुन्छ । जुन ठाउँमा यिनले अलिकति पनि दुःख पाउँनुपर्दैन, त्यस कुलको सधैँ फलिफाप र उन्नति हुन्छ ।"
(शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम् ।
न शोचन्ति तु यत्रैया वर्धते तद्धि सर्वदा ॥)
-मनुस्मृति ३/५७

तर हाम्रो सामाजिक व्यवहार अनुभूत गरौं त ! कस्तो छ !

पुनः मनुस्मृतिका केही हरफहरु हेरौं ।
नारीको "बालकककालमा पिताले, युवाअवस्थामा पतिले र बुढ्यौलीमा छोराले रक्षा गर्छन्, किनभने स्त्रीहरु स्वतन्त्रतायोग्य हुँदैनन् ।"
(पिता रक्षति कौमारे भर्ता रक्षति यौवने ।
रक्षन्ति स्थविरे पुत्रा न स्त्री स्वातन्त्र्यर्महति ॥)
-मनुस्मृति ९/३

**यसैगरी,**
"जुवा आदि खेलेर या मदिरा आदि पिएर मात्तिएकी, औषधी गर्दा निको नहुने गरी रोगाएकी, पतिको अनादर गर्नेभए उसलाई दिएका गहनापात फिर्ता लिएर तीन महिनामा नै पतिले छोड्नुपर्छ ।"

(अतिक्रामेत्प्रमत्तं या मत्तम रोगार्तमेव वा ।
सा त्रीन्मासान्परित्याज्या विभूषण परिच्छदा ॥)

-मनुस्मृति ९/७८

"जुनदेशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ, त्यसदेशका जनताको अवस्था ढुङ्गा वा पत्थरले बनेको डुङ्गामा चढेर गहिरो समुद्रको यात्रागर्ने यात्रीहरुसरह हुन्छ, जो सधैं विपत्तिरुपी समुद्रमा डुब्छ ।"

(यत्र स्त्री यत्र कितबो बालो यत्रानुशासिता ।
मज्जन्ति ते S वशा राजन् नद्याभश्मप्लवा इव ।)

-विदुर नीति ६/४३

**यसैगरी,**

"नारीहरुको चरित्र ऐनामा देखिने छायाँ झैं छुन र भेग पाउन नसकिने हुन्छ । आशय (भित्री भावना) पनि नदेखिने पहाडी बाटोजस्तै (जानीनसक्नु) पहिल्याउन कठिन पर्दछ । कमलको पातमा रहेको पानीको थोपो झैं नारीहरुको चित्त (स्वभाव) पनि चञ्चल हुन्छ । विषको विरुवासँगै हुर्किएर झागिंएको लहरासमान नारीहरु पनि अनेकौं दोषसहित बढेका, हुर्किएका हुन्छन् ।"

(अग्राह्यं हृदयं यथैव वदनं यद्धर्पणार्न्गात
भावः पर्वतसूक्ष्ममार्गविषयमः स्त्रीणां न विज्ञायते ।
चित्तं पुषकरपत्रतोयतरलं विद्धदभिराशंसितं
नारी नाम विषांकुरैरिव लता दोषैः सम वर्धिता ॥)

-भर्तुहरि नीतिशतक (परिशिष्ट)-२





**यसैगरी,**

"हास्नूछैन कदापि नारीहरुले
वेश्या हुन्या हाँस्तछन् ......."

-भानुभक्त आचार्य (बधूशिक्षा)

**आदरणीय पाठकवृन्द !**

माथि उल्लिखित यी साना उदाहरणहरु मात्रले पनि हाम्रो सामाजिक जीवनमा महिलाहलाई हेरिने दृष्टिकोण कस्तो छ ! भनेर सहजै अनुमान गर्न सकिन्न र ? एकातिर महिलाको पूजा गर्ने, सम्मान गर्ने कुरा ! तर व्यवहारमा भने बालक, युवा, बृद्धा हुँदासम्म पनि स्वतन्त्र हुन नपाइने ! सिद्धान्तमा महिला र पुरुष एउटै रथका दुई पाङग्रा भन्ने तर व्यवहारमा भने त्यसको ठीक विपरीत हाँस्नसम्म पनि नपाइने ! खुशी व्यक्त गर्न पनि नपाइने । आर्थिक, सामाजिक हैसियत प्राप्त गर्न नपाइने ! हाम्रो समाजले संसारकै अब्बल दर्जाको भनी व्याख्या गर्ने गरेको संस्कृतिले त्यही समाजका आधरस्तम्भको रुपमा रहेका महिलाहरुलाई एकहातले चकलेट दिएर अर्कोहातले छडी उज्याएन ?

## आखिर लिङ्गभेदको प्रपञ्च किन ?

पुरुषप्रधान समाजमा महिला एवं पुरुषबीच भेदभाव नगरे पुरुषहरुले कथित भगवान बनेर महिलाहरुलाई दबाउने गुन्जायस नै रहदैंन । महिलाहरुलाई सजिलै आफ्नो स्वार्थानुकूल हेप्न, दबाउँन नपाए कथितः ईश्वर, शीरका स्वामी बनेर महिलाहरुलाई शासन गर्ने पाइन्न । महिला र पुरुषबीच भयङ्कर खाडल सिर्जना नगरेमा पुरुषहरुले पनि महिलासमान काम गर्नुपर्दछ । पत्नीको लुगाकपडाहरु धुनदेखि बच्चाको आचीसम्म सफा गर्नु पर्दछ । अनि त्यस्तो काम गर्ने मान्छे कसरी भगवान, मालिक बन्न सक्छ र !!!

भन्नुको तात्पर्य के हो भने, महिला र पुरुषबीच यस्तो विकराल खाडलको सिर्जना गरिदिए महिलाहरु सधैं तल चुल्होचौकोमा मात्र सीमित रही माथितिर उठ्नै सक्दैनन् । पुरुषसरहको दर्जामा पुग्न नसकेपछि पुरुषहरुले सधैंभरि मालिक बनेर महिलालाई दास वा नोकरसरहको व्यवहार गरी पुरुषप्रधान समाजको अस्तित्व बचाइराख्न सजिलो हुन्छ । सम्पत्तिको अधिकारबाट बञ्चित पारेपछि महिलाहरु पुरुषप्रति परनिर्भर हुन बाध्य हुनेछन् र उनीहरुलाई दबाउन सजिलो हुन्छ ।

## ■ वर्णको आधारमा भेदभाव :-

सामन्तीसंस्कृतिको अर्को विशेषता वर्णको आधारमा भेदभाव हो अर्थात् समाजलाई ब्राम्हण, क्षेत्रीय, वैश्य अनि शूद्रको रुपमा विभाजन गर्नु हो । समाजलाई चार वर्णमा विभाजन गरी आ-आफ्नो वर्णानुसारको काम तोकी, पछि त्यसलाई आ-आफ्नो वर्णलाई तोकिएको पेशा परिवर्तन गर्न नपाइने कडा नियम बनाएर वर्णव्यवस्थालाई पराकाष्ठामा पुऱ्याइयो र अन्ततः जातपात र छुवाछूतजस्तो कलंकको सिर्जना भयो ।

ब्राम्हण भनिएका वर्णलाई पढ्ने, लेख्ने, ज्ञानविज्ञानको क्षेत्र, क्षेत्रीय भनिएकालाई राजकाज, सैन्य, सुरक्षा क्षेत्र, वैश्य भनिएकालाई पशुपालन खेतीपातीको क्षेत्र र कथित शूद्र भनिएकालाई कठिन श्रम, अप्ठ्यारा एवं जोखिमपूर्ण कामहरु तोकियो । उपनिषद/स्मृतिकालमा आएर जटिल बनाई जातपात र छुवाछूतमा परिणत गराइएको माथि उल्लिखित वर्णव्यवस्थाको आधारमा हुर्केको नेपाली समाज आज एक्काइसौं शताब्दीमा पनि जस्ताको तस्तै व्यावहारिक रुपमा चलिरहेको छ । जसको परिणामस्वरुप समाजको एउटा उन्नत एवं परिश्रमी वर्ग मानवीय मूल्य मान्यताबाट विमुख पारिएर पशुभन्दा तल्लो स्तरको जविन जिउन बाध्य पारिएको छ । समाज क्यान्सर एवं उड्सभन्दा पनि खतरनाक





जातपात र छुवाछूत रुपी रोगले आक्रान्त भएको छ ।
(यस शीर्षकसम्बन्धी थप जानकारीको लागि हेर्नुहोस्- “नेपालमा जातपात र छुवाछूत”- लेखक नारायणप्रसाद चँदारा)

## वर्णको आधारमा भेदभाव किन सिर्जना गरियो ?

समाजमा वर्णहरुबीच भेदभाव नहुँदा सबैभन्दा तल्लो भनिएको कथित ‘शूद्र’ भनिएको वर्णले गर्नुपर्ने भनी तोकिएको कामहरु सबैभन्दा उच्च, श्रेष्ठ भनिएका कथित् ब्राम्हणले पनि गर्नुपर्ने हुन्छ । सहरको फोहोर, मैला सोहोर्नेदेखि लिएर मरेको सिनो फाल्ने अनि आरनमा गोलको कालो अँगारसँग लुकामारी खेल्दै सियो, धागो, बाँको चलाउँनेसम्मको काम ब्राम्हण, क्षेत्रीय भनिएका वर्णले गर्नुपर्ने हुन्छ । अनि अर्कोतर्फ ब्राम्हण, क्षेत्रीय भनिएका वर्णको लागि तोकिएका कामहरु ज्ञानविज्ञान, पढ्नेलेख्ने, राजकाज, सैन्यआदि पेशामा कथित शूद्र भनिएका व्यक्तिहरु सम्मिलित हुँदा स्थिति के होला ?

हिन्दूधर्मको आधारमा टिकेको सामन्तीसंस्कृतिअनुसार ब्राम्हण, क्षेत्रीयलाई मालिक एवं शुद्रलाई दासको रुपमा हेरिन्छ । अनि दास, कमारोसरहको दर्जाको मानिसले मालिकको पेशासरहको काम गर्दा उनीहरुको स्थिति के होला ? सहजै अनुमान गर्न सकिन्छ । अझ सरल रुपमा भन्नुपर्दा ब्राम्हण, क्षेत्रीय, वैश्य र शूद्रमा समाजलाई विभक्त गरी सोहीबमोजिम भेदभावलाई चरम् बनाइयो भने तल्लो भनिएका वर्णका मानिसहरुलाई सधैंभरि कमारो, दास, नोकर बनाइराख्न पाइन्छ र आफू भगवान्, मालिक बनेर हुकुममार्फत उनीहरुलाई आफ्नो स्वार्थानुकूल काममा कजाई राख्न सकिन्छ । जातीय भेदभावको माखेसाङ्गलोमा पारी उनीहरुभित्रै

छुवाछूतको पर्खाल खडा गरी आन्तरिकरुपमा कमजोर पारेपछि उनीहरु कहिल्यै एकजुट हुन सक्दैनन् । तल्लो भनिएका कथित् शूद्र वर्णलाई आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक एवं भूमिसम्बन्धी अधिकारबाट बञ्चित पारेपछि उनीहरु परनिर्भर भई आफ्नो प्राण धान्न मात्र विवस हुन्छन् । जसबाट उनीहरुलाई रातदिन पसिना बगाउनमै व्यस्त भई अरुतिर सोच्ने फुर्सदै हुन्न । जसको परिणामस्वरुप चेतना आउँदैन, चेतना नभएपछि संगठित हुन सक्दैनन्, संगठित हुन नसके पछि शत्रुका विरुद्ध आवाज उठाउन सक्दैनन् । अनि उनीहरुको जीवन सधैभरि गरीब, दास, नोकरको रुपमा परिणत हुन्छ । अनि कथित् ब्राम्हण, विष्णुको अवतार मानिनेहरुलाई केको चिन्ता !! युगयुगसम्म मान्छेको रगत र पसिनामा होली खेल्न !! धन्य सामन्तवाद !! धन्य सामन्ती संस्कृति !!

## ■ श्रमप्रति घृणा :-

हाम्रो समाजलाई राम्ररी मनन् गरौं त ! यहाँ श्रम (काम) लाई कस्तो दृष्टिकोणले हेरिन्छ ? एकजना आतेपाते गर्ने पुरोहित पाती पढ्दै कसैको घरमा आए भने उनलाई टाउको माथि एकबित्ता हात उचालेर 'नमस्कार' गरिन्छ तर ती पुरोहितको ठाउँमा चर्पी सफा गर्ने सफाइ मजदूर आए भने हाम्रो समाजले ती पुरोहित बाजेलाई जस्तै दिलखोलेर नमस्कार गर्छ ? नमस्कार त कहाँ हो कहाँ ! छिछि र दूरदूर गर्दै पीरा पनि दिइदैंन । उल्टै बिहानै भेटभयो भने "साइत परेन" भनेर सरापिन्छ ।

जो दिनभरि रगत र पसिना बगाएर काम गर्छ, जसको आफ्नो जीउ ढाक्ने कपडा छैन, जो आफ्नो स्वास्थ्यको पर्वाह नगरी सिङ्गो समाजको लागि मूल्यवान काम गर्छ, आफू जलेर पनि अरुलाई उज्यालो दिन्छ, जो





आरनको धूलोमा ढडेर हातमा ठेला उठाउँछ, जो सियो, धागो ,बाँको चलाएर अरुको जुत्तामा पोलिस गर्छ, जो दिनभर कलकारखानामा घण्टीको भरमा मेशिनजस्तै अविरल घोटिइरहछ, जो सभ्य एवं सुसंस्कृत भनाउँदो सहरको गल्लीगल्ली र छिंडीछिंडी चाहारेर कुचो समाउदैं फोहोर, दिसापिसाब सफा गर्छ ........... ती आदरणीय व्यक्तित्वहरुलाई यो पाखण्डी समाजले कति घृणा गर्छ !! कति खिसीट्यूरी र शोषण गर्छ !कति अपहेलना र नीचताको व्यवहार गर्दछ !!

अर्कोतर्फको दृष्य हेरौं त ! जो कामचोर छ, जो भातमारा छ, जो गफाडी छ, जो ठगाहा छ, जो मिचाहा छ, जो समाजको हितको लागि एकथोपो पसिना पनि तुरुक्क चुहाउँदैन, जसलाई बहुजनहिताय-बहुजन सुखायप्रति पटक्कै चासो छैन, जसले समाजको चेतनाको बाटोमा पर्खाल लगाएर युगलाई पछाडितिर धकेल्न प्रयत्न गरिरहन्छ, जो जनताको आँखामा पट्टी बाधेर अन्धविश्वास र कुरुपतालाई धर्म एवं संस्कारको पर्दाले ढाक्न मरिमेट्छ ........... त्यस्ता कामचोर, भातमाराहरुलाई यो जड समाजले कतिधेरै सम्मान् एवं आदर जाहेर गर्छ !! प्रिय पाठक ! एकछिन् ठण्डा दिमागले सोचौं त !!

हामो समाजमा जो काम गर्छ, उसलाई घृणा गरिन्छ, जो काम ठग्छ, उसलाई पूजा गरिन्छ । जो काम गर्छ, उसलाई सानो भनेर हेलाहोचो गरिन्छ, जो काम गर्दैन, उसलाई मालिक, मुखिया, साहुजी, आदि भनेर आदर गरिन्छ । विदेशमा गएर ट्वाइलेट सफा गर्ने काम गर्दा लाज लाग्दैन तर स्वदेशमा पाँच के.जी.को भारी बोक्न नोकर चाहिन्छ ! काम गर्ने मान्छे राक्षस गनिन्छ, काम चोर जति सबै भगवान मानिन्छन् ।

## श्रमप्रति यतिसाह्रो घृणा किन ?

सबैले श्रम (काम) लाई माया गर्ने हो भने सबैले काम गर्नुपर्छ। "जसले काम गर्छ, उसले मात्र माम पाउँछ" भन्ने नीति कडाइका साथ लागू गर्ने हो भने यहाँका कामचोर, ठगाहा र भातमाराहरुले जुत्ताको तलुवा चाट्नु पर्छ। उनीहरु श्रेष्ठ, उच्च, मालिक बनेर राडीमा बस्नुको साटो कूचो, बाको, खन्ती, हम्बर बोकेर मैदानमा उत्रनुपर्दछ, हातमा ठेला उठाउनुपर्छ, रगत र पसिना बगाउनुपर्छ।

सामन्तीहरु यसो गर्न पटक्कै चाहदैनन्। उनीहरु त अर्काको पसिनामा रमाउँछन्। काम नगरी माम खान चाहन्छन्। अनि श्रमको मूल्य तिरेर हैन ठगेर लिन चाहन्छन्। कामलाई सम्मान गर्‍यो भने आफ्नो स्वार्थको आधार भत्किन्छ, आफ्नो स्वार्थको आधार नै भत्केपछि कसरी आफू सुरक्षित हुनु ? श्रमप्रति घृणा गर्नु यसरी सामन्तीसंस्कृतिको विशेषता मानिन्छ।

### ■ धार्मिकअन्धविश्वास :-

सामन्तीसंस्कृतिको अर्को महत्वपूर्ण विशेषता धार्मिकअन्धविश्वासलाई मानिन्छ। धर्म एवं अन्धविश्वास दुई अलग-अलग महत्व बोकेको शब्दहरु भएता पनि यिनीहरुबीचको अन्तर्सम्बन्ध नङ्ग र मासुजत्तिकै प्रगाढ छ। यिनीहरु एकअर्कामा कहिल्यै र कुनै पनि हालतमा छुट्टिनै सकेका छैनन्। कुनै वस्तु र उसको छायाँ जसरी अलगअलग भएर पनि जहाँ, जहिलेसुकै सँगसँगै रहन्छन्, त्यसरी नै धर्म र अन्धविश्वास पनि सँगसँगै सधैं रहेकाछन्। यी दुवैको विषयमा सामान्य चर्चा निम्नानुसार गरौं :-





## धर्म के हो ?

धर्मलाई हामी हाम्रो आँखा (चर्मचक्षु) ले भौतिक वस्तुलाई देखेजस्तो देख्न सक्दैनौं। धर्म कालो छ कि गोरो ? अग्लो छ कि पुड्को ? ठूलो छ कि सानो ? पातलो छ कि मोटो ? आदि भनेर मापन गर्न सकिँदैन। यसलाई खाली मनमा, मस्तिष्कमा मनन् गर्न मात्र सकिन्छ।

सामान्यतया हाम्रो समाजमा मानिसले गर्ने असल काम, अरुको भलो गर्नु, सेवा गर्नु अर्थात् मानिसको असल चरित्रबाट प्रतिस्थापित भावनात्मक कुरा नै धर्म हो भन्ने आमधारणा रहेको छ। अनि अर्कोतर्फ कुनै वस्तुको स्वभाव या प्रकृति, समाजका चालचलन रीतिस्थिति, नियमकानुन आदिलाई नै धर्म हो भन्ने आमबुझाइसमेत रहेको छ। जस्तै :- हिउँको धर्म चिसो हुनु, आगोको धर्म पोल्नु, तातो हुनु, समाजको धर्म पुरानो चालचलनलाई मान्नु, अनुसरण गर्नु आदि।

धर्मलाई प्रायः एकपक्षीयरुपमा हेरिन्छ। हाक्काहाक्की भनिन्छ- धर्म (हाम्रो सन्दर्भमा हिन्दू धर्मविशेष) निराकार (आकार नभएको), अजर (कहिल्यै पुरानो नहुने), अमर (कहिल्यै नाश नहुने), अपरम्पार (अन्त्य कहाँ हो, थाहा नहुने) छ। आकार पनि नभएको, कहिल्यै पुरानो पनि नहुने, कहिल्यै नाश पनि नहुने, अनि त्यसको पल्लो छेउ कहाँ छ, भनेर खुट्याउनै नसकिने यस्तो अलौकिक रुपमा धर्मलाई चित्रण गरेको छ। तर यी यावत् उल्लिखित् कुराहरु सत्य हुन कि होइनन् ? भनेर जाँचपडताल गर्ने गुन्जायस भने धर्ममा छैन !!

सुरुमा एकाध धर्मको उत्पत्तिमाथि उल्लेख गरेजस्तै अर्काको सेवा गर्नु, दीनदुःखीको हित गर्नु आदि जस्ता मूल्यमान्यताबाट अभिप्रेरित भएको पाइन्छ तर पछि संसारका अधिकांश धर्मले अन्ततोगत्वा गरीबदुःखीको पक्ष छोडेर सत्तासीनहरुका फाइदामा, धनाढ्यहरुका हितमा मात्र लागि परेको इतिहास साक्षी छ । सत्तामा बस्नेहरुले जनता ठग्ने हतियारको रुपमा धर्मलाई प्रयोग गरेका छन् । सामान्य नागरिकहरुको धर्मप्रतिको बुझाइ र सत्तासीन (सामन्ती नाइके) हरुको धर्मप्रतिको बुझाइ फरक फरक रुपमा भइरहेको छ ।

## अन्धविश्वास के हो ?

वास्तवमा कुनै पनि कुराको वास्तविकता नबुझी अन्धोसुरमा गरिने विश्वास नै अन्धविश्वास हो । कुनै पनि कुरा सत्य हो कि होइन ? ठीक छ कि छैन ? राम्रो छ कि नराम्रो ? असल छ कि खराब ? हाम्रा लागि हितकर छ कि अहितकर ? आदि सत्य, तथ्य एवं वास्तविक पक्षलाई स्थान नदिई परम्परादेखि समाजमा मानिआएको चलन हो भनी आँखा चिम्लेर गरिने विश्वासलाई अन्धविश्वास भनिन्छ । यसमा सत्य, तथ्य, वास्तविकता ओझेल पर्दछ, ज्ञानविज्ञान मर्दछ र परम्परादेखि चलेको भनेर गरिने विश्वास प्रधानरुपमा देखापर्दछ । यसमा ठीकबेठीक, राम्रोनराम्रो, असलखराब, हितकरअहितकर आदिको विषयमा द्वन्दात्मक हिसाबले हेरिन्न, केवल परम्पराको नाममा, सनातनको नाममा आँखा चिम्लेर पछ्याइन्छ । "किन संस्कृति" (Why Culture) ? को वास्ता गरिन्न र एकोहोरोपना मात्र अनुसरण गरिन्छ ।





**आदरणीय पाठकवृन्द !**

विज्ञान र धर्मबीच आकाश र पृथ्वीजत्तिकै फरक छ । विज्ञान सधैँ सत्य, तथ्य, तर्क एवं प्रमाणको धरातलमा अडिएको हुन्छ तर यसको ठीक विपरीत धर्मले तथ्य, तर्क, प्रमाणआदिलाई ओझेलमा राखी प्रथा, परम्परा एवं सनातनको नाममा मानिसको दिमागलाई लठ्ठ बनाउँछ । धर्मले मानिसको चेतनामा पर्दा हाल्छ । आँखामा पट्टी बाँधेपछि बाहिरका कुनै पनि कुराहरु हामी देख्न सक्दैनौं । आँखामा पट्टी बाँधेको मानिसलाई जता पनि डोऱ्याउन सजिलो हुन्छ ।

हाम्रो सामाजिक जीवनलाई एकछिन मनन् गरौं त !
"मान्छे मरेपछि उसको आत्मा मर्दैन, त्यसर्थ उसको आत्माले सुख पाओस; अर्को जुनीमा राम्रोसँग बाँच्न पाओस" आदि भनेर हिन्दू धर्मानुसार ब्राम्हण पुरोहितलाई राम्रो दानदक्षिणा अर्पण गर्ने प्रचलन छ ।

"महिलाहरु महिनावारी भएको समयमा उनीहरुले छोएको खायो भने कूलधर्म नष्ट हुन्छ, अगति परिन्छ, सातजुनीसम्म माथि उठ्न पाइन्न ....." आदि भनेर अछूतको व्यवहार गरिन्छ । यस्तो समयमा पूर्वतिर त घरमा बस्नसम्मन त पाइन्छ तर पश्चिम नेपालका केही ठाउँहरुमा त अझै पनि महिलालाई महिनावारी हुँदा छाउपडीको नाममा घरबाट अलग्गै गोठहरुमा राखिन्छ ।

ब्राम्हण, क्षेत्रीय भनिएकाहरुको घरमा मान्छे मरेपछि कथित "अछूत भनिएका दलित (जनजाति समुदायहरुलाई समेत) हरुसँग बोल्यो भने आफ्नो पितृ स्वर्ग जान पाउँदैनन्" भनेर बोलचाल बन्द गरिन्छ । हाम्रा समाजमा कैयौं ठाउँमा अहिले पनि "दलित समुदायलाई गाईभैंसीको दूध,

दही खान दियो भने पशु रुख चढ्छन्" भनेर दूध, दही नदिने प्रचलन अध्यापि छँदैछ ।

"दलितहरुलाई घरभित्र पस्न दियो भने, उसले छोएको खायो भने बाबु-बाजेदेखिको सम्पूर्ण धर्मकर्म नष्ट हुन्छ, सातजुनीसम्म नरकमा परिन्छ आदि" भनेर हालसम्म हाम्रो समाजमा दलितसमुदायमाथि भेदभाव एवं पशुभन्दा तल्लोस्तरको व्यवहार गरिन्छ ।

स्वास्थ्यकर्मीहरु विज्ञानले आविष्कार गरेको औषधीहरु प्रयोग गर्छन् तर त्यसप्रति पूर्ण विश्वास नगरी कागतको नक्सा एवं ढुंगाको मूर्तिलाई 'ईश्वर' सम्झेर दिनानुदिन पूजा गर्छन् । "भगवान भरोसा, ईश्वरको जो इच्छा ....." आदि आदि भनेर आफ्नै पेशाप्रति, आफ्नो दक्षताप्रति उपहास गर्छन् । यी अनुच्छेदहरु त सामान्य दृष्टान्त मात्र हुन् । हाम्रो समाजमा जरा गाडेर बसेका यस्ता धार्मिक अन्धविश्वासका उदाहरणहरु खोज्दै जाने हो भने अरु सयकडौं हुन्छन् । एकछिन् मनन् गरौं त !!

ब्राम्हण पुरोहित, पण्डित भनिएकाहरुलाई राम्रो राम्रो दान, दक्षिणा दिँदा मरिसकेको कुन मान्छेले "स्वर्गमा सुख पाएँ" भनेर आजसम्म भनेको छ ? ए पुरोहित, पण्डितज्यूहरु तुरुन्त जवाफ दिनुहोस् !! कथित अछूत भनिएका दलित व्यक्तिहरुलाई दूध, दही खान दिंदा कतिजनाको गाईभैंसीहरु रुखमा चढेका छन् ? ए हिन्दूधर्मका ठेकेदारहरु हो ! तुरुन्त जवाफ देऊ !! अनि दलित समुदायका व्यक्तिहरुले छोएको खानेकुरा खाँदा, उनीहरुलाई आफ्नो घरमा पस्नदिँदा कतिजना ब्राम्हण, क्षेत्रीयहरु आजसम्म बहुलाएर जंगल पसेका छन् ? ए संस्कृतिका, धर्मकर्मका पारखीहरु हो ! तुरुन्त जवाफ देओ !! हामीले अब त बुझिसक्यौं । यो त सरासर ढाँट कुरा हो सत्य, तथ्य एवं प्रमाण नभएको किस्सा कहानी मात्र हो । यो त तिमीहरुको माछा मार्न





प्रयोग गरिने जाल हो, मान्छेको दिमाग भुट्न प्रयोग गरिने विष हो । धार्मिक अन्धविश्वासले मानिसलाई सत्यको गोरेटोमा हैन, असत्यको खाडलमा लगेर जाक्दछ । असत्यको खाडलबाट माथि उठ्न कहिल्यै दिदैंन । उठ्ने प्रयत्न गऱ्यो भने धर्मले पछाडिबाट मुक्का बसाउँछ- "पख्लास् सनातन धर्मकर्म छोडिस् भने सातजुनीसम्म नरकमा पर्छस्" भनेर ...... ।

## धार्मिक अन्धविश्वसको प्रपञ्च किन ?

पुरुषप्रधान समाजका कथित् भगवान पुरुषहरुको गुण, महिमा गाउँन, अन्धविश्वास, रुढी, परम्पराहरुलाई सधैंभरि टिकाइराख्न, यथास्थितिको धरातलमा टेकेर रचना गर्न लगाइएका शास्त्र, नीति, पूर्वजन्म, पुनर्जन्म, भाग्य, परलोक, धामी-झाँक्री, बोक्सी आदि आधारिहिन्, तर्कहिन् कुरालाई धर्मले आँखा चिम्लेर पालना गर्न, विश्वास गर्न सिकाउँछ । कुनै पनि कुराको तर्क, तथ्य र प्रमाणलाई यसले सिथिल र भुत्ते बनाउँछ । हरेक विषयमा किन, कसरी भनेर त्यसको तथ्य, कारण खोज्नुभन्दा भाग्यको खेल, पुर्पुरो, दैवको लीला, भावीले लेखेको कहाँ मेटिन्छ र, देखेको पाइन्न, लेखेको मात्र पाइन्छ !! आदि आदि भनेर धर्मले मानिसको दिमागलाई भुल्याउँछ ।

"धार्मिक अन्धविश्वासले मानिसको तर्क गर्ने, नयाँनयाँ कुराबारे सोच्ने, खोज्ने क्षमतालाई नष्ट गरिदिन्छ । भाग्यवादले मानिसलाई अल्छी, निरुध्यमी, गफाडी बनाउँछ र क्रमशः फट्याइँ, ठगी र कामचोर प्रवृत्तितिर धकेलिदिन्छ । यसले क्रान्तिकारी उथलपुथल र नवनिर्माण गर्ने जनताको महान् क्षमताप्रति अनास्था जगाइदिन्छ ।"[५]

*५. प्रश्रित, मोदनाथ, जनसंस्कृतिको नयाँ दिशा*

धार्मिक अन्धविश्वासको जालमा परेपछि जनता एकजुट हुन सक्दैनन् । "हामी किन गरीब भयौं ? हामी किन अछूत भयौं ? हामी महिला किन पछि परयौं ? हामीबीच किन अधिकारमा असमानता भयो ? हाम्रा सबै अवस्थाहरु किन सबल हुन सकेन ?" भनेर त्यसको कारण पत्ता लगाउनेतर्फ मानिसको ध्यान जाँदैंन । आफू कमजोर एवं असमानताको शिकार हुनुको पछाडि "मुट्ठीभर सामन्ती दलालहरुको खेल छ, उनीहरुले फैलाएको जाल छ" भनेर सोच्नुको साटो हाम्रो "भाग्य, कर्म, तगदिर, पुर्पुरो, खप्पर, भावी नै यस्तै हो" भनेर कामचोर, ठगहरु पट्टि फर्काउनु पर्ने हातहरु आफ्नै निधारतिर फर्काएर आफूले आफैलाई सराप्छौं - "दैवले मेरो त खप्परमै के लेखिदिएछ ! कति सानो जातमा जन्म लिएछु ‼ छोरीको जुनी नै यस्तै हो ....... ‼" भनेर ।

"धर्म भनेको जनताका लागि अफिमको नशा हो ।" भनेर विश्वविख्यात् दार्शनिक, विचारक एवं वीशौं शताब्दीका महानायक कार्लमार्क्सले त्यसै भनेका थिएनन् । "जनतामा धनी र शासकहरु प्रति भक्तिभाव पैदा गराई अन्धविश्वास फैलाउने र अन्धविश्वासले ग्रस्त जनतालाई दबाउन निकै सजिलो पर्ने हुनाले उनीहरुलाई (सामन्तीशासकहरुलाई- लेखक) धर्मरुपी हतियार ज्यादै उपयोगी हुन्छ ।"[६]

मानिसमा तर्क गर्ने, सत्य पत्ता लगाउने, तथ्यमा विश्वास गर्ने बानी बसाई ज्ञानविज्ञानको मार्गतर्फ जानदिँदा उनीहरुको चेतना खुल्छ, वास्तविकता पत्ता लाग्छ, ठगी कामचोरहरुको जाल चुडिन्छ । जसले गर्दा शोषक शासकहरुको ठगको महल खण्डहरमा परिणत हुन्छ र उनीहरु पुरुषप्रधान सत्ताको ऐसआरामको सिंहासनबाट गलहत्तिनुपर्छ । त्यसर्थ धार्मिक अन्धविश्वासको प्रपञ्च फैलाएपछि आममानिसहरु त्यसको नशामा लट्ठ भएर मात्तिन्छन् । जसको परिणामस्वरुप उनीहरु एकता हुन सक्दैनन् ।

६. *प्रश्रित, मोदनाथ, आस्था र प्रथा एक विवेचना*





एकता नभएपछि उनीहरु कमजोर हुन्छन् भनेर नै धार्मिक अन्धविश्वासको सिर्जना गरिएको हो ।

सामान्य नागरिकको त कुरै छोडौं ‼ आफूलाई निकै प्रकाण्ड विद्वान ठान्ने, अरुलाई शिक्षाको पुञ्ज फैलाउने शिक्षक, डाक्टर, इन्जिनियर, समाज परिवर्तन गर्छु भन्ने राजनीतिज्ञ, कवि, कलाकार, लेखक, पत्रकार सबैको दिमागलाई धार्मिक अन्धविश्वासको गोहीले चपाइरहेको छ ‼ ज्ञानविज्ञानको ढोकातर्फ हैन, धार्मिक अन्धविश्वासको खाडलतर्फ हातमा हत्कडी लगाएर पशुसरह डोर्‍याइरहेछ ‼ संसार आज एक्काइसौं शताब्दीको अति परिष्कृत युगमा प्रवेश गरिसक्दा पनि धार्मिक अन्धविश्वासले संसारका करोडौं मानिसहरुलाई बाँदर बनाएर नचाईरहेको छ । वाह ‼ सभ्य मानिस ‼ वाह ‼

***"आँखा खोलेर हेर्नेहरु चन्द्रमामा पुगिसके***
***आँखा चिम्लेर बस्नेहरु चन्द्रमाको पूजा गर्दैछन् ‼"***

## सांस्कृतिक सन्दर्भमा आजको हाम्रो अवस्था :

जीवन र जगतलाई बुझ्ने बाटाहरुको विषयमा विश्वमा हालसम्म दुईवटा मत (विचार) अगाडि आएका छन् । एउटा धार्मिक विचार र अर्को वैज्ञानिक विचार । यी दुवै विचारहरुको बीचमा आकाश र पृथ्वीजत्तिकै फरक रहेको छ । जीवन एवं जगतलाई धार्मिक विचारले तथ्यहिन मान्छ । तर विज्ञानले उक्त विचारको पर्दाफास गरिसकेको छ । वास्तविक तथ्य एवं सत्य पत्ता लगाइसकेको छ, जुनकुरा सुरुकै अनुच्छेदहरुमा प्रकाश भइसकेको छ ।

हामी अहिले एक्काइसौं शताब्दीमा विज्ञानको उच्चतम् रुपले फड्को मारेको उन्नत युगमा छौं । तर हामीले हाम्रा सामाजिक, सांस्कृतिक अवस्थालाई पछाडि फर्किएर सिंहावलोकन गरयौं भने हामी सजिलै देख्न एवं बुझ्न सक्छौं कि हाम्रो स्थिति अत्यन्त भयावह छ । हामीहरु एकातिर "सामन्ती संस्कृति र यसका आधारहरु खराब छन्, हिन्दू धर्म सामन्ती सोचबाट ग्रसित छ, यसले युगौंदेखि मानव जातिलाइ अन्धकारको खाडलमा जाकेर माथि उठ्न दिएको छैन; तर्क, तथ्य एवं प्रमाणलाई धर्मको आवरणले भुत्ते बनाइदिएको छ, आदि" भन्छौं तर व्यवहारमा भने हामीले सामन्ती भनेको त्यही हिन्दू धर्मद्वारा निर्देशित आधारभूत कुराहरुको अवलम्बन गर्न र त्यसलाई आँखा चिम्लेर पालना गर्न छोडेका छैनौं ।

हामी सार्वजनिकसभा, सम्मेलन, समारोहहरुमा सामन्ती संस्कृति, संस्कारको विरोध गर्छौं तर आफ्नो घर, परिवार एवं व्यवहारमा त्यसलाई सरासर अपनाइरहेका छौं । सामन्ती शासकहरुले आफ्नो वर्चस्व सधैँभरि बचाइराख्न र आफ्नो प्रतिकृयावादी सोच, चिन्तन एवं विचारहरु फैलाउन निर्माण





गरेको संस्कृति नै सामन्ती संस्कृति हो भनेर जान्दाजान्दै पनि त्यसैलाई अवलम्बन गरिरहेका छौं ।

"देवी, देउता, धामी झाँक्री, बोक्सी, भूतप्रेत, मसान आदि सबै झुट्टा कुराहरु हुन् । त्यसको कुनै वैज्ञानिक तथ्य एवं आधार छैन, ती मनोवैज्ञानिक भ्रम मात्र हुन्" भन्ने कुरा राम्ररी थाहा हुँदाहुँदै पनि हामी त्यसविरुद्ध लड्ने, जुध्ने आँट गर्न सकिरहेका छैनौं । अनि उल्टै "खराब हो, गलत हो" भनेर भित्री मनले बराबर भनिरहँदासमेत कथित देवीदेउता र भगवान भेट्न मन्दिरमा गएर नबोल्ने, सास नभएको, जीवन नभएको, निर्जीव मूर्तिलाई पूजा गरिरहेछौं !! नदेखेको भगवानलाई पूजा गर्छौं तर आफ्नै आँखाले देखेको, भोगेको, अनुभव गरेको, बुझेको सत्यलाई आँखा चिम्लिरहन्छौं !

सामन्ती संस्कृतिका आधारहरु भत्काउन हामीमध्ये कसैले पहल एवं प्रयासको थालनी गरयौं भने पनि उसलाई सार्वजनिक खिसीट्यूरी र होच्याउने प्रवृत्ति हाम्रो समाजमा विद्यमान छ । एकाध पार्टी, संस्थालाई छोडेर अधिकांश राजनीतिक दलहरु, जो आफूलाई समाज परिवर्तनको संवाहक ठान्छन्, ले राजनीतिक क्रान्तिलाई मात्र प्रधान पक्ष मानेर सांस्कृतिक क्रान्तिलाई बिर्सिरहेको स्थिति छ । पूँजीवादी विचारधारा मान्ने पार्टीको त कुरै छोडौं, समाजवादी एवं साम्यवादी सोच एवं सिद्धान्त अँगालेका पार्टी भित्र पनि सामन्ती संस्कृतिविरुद्ध लड्ने साहस एवं निरन्तर त्यागको अभाव टड्कारो रुपमा खड्किरहेको स्थिति छ । आज हामीले भोगेको तीतो अनुभव के हो भने राजनीतिक पार्टीभित्र पनि असल एवं जनपक्षीय संस्कृतिको विशाल खडेरी छ ।

**आदरणीय पाठकगण !**

तपाई हामी रहेको राजनीतिक पार्टी र त्यसभित्रको अन्तर्वस्तुलाई जीवनको व्यावहारिक कसीमा राखेर जाचौँ त ! अवस्था कस्तो छ ! यहाँ राजनीतिक पार्टीभित्र जसरी र जुनसुकै हत्कण्डा प्रयोग गरेर भएपनि चुनाव जित्ने होड मात्र छ। सत्यतथ्यलाई राम्रोसँग जान्दाजान्दै पनि त्यसलाई आँखा चिम्लने परिपाटीको विकास भइरहेको छ। सत्य कुरालाई यदि सत्य भन्यो भने 'भोट' बिग्रन्छ कि भनेर असत्य तर्कहिन् कुराको पक्ष लिने प्रचलनले बल पाइरहेको छ। धर्म, भगवान, देवीदेउता, स्वर्गनरक, अन्धविश्वास आदिको विरोध गर्‍यो भने भोलि जनता भड्किन्छन्, भोट प्राप्त गर्न कठिन पर्छ, आफ्नो पक्षमा मत आउदैँन, चुनाव हारिन्छ आदि भनेर सामन्तीसंस्कृतिको विरुद्धमा बोल्न मुखमा ताल्चा लगाउने प्रवृत्ति राजनीतिक दलहरुमा मौलाइरहेको छ। भलै हामीले सबैको भोट पनि

सामन्ती

सत्ता

स्थितिमा

ण हेरौं,

रैजसो


यत्नहरु

जमाएर

कोणको

मस्वरुप

गहिरो




१ प्रश्रित, मोदनाथ, जनसंस्कृतिको नयाँ दिशा





सांस्कृतिक सन्दर्भमा आजको हाम्रो अवस्थालाई निम्नानुसारको चित्रद्वारा मन्थन गरौं त।

चित्र नं. २

**प्रिय पाठक गण !**

माथिको चित्रबाट के बुझ्नु भयो ? एकछिन् गहिरिएर सोच्नुहोस् त !

हामीले माथि नै प्रकाश पारिसक्यौं कि निश्चितरुपमा जीवन र जगतलाई बुझ्ने दुईवटा बाटाहरु छन्। एउटा धर्मको बाटो, अनि अर्को विज्ञानको बाटो। हामी साना छँदा हाम्रो जीवन अनि जगतको विषयमा केही थाहा हुन्न। हामी अबोध हुन्छौं तर जब हाम्रो उमेर बढ्दै जान्छ, तब हामी हाम्रो वरिपरिको हरेक जीजवस्तुको विषयमा सोच्न थाल्छौं, यो के हो ? कसरी भयो ? किन भयो ? कहिले भयो ? यसले के गर्छ ?

हाम्रो अगाडि दुईवटा बाटाहरु देखापर्छन्। यदि हामी धर्मतर्फको बाटो लाग्यौं भने उक्त बाटाबाट असमानता, विभेद, लिङ्गभेद, वर्णभेद/छुवाछूत, अधिकारमा असमानता, श्रमप्रति घृणा, अन्धविश्वास, कुरीति, कुसंस्कार आदि रहेको अन्धकारयुक्त झ्यालखानाभित्र पुगिन्छ। जहाँ मानिसहरु रोइरहेका छन्, कराइरहेका छन्, चिच्याइरहेका छन्, अनेकौं भेदभाव भोगिरहेका छन्, जताततै कोलाहल छ, थिचोमिचो छ, असमानता छ, पीडा छ, छटपटी छ, जहाँ औंसीको रात छाइरहेको छ ......................... । तर त्यसको विपरीत हामी विज्ञानको बाटोतर्फ लाग्यौं भने उक्त बाटोबाट समानता, स्वतन्त्रता, सत्य, तर्क, तथ्य, प्रमाण, ज्ञान, बुद्धि, विवेक, परिवर्तनसहितको उज्यालो समुन्नत समाजमा पुग्न सकिन्छ। जहाँ मान्छेमान्छेबीच भेदभाव गरिन्न, थिचोमिचो गरिन्न। चेतनाका किरणहरु झुल्किरहेका हुन्छन्, अनि मानिसहरु उन्नति र प्रगतिको शिखरमा चढिरहेका हुन्छन्। त्यहाँ काम गरेर पसिना बगाउनेहरुको सम्मानसाथ पूजा गरिन्छ, अनि काम ठग्नेहरुलाई घृणा गरिन्छ।

**प्रिय पाठकगण !**

सामन्तीशासकहरु एवं धर्मका ठेकेदारहरुले अन्धविश्वासको किल्ला सुरक्षित राख्न विज्ञानको बाटोमा अवरोध पुऱ्याई मानिसहरुलाई आफ्नो किल्लातर्फ आकर्षित तुल्याउँने उद्देश्यले विज्ञानको बाटोमा ठूलठूला भीमकाय पर्खालहरु





खडा गरिदिएका छन्। ती पनि एउटा मात्र हैन, चारवटा पर्खालहरु उभ्याएर बाटो बन्द गरेका छन्। विज्ञानसम्मत बाटो हुँदै त्यो सुन्दर एवं समतामूलक सुसंस्कृत समाजमा पुग्ने मार्गमा अवरोधको रुपमा खडा गरिएका चारवटा पर्खालहरु निम्न छन् :-

१. परिवारको पर्खाल
२. समाजको पर्खाल
३. सामन्तीसंस्कृति/संस्कारको पर्खाल
४. धर्मको पर्खाल (हाम्रो सन्दर्भमा विशेषतः हिन्दूधर्मको पर्खाल)

जुन पर्खालहरु तपाईहरुले चित्रमा देखिरहनु भएको छ। हामीलाई कुनै नौलो लाग्ने अथवा यथास्थितिबाट माथि उठेर कुनै काम गर्नुपऱ्यो भने हामीलाई परिवारको डर लाग्छ, समाजको डर लाग्छ, संस्कृति/संस्कारको डर लाग्छ, अनि झन् धर्मको डर लाग्छ। आफू अगाडि रहेका यी भीमकाय पर्खालहरुले घेरिएर हामी झ्यालखानाको कैदी जस्तै बाँच्न विवश बनाइएका छौं। सामान्य व्यक्तिको त कुरा नगरौं, अर्काको न्यायनिशाफ छिनिदिने न्यायाधिशहरु समेत उक्त पर्खालभित्र बन्दी बनाइएका छन्। समाज परिवर्तनको अगुवा राजनेताहरुसमेत कैदी जीवन बाँचिरहेका छन्।

अझ सरलरुपमा बुझ्न म तपाईहरुलाई हाम्रै गाउँघरको सानो उदाहरण पेश गर्दछु :-

मानौं एकजना 'जीवन' नामका ब्राम्हण समुदायका केटा र सोही ठाउँकी 'सन्ध्या' नामकी दलित समुदायकी केटीबीच एकआपसमा प्रेमसम्बन्ध प्रगाढ भई अन्ततोगत्वा दुवैले सँगसँगै जीवनभर जिउने बाचा गर्दै विवाह

गर्दछन् । जीवन र सन्ध्या पति-पत्नीको रुपमा वैवाहिक सम्बन्धमा बाधिएपश्चात जीवनले सन्ध्यालाई सिधै आफ्नो घरमा सरासर लाने आँट नगरी काठमाडौँ या कुनै शहरको डेरा खोजेर राख्छ ।

जीवनले किन त्यसो गरेको होला ? एकछिन राम्ररी सोचौँ त !

त्यसबेला त्यो जीवन नामको केटालाई हामीले "किन तिमीले आफ्नो पत्नी सन्ध्यालाई सरासर आफ्नो घरमा नलगेर डेरामा राखेको ?" भनेर सोध्यौं भने उसले के उत्तर दिन्छ ? उसले सिधै भन्छ- "मलाई त जातपातको केही मतलब छैन नि ! तर के गर्नु र ! परिवारले स्वीकार गर्दैनन् !! बुबा, आमा, दाजुभाइले घर निकाला गरिहाल्छन् !!"

त्यसपछि ल तपाईं हामी जीवनको घरमा जाऔँ र उसका परिवारलाई सोधौँ - "तपाईंहरुले आफ्ना छोरा-बुहारी (जीवन र सन्ध्या) लाई किन घरमा आउन नदिनुभएको ?" त्यसबेला जीवनका बाबु, आमा वा परिवारका सदस्यहरुको सिधा उत्तर के आउँछ ? उनीहरु हाक्काहाक्की भन्छन्- "छोराले ल्याइहाल्यो, हामी त सन्ध्यालाई बुहारी मानेर घरमा ल्याउथ्यौं नि, तर के गर्नु र ! हाम्रो समाजले मान्दैन ! समाजले हाम्रो परिवारलाई आजैबाट पानीदेखि काडिहाल्छ !! हाम्रो घरमा पूजापाठ, विवाह, न्वारान्, काजक्रियामा पण्डितज्यूले पढ्न छोडिहाल्नु हुन्छ !!"

अब तपाईं हामी पुनः जीवनको परिवार रहेको त्यो समाजका बुद्धिजीवी, भद्रभलाद्मी भन्नेहरुको घरमा जाऔँ र सोधौँ - "तपाईहरुले जीवन र सन्ध्यालाई आफ्नो घरमा आउँन किन सहयोग नगरेको ? घरबाट लखेट्दा किन टुलुटुलु हेरिरहनु भा को ?"





त्यसबेला त्यो समाजका बुद्धिजीवी, भद्रभलाद्मी भनिनेहरुको सीधा उत्तर के आउँछ ?

उनीहरु औलो ठड्याउदैँ भन्छन्- "हेर्नुहोस् हामीलाई त यो जातपात र छुवाछूतको मतलब छैन नि !! तर के गर्नु र ! हाम्रो समाजमा परम्परादेखि नै यस्तो संस्कृति, संस्कार हुर्किएर आएको छ ! बाबु-बाजेको पालादेखि चलिआएको समाजको नियमलाई अहिले भत्काउँन मिल्दैन !! युगौंदेखि अस्तित्वमा आएको समाजको परम्परा, चलनहरु तोड्यो भने हाम्रो सबै अहिलेसम्मको धर्मकर्म नष्ट हुन्छ !! हाम्रा कुल, पितृहरु पार तर्दैनन् !! हाम्रो धर्म बिग्रन्छ, नासिन्छ !! आदि"

यसरी परिवारबाट शुरु भएको छेकबारको पर्खाल अन्ततः धर्ममा गएर टुङ्गिन्छ । यदि संस्कार, धर्मको पर्खाल नाघ्न खोज्यो भने "...... त्यो निश्चय नरकमा पर्दछ, ..... यमदूतद्वारा पक्रिएर अग्नीकुण्डमा हालेर पोलिन्छ, ..... जलोदर रोगले पीडित हुन्छ, ..... चाण्डाल योनिमा जन्मिन्छ, ..... बिच्छी ...... छुचुन्द्रो, ..... गिद्ध ..... कमिलो हुन्छ, ..... यमराजका दूतहरुले फलामको लाठो, मुद्गर, तोमर, भाला, गदा र मुसलले खुब् पिट्दछन्, ..... डोरीले कसेर भयानक नरकतिर लैजान्छन्, ..... तलतिर टाउको पारेर सिक्रीले बाँधेर झुन्ड्याउँछन् र ठटाउँछन्, ..... कसैकसैलाई काठ चिरेझै चिर्छन, ..... बन्चराले टुक्राटुक्रा पार्छन्, ..... खाल्डोमा आधा गाढेर निधारमा वाणले रोप्छन्, ..... कोलमा हालेर उखु पेलेझै पेल्छन्, ..... बलेका दाउराकाबीचमा राखेर फलाम तताए झैं तताउँछन्, ..... भकभक पाकेको घिउमा ..... छट्किरहेको तेलको कराहीमा फुरौला पकाए झै जथाभावी हालिदिन्छन्, ..... बज्रजस्ता साह्रा चुच्चा भएका बडाबडा काग तथा मासु खाने गिद्धहरुले टाउकामा, आँखामा चुच्चाले

ठुङदछन् ..... "[८] आदि डर देखाएर तर्साइन्छ। अनि केही गर्छु भन्नेहरु पनि रातो मुख लगाएर मरिच चाउरिए झैं खुम्चन बाध्य हुन्छन्।

सामन्तीसंस्कृतिले जकडिएको हाम्रो समाजमा मानवीय मूल्यमान्यताहरुको अपहरण भई कहालीलाग्दो हिसाबले निस्सासिदो वातावरणमा जबरजस्ती जिउँनुपर्ने अहिलेसम्मको अवस्था छ। जहाँ मानिसमानिसबीच लिङ्गको आधारमा भेदभाव, वर्णको आधारमा छुवाछूत, अधिकारमा असमानता, तथ्य एवं प्रमाणहिन्, विज्ञानविरोधी, मनगढन्ते सोच एवं अन्धविश्वास व्याप्त छ।

हामी युगौंदेखि पिल्सिएका, हेपिएका, थिचिएका, मिचिएका, दवाइएका, किनारामा जबरजस्ती मिल्काइएका साच्चिका दुईहात पाखुरीशिवाय केही नभएका श्रमजीवि, सर्वहारा, किसान एवं गरीब समुदायको चाहना भने सधैंभरि माथि उल्लेख गरिएजस्तो धार्मिक अन्धविश्वासको कहालीलाग्दो छिडीमा बिताएर जिन्दगी बर्वाद गर्ने होइन। हाम्रो उत्कट अभिलाषा त समानता, स्वतन्त्रता, विज्ञान, परिवर्तन आदिले उज्यालो किरण छरेको सभ्य एवं सुसंस्कृत समाजमा जिउने नै हो अनि मानव मर्यादाको पूर्ण वहाली गर्दै भेदभावरहित् जनपक्षीय संस्कृतिको निर्माण गर्ने हो। यसरी हाम्रो भइरहेको अवस्था भयावह छ, चाहना भने अति सभ्य र सुसंकृत छ !!!

---

*८. उपाध्याय, मोहनराजा, गरुडपुराण*





## सांस्कृतिक रुपान्तरण कसरी गर्न सकिन्छ ?

(भइरहेको अवस्थाबाट चाहेको अवस्थामा कसरी पुग्न सकिन्छ ?)

**आदरणीय पाठकवृन्द !**

हामीले अघिल्लो शीर्षकमा हाम्रो हालको भइरहेको अवस्था र हामीले जान, पुग्न चाहेको अवस्थाको विषयमा सामान्य चर्चा गरिसक्यौं। अब हामी मूलभूत प्रश्न "सांस्कृतिक रुपान्तरण कसरी गर्न सकिन्छ ? भन्ने विषयमा केन्द्रित रहेर सामान्य छलफल गरौं :-

मानौं हामी कुनै घरभित्र बसिरहेका छौं। बाहिरबाट शत्रुले आएर हामी बसिरहेको घरको ढोकामा अजङ्गको ताल्चा लगाइदियो। बाहिर निस्कने सबै बाटाहरु बन्द गरी हामीलाई घरभित्रै बन्दी बनायो। त्यस्तो स्थितिमा हाम्रो विकल्प के हुन सक्छ ? एकछिन मनन् गरौं त !

त्यस्तो अवस्थामा हाम्रा सामु दुईवटा विकल्पहरु हुनेछन्। प्रथम- शत्रुले ढोकाको साँचो नखोलुन्जेल घरभित्रै बसिरहनु र दोस्रो- उक्त घरको झ्याल, ढोका वा गाह्रो तोडेर बाहिर निस्कनु।

हामीले प्रथम विकल्प रोज्यौं भने यदि शत्रुले ढोकाको साँचो खोलिदिएन भने हामी खान, पिउन केही नपाई घरभित्रै मर्छौं। हामी पीडाले छट्पटाएको कसैले देख्दैन। हाम्रो अमूल्य जीवन त्यसै बर्बाद हुन्छ। यदि हामीलाई हाम्रो जीवनको माया छ, अरुप्रतिको जिम्मेवारी छ, सम्मानसाथ सार्थक जीवन जिउन चाहान्छौं र शत्रुलाई परास्त गर्नुछ भने हामीले दोस्रो विकल्प रोज्नैपर्दछ। घरभित्र थुनिएको बन्दी जीवनबाट मुक्ति प्राप्त गर्न उक्त घरको ढोका, गाह्रो तोड्नै पर्दछ। घरको छेकबार, गाह्रो नतोडी बाहिरको खुल्ला एवं मुक्तआकासमा

आउनै सकिन्न ‼ तर कसरी ? प्रश्न एकदम गम्भीर छ ।

हामीले कल्पना गरेको घरको ढोका, गाह्रो तोडेर बाहिर आउने सन्दर्भमा यदि हामीले तोड्ने, भत्काउने कुरामा सबै सहमत भएर सुरु गऱ्यौं भने अवश्य सफल हुन्छौं । उक्त ढोका, गाह्रो तोड्ने कुरामा सहमत पनि भयौं तर हात बाँधेर बस्यौं र काम नै सुरु गरेनौं भने आफै गाह्रो तोडिन्न, फोडिन्न् । अर्कोतर्फ घर भित्रका सम्पूर्ण बन्दीहरु एकजुट नभई एक्लाएक्लै आ-आफ्नै पाराले थाल्यौं भने पनि सफल हुन ज्यादै कठीन पर्दछ । घरभित्र थुनिएका सम्पूर्ण बन्दीहरु भावनात्मक रुपमा एकजुट भएर, जोशजाँगर, हिम्मत लिएर, सबैको एउटा सिङ्गो शक्ति एकत्रित गरेर निरन्तर लाग्यौं भने मात्र उक्त घरको ढोका, गाह्रो तोडी बाहिर खुल्ला आकाशमा निस्कन सफल भइन्छ । हामीले कल्पना गरेको घरजस्तै सामन्तीसंस्कृतिको झ्यालखानामा युगौंदेखि हामी बन्दीजीवन भोगिरहेको कुरा त माथिकै अनुच्छेदहरुबाट प्रष्ट भइसकेको छ ।

**आदरणीय पाठकगण !**

अब पुनः सोचौं त !

माथि हामीले कल्पना गरेको घरमा त एउटा मात्र पर्खाल थियो तर सामन्तीसंस्कृतिबाट सिर्जित हामी थुनिएको झ्यालखानामा त एउटा मात्र कहाँ हो र ! परिवारको पर्खाल, समाजको पर्खाल, संस्कृति/संस्कारको पर्खाल अनि धर्मको पर्खाल गरी चारवटा भीमकाय पर्खालहरु उभिएका छन् । युगौंदेखि रहेका यी चारवटा पर्खालहरुलाई नतोडी, नफोडी, नभत्काई हामी सामन्तीसंस्कृतिको जंजिरबाट मुक्त हुनै सक्दैनौं । अनि हामीले





चाहेका विज्ञानसम्मत समुन्नत एवं शोषणरहित् समाजमा पाइला टेक्नै सक्दैनौं ।

माथि उल्लिखित छेकबार, पर्खालहरु भत्काउनु भनेको नयाँ संस्कृति, जनतालाई हितगर्ने जनपक्षीय संस्कृतिको निर्माण गर्नु हो । पुरानो संरचना नभत्काई नयाँ संरचना निर्माण गर्न सकिन्न । पुरानो संरचनाका आधारहरुलाई नष्ट गरेरमात्र नयाँ सरंचनाको जग बसाउन सकिन्छ ।

पुरानोको ध्वंस नगरी नयाँ निर्माण गर्न सकिन्न भन्ने कुरा त हामीले छलफल गऱ्यौं तर पुरानो संरचनालाई भत्काउँदा अत्यन्त सजग, सचेत र होस पुऱ्याउनु पर्दछ । पुरानो भन्ने बित्तिकै सबै कुराहरु गलत हुन्छन् भन्ने एकांकी सोच पनि हामीले लिनुहुन्न । पुरानो संरचनामा रहेका नराम्रा, अहितकर, खराब, असादर्भिक एवं जनविरोधी कुरालाई हामीले आँखा चिम्लेर केही नहेरी मिल्काउनै पर्दछ, हटाउनै पर्दछ र निषेध गर्नै पर्दछ तर त्यसभित्र रहेका कतिपय राम्रा पक्षहरु, हितकर कुराहरु, तथ्यसंगत एवं विज्ञानसम्मत् पक्षहरुलाई हामीले अँगाल्न पनि पछि पर्नु हुदैंन ।

युगौदेखि सामन्ती संस्कृतिरुपी दासताको बन्धनमा जकडिएका ए सम्पूर्ण बन्दीहरु हो ‼ आउँनुहोस् हामी सबै मिलेर मुट्ठी उठाएर दृढ प्रतिबद्धता गरौं -

**सामन्तीसंस्कृतिको पर्खाल - भत्काउँछौं ! भत्काउँछौं ‼**
**नयाँ जनपक्षीय संस्कृतिको निर्माण - गर्छौं ! गर्छौं ‼**

# षोडशः संस्कारः

हिन्दूधर्म वर्णव्यवस्थाको जगमा टिकेको छ। वर्णव्यवस्थाले पराकाष्ठा नाघेर छुवाछूतमा परिणत भएपछि हाल एक्काइसौं शताब्दीमा आइपुग्दासम्म असंख्य मानिसहरु जातीय आधारमा, लिङ्गको आधारमा भेदभावबाट पीडित भइराखेका छन्। लिङ्ग, जाति आदिका आधारमा समाजलाई विभाजन गरी आफ्नो स्वार्थानुकूल शासन सञ्चालन गर्न र मुठ्ठिभर ब्राम्हण, क्षेत्रीय आदि कथित उच्च वर्णका व्यक्तिहरुलाई विशेष अधिकार प्रदान गरी काम गरिखाने वर्गलाई कथित् शूद्रमा झारी आधारभूत अधिकारहरुबाट समेत वञ्चित गराई पशुतुल्य जीवन जिउन बाध्य पार्ने काममा सामन्ती शासकहरुलाई, पुरुषप्रधान समाजलाई हिन्दूधर्मले शतप्रतिशत आधार प्रदान गरेको छ। हिन्दूधर्मको जगमा आधारित रहेर सामन्तीशासकहरुले विभिन्न धर्मग्रन्थहरुको रचना गर्न लगाई त्यसमा उल्लिखित वाक्यलाई देववाणी, ईश्वरवाणी आदि भनेर जनतामा प्रचार गर्न लगाएका छन्।

हिन्दूधर्म र सामन्तीसंस्कृति बच्चाको सालनालजत्तिकै नजिक रहेको र हिन्दूधर्मकै आडमा सामन्तीसंस्कृतिले युगौंदेखि बाँदरजस्तो बनाएर आफूखुशी नचाइरहेको कुरा हामीले अघिल्लै अनुच्छेदहरुमा बुझिसकेका छौँ। अनि हाम्रा अगाडि भीमकाय पर्खालहरु खडा गरी हामीलाई ज्ञानविज्ञानको ढोकामा प्रवेश गर्न नदिएर धार्मिक अन्धविश्वासरुपी कठघरामा कैद गरेको कुरा पनि हामीले थाहा पाइसकेका छौँ। अब हामी धार्मिक अन्धविश्वासको जगमा टिकेको हिन्दूधर्मभित्रको षोडशः संस्कारको विषयमा चर्चा गरौँ :-





हिन्दूधर्मानुसार मानिस जन्मनुभन्दा अघिदेखि मृत्यु पछाडिसम्म उसको जीवनमा गरिने सोह्रवटा संस्कारहरु छन्, तिनीहरुलाई षोडशः संस्कार भनिन्छ। ती सोह्रवटा संस्कारहरु निम्नानुसार छन् :-

१. गर्भाधान
२. पुंसवन
३. सीमन्तोन्नयन
४. जातकर्म
५. नामकर्म
६. निष्क्रमण
७. अन्नप्राशन
८. कर्णभेद
९. विध्यारम्भ
१०. चूडाकर्म
११. उपनयन
१२. वेदारम्भ
१३. केशान्त
१४. समावर्तन
१५. विवाह
१६. अन्त्येष्टि।

माथि उल्लिखित षोडशः संस्कारलाई निम्नानुसार तीनतहमा विभाजन गरिएको छ :-

१. जन्मअघिका संस्कारहरु :
गर्भाधान, पुंसवन र सीमन्तोन्नयन ।

२. जन्मपछिका संस्कारहरु :
जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णभेद, विध्यारम्भ, चूडाकर्म उपनयन, वेदारम्भ, केशान्त, समावर्तन र विवाह ।

३. मृत्युपछिको संस्कार :
अन्त्येष्टि ।

यी संस्कारहरुमध्ये गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, कर्णभेद, विद्यारम्भ, वेदारम्भ, निष्क्रमण, केशान्त र समावर्तनजस्ता संस्कारहरु प्रायः सबैले गर्न छोडिसकेका छन् । यदि कसैकसैले गरिहाले भने पनि हिन्दूविधिअनुसार गर्ने गरेको पाइन्न । बाँकी रहेका ६ वटा संस्कारहरु- नामकर्म, अन्नप्राशन, चूडाकर्म, उपनयन, विवाह र अन्त्येष्टि आमहिन्दूधर्मावलम्बीहरुले पालना गरिरहेका छन् । अब हामी उल्लिखित यी ६ वटा संस्कारहरुको विषयमा छलफल गरौं, यसमा भएका धार्मिकअन्धविश्वास, कुरीति आदिलाई चाल्नीमा हालेर चालौं, असल र विज्ञानसम्मत कुराहरुलाई पर्गेल्दै खराब, अप्रासङ्गिक एवं विभेदयुक्त पक्षहरुलाई निफनौं ।





## १. नामकर्म संस्कार (न्वारान) :

आमाको कोखबाट बच्चा जब जन्मन्छ, ऊ बाहिरी वातावरणसँग मिल्न पुग्छ । जन्मपछिको बाहिरी वातावरणमा समायोजन हुँदा उसलाई नामको आवश्यकता पर्दछ । यो संसारमा श्वास नफेर्ने निर्जिव वस्तुलाई त नाम चाहिन्छ भने मानवलाई त झन् अनिवार्य रुपमा आवश्यकता पर्दछ । परिवार, समाज हुँदै बाहिरी संसारसँग परिचितहुन व्यक्तिलाई नाम अपरिहार्य शर्त हुन्छ ।

हिन्दूविधिविधानअनुसार बच्चाको न्वारान गर्दा ब्राम्हण पुरोहित बोलाएर यज्ञ, होम गर्ने, ग्रह, नक्षत्र, राशी आदि मिलाएर पुरोहित बाजेले नाम जुराइदिने प्रचलन छ । अनि बच्चाको न्वारान गर्ने समयावधीको सन्दर्भमा हिन्दूधर्मका फरकफरक व्यक्ति एवं ग्रन्थहरुले फरकफरक विचार अघि सारेका छन् । याज्ञवल्क्य ऋषिले बच्चा जन्मिएको एघारौ दिनमा न्वारान गर्नुपर्छ भन्ने विचार अघि सारेका छन् । भारद्वाज, पारस्कर, बोद्यायन, आपस्ताव आदिले चाहि दशौंदिनमा न्वारान गर्नुपर्ने विचार व्यक्त गरेका छन् । शांखायन, आश्वलायन, वृहदारण्यक उपनिषदआदिले बच्चा जन्मेकै दिन नामकर्मसंस्कार (न्वारान) गर्नुपर्ने मत व्यक्त गरेको छ । मनुस्मृतिले चाहिँ "दशौं या बाह्रौं दिनमा शुभ एवं पुण्यनक्षत्र र मुहूर्त जुराएर बालकको नामकर्म संस्कार सम्पन्न गर्नुपर्दछ (नामधेयं दशम्यां तु द्वादश्यां वाहय कारयेत् । पुण्ये तिथौ मुहूर्ते वा नक्षेत्रे वा गुणान्विते । -२/३०)" भनी उल्लेख गरेको छ । यसरी बच्चाको नाम कतिदिनमा जुराउने भन्ने विषयमा हिन्दूधर्मभित्रै मतभिन्नताहरु रहेको छ ।

अब हामी बच्चाको लागि ग्रह, दशा, मुहूर्त, नक्षत्र, राशीआदि जुराएर नाम राख्ने विषयमा थोरै चर्चा गरौँ - पुरोहित बाजेले माथि उल्लेख गरिएअनुसार जन्मेको बार, समय, मुहूर्त, नक्षत्र, राशी सबै मिलाएर जुराएर मानौं बच्चाको नाम राखिदिए- "कुमारीमाया ।" सोही नामबाट चिना पनि बनाइयो । बच्चाको सोही नामबाट विद्यालयमा भर्ना पनि गरियो । सानो छउन्जेल त त्यो बच्चालाई आफ्नो नामबारे केही वास्ता हुँदैंन तर त्यो बच्चा जब किशोरी अवस्थामा प्रवेश गर्छिन्, सबैले उनलाई 'कुमारीमायाँ' भनेर बोलाएको अब उनलाई पटक्कै मनपर्न छोड्छ । अनि त भित्रभित्रै आफ्नो बाबु-आमालाई गाली गर्न थाल्छिन्- "कस्तो नराम्रो नाम राखिदिएको ! अलि राम्रो नाम जुराइदिनु नि !" हुन पनि करीना, करीष्मा, कृतिका ........ आदिको जमानामा कहाँ राम्रो लागोस्- 'कुमारीमाया' ‼

भन्नुको तात्पर्य के हो भने त्यत्रो शुभमुहूर्त, ग्रह, दशा, नक्षत्र, राशीआदि जुराएर, मिलाएर धार्मिक विधिविधानअनुसार राखिदिएको शुभ नाम ! पछि आफैंलाई बोझ र दिक्कलाग्दो हुन्छ भने आँखा दुखुन्जेल चश्मा लगाईलगाई पात्रो हेरेर, विधिविधान गरेर, यत्र, होम गरेर, धानचामल डढाएर, घिउचिनी आदि पोलेर न्वारान गर्नुको (नाम जुराउँनुको) के औचित्य हुन्छ ? यो त सबै औचित्यहिन र अनावश्यक कुरा भएन र ? ठण्डा दिमाग पारेर एकछिन सोचौं त ‼

अब तपाईहरुले मलाई प्रश्न तेर्साउनु होला- "यदि धार्मिक विधिविधानअनुसार ग्रह, नक्षत्र, राशी, मुहूर्त आदि केही नजुराई त्यसै मुखले मात्र नाम राख्दा पछि उसको भविष्यफल कसरी थाहा पाउने ?"





यस्तो प्रश्न तेर्स्याउने आदरणीय महानुभावहरु ! हिन्दूधर्मले निर्देशित गरेअनुसारको धार्मिक विधिविधानहरु नगरी नाम राखेका व्यक्तित्वहरुले संसार हल्लाएका छैनन् र ‼ एकछिन सोच्नुहोस् त ! "मानिसको उत्पत्ति ब्रम्हाले गरेका हुन्, अलौकिक भगवानले गरेका हुन् ....." भन्ने धार्मिक मतकोविरुद्ध "पृथ्वीमा मानवको उत्पत्ति कुनै दैवीशक्तिबाट नभई बाँदर (Ape) बाट क्रमशः विकसित भएर आजको अवस्थामा संक्रमण हुनपुगेको हो" भनी धार्मिक विचारलाई ठाडै चुनौती दिएर वैज्ञानिक धारणा अघिसार्ने विकासवादी सिद्धान्तका प्रतिपादक चार्ल्स डार्बिन, सापेक्षतावाद सिद्धान्तका प्रतिपादक महान् वैज्ञानिक अलबर्ट आइन्सटाइन, पृथ्वीको गुरुत्वाकर्षण पत्ता लगाउने वैज्ञानिक आइज्याक न्यूटन, हिन्दूधर्मले देवता भनी रातदिन पूजा गर्ने गरेको चन्द्रमामा सन् १९६९ मा लाइका नामक कुकुर र त्यसपछि पहिलोपल्ट पाइला टेक्ने नील आर्मस्टङ्ग, रकेटबाट संसार घुम्ने यूरी गागरिन, रेडियोको आविष्कार गर्ने मार्कोनी, हवाइजहाजका आविष्कारक राइटब्रदर्श आदि जस्ता विश्वविख्यात् व्यक्तित्वहरुको नाम हिन्दूधर्मका कुन पण्डित, पुरोहितज्यूले गएर जुराइदिनु भएको थियो ?

द्वन्द्वात्मक भौतिकवादी दर्शन एवं साम्यवादी सिद्धान्तका प्रतिपादक, महान् दार्शनिक एवं बीशौं सहश्राब्दीका महानायक कार्ल मार्क्स, फ्रेडरिक एंगेल्स, लेनिन, विश्वविख्यात् रुसी लेखक म्याक्सिम गोर्की, गरीब परिवारमा जन्मी अमेरिकाजस्तो शक्तिशाली राष्ट्रको सोह्रौं राष्ट्रपति बन्न सफल अब्राहम लिङ्कन, आधुनिक चीनका जन्मदाता एवं सर्वहारावर्गका नेता माओत्सेतुङ्ग, दक्षिण अफ्रिकाका महान नेता नेल्सन मण्डेला, क्यूवाली क्रान्तिका नायक चे ग्वेभारा, विश्व मानवतावादी संस्था रेडक्रसका जन्मदाता जाँ हेनरी ड्यूना, मानवताकी प्रतिमूर्ति फ्लोरेन्स नाइटिंगेल (Lady with the Lapmp), अनि संघर्षकी प्रतिमूर्ति क्लाश जेट्किन जस्ता विश्वविख्यात व्यक्तित्वहरुको नाम हिन्दूधर्मका हाम्रा कुन पण्डित, पुरोहितले जुराइदिएको

हो ? ए हिन्दूधर्मका ठेकेदारहरु हो ! तुरुन्त जवाफ दिनुपऱ्यो !!

**आदरणीय पाठकवृन्द !**

हाम्रो समाजमा रहेका राई, लिम्बू आदि जनजाति समुदायको बच्चा जन्मदा कुनै ब्राम्हण पुरोहित नलगाई बच्चाको जन्म जुन बार भयो, सोही बारको शब्द जनिने गरी नाम राख्ने प्रचलन छ। जस्तै :- आइतबार बच्चा जन्मेमा- आइतरानी, सोमबार जन्मे- सोमरानी, बुधबार जन्मे- बुधमती, शुक्रबार जन्मे- शुकरानी, सुकबहादुर आदि ।

अर्को तर्फ एकछिनको लागि मानौं - हिन्दूविधि विधानलाई पूर्णरुपमा अवलम्बन गरी पण्डितज्यूमार्फत नाम जुराइयो- "धनप्रसाद", तर नामको 'धनप्रसाद' व्यवहारमा "हरिकंगाल" हुन्छ ! नामको 'बलबहादुर', शरीर भने कस्सेर एकमुड्की हान्दा तीनकाल्ला मुनि पछारिन्छ ! नामको "पुष्पलाल", बोली भने सिस्नोको जस्तो छ ! नामको "जीतबहादुर", व्यवहारमा भने लुते कुकुरले पुच्छर हल्लाउँदा बेहोस भएर लड्छ ! नामको "ज्ञानीराम", व्यवहार भने मातेर श्रीमती कुट्छ !! नामको "देशभक्त", व्यवहार भने रातिराति जंगेपिलर भत्काउन जान्छ !!

यिनै एकाध उदाहरणहरुबाट पनि वास्तवमा हिन्दूविधिविधानअनुसार गरिने न्वारान विधि धार्मिक अन्धविश्वासयुक्त रहेछ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

न्वारान सम्बन्धमा छलफल गर्दा हामीले धार्मिक अन्धविश्वासकोरुपमा सुतक बार्ने परम्परालाई पनि लिन सकिन्छ, किनकि बच्चा जन्मिसकेपछि उक्त घर बिटुलो भयो भनेर छुवाछूत सरहको व्यवहार गरिन्छ। हाम्रो समाजमा सामान्यतया बच्चा जन्मेपछि सुत्केरी आमाको त कुरै छोडौं परिवारका अन्य सदस्यहरु समेतले छोएको अरुले नखाने प्रचलन यथावत छ। अनि नजिकका आफन्तजनले





सुतकमा गोरु जोत्नु हुदैंन, अन्न छर्नु हुदैंन आदि भनेर बार्ने चलन छ। यो सर्वथा झुट् कुरा हो। अन्धविश्वासको पराकाष्ठा हो ।

यसैगरी बच्चा जन्मिसकेपछि सुत्केरी आमालाई बाक्लो, तातो, न्यानो, नरम ओछ्यानमा सुताउँनुको साटो सामान्यतया पराल ओछ्याएर राखिन्छ । आजको जस्तो प्लाष्टिक, म्याकेन्तोष आदिको आविष्कार नभइसकेको समयमा सुत्केरी हुँदा भएको रक्तश्रावले लुगा, कपडाहरु बिग्रन्छ भनेर त्यतिबेलाको जमानामा त्यसो गरियो होला तर आज त त्यस्तो जमाना छैन। बाक्लो लुगा, न्यानो कपडा ओछ्याएर त्यसमाथि नरम प्लाष्टिक वा म्याकेन्तोष आदि ओछ्याई नरम ओछ्यानमा सुत्केरी आमालाई सुताउन सकिन्छ। तर हामी उही थोत्रो, कुहिसकेको चलनलाई पछ्याइरहेका छौं। त्यसर्थ यसलाई हामीले हटाउँनै पर्छ।

## २. अन्नप्राशन संस्कार (पास्नी) :

बच्चालाई पहिलोपटक अन्न खुवाउँने संस्कारको रुपमा अन्नप्राशन (पास्नी) लाई मानिन्छ। मनुस्मृतिअनुसार यो संस्कार छ महिनामा गरिन्छ। हाम्रो समाजमा हाल धनीमानी व्यक्तिहरु र शहरबजारमा यसलाई ठूलो आडम्बरको रुपमा मनाउने प्रचलन बढेर गइरहेको छ। छिमेकीको सेखी तोड्ने बहानामा पनि यो संस्कारमा फजूल खर्च र देखासेखी गर्ने प्रवृत्ति यथावत रहिआएको छ।

हाम्रो समाजमा बच्चा जन्मेपछि सामान्यतया २/३ महिनादेखि आमाले पौष्टिक आहाराको रुपमा आफ्नो दुधको अतिरिक्त सर्वोत्तम पीठोको लिटो, बजारमा पाइने सेरेलेक वा विष्कुट आदि पानीमा घोलेर, पकाएर बच्चालाई ख्वाउने चलन छ। विचार गर्नुहोस् त ! २/३ महिनाको हुँदै बच्चाले अन्न खाइसकेको छ, अनि पछि ६ महिनामा हर्षबढाई गरेर, पैसा खर्च गरेर अन्न खुवाउने संस्कारको रुपमा पास्नी गर्नु प्रासङ्गिक हुदैंन। फजूल खर्च गरेर पास्नी मनाउने तर त्यो प्रासङ्गिक नै हुन्न भने किन गर्नु यस्तो संस्कार !! त्यसर्थ अन्नप्राशन संस्कार (पास्नी) गर्ने परम्परा गलत छ, यसलाई हामीले हटाउनै पर्छ।





## ३. चूडाकर्म संस्कार (छेवर) :

मनुस्मृति अनुसार "सबै द्विजातिले धर्मको पालना गर्नका लागि पहिलो वा तेस्रोबर्षमा मुण्डन गर्नुपर्दछ ....... (चूडाकर्म छिजातीनां सर्वेषामेव धर्मत। प्रथमे क बदे तृत्तीये वा कर्तव्यं श्रुतिचोदनात्- २/३५)। अहिले हाम्रो समाजमा सामान्यतया बच्चाको उमेर ३ बर्षको भएपछि चुडाकर्म (छेवर) गर्ने प्रचलन छ। गाउँघरको तुलनामा शहरबजारमा र गरीब, दुखीहरुको तुलनामा धनी, सम्पत्तिवाल परिवारमा यो संस्कार बढी खर्चिलो र आडम्बरसाथ मनाउने चलन देख्न सकिन्छ।

चूडाकर्म संस्कार (छेवर) गर्नुको मुख्य उद्देश्य बच्चाको पहिलोपल्ट केश काट्नु हो। वास्तवमा हामी केश कति बेला काट्छौं ? जतिबेला केश लामो हुन्छ, असजिलो हुन्छ, जुम्राले लिङ्गेपीङ्ग मच्चाउँन थाल्छ, तब केश छोटो बनाइन्छ, काटिन्छ। यसरी केश अफ्ट्यारो, असजिलो आदि भएपछि काटिने हुँदा हिन्दू संस्कारको रुपमा ३ बर्षसम्म पर्खेर, विधिविधान गरेर छेवर गर्नुको कुनै औचित्य नै हुँदैन।

चूडाकर्म संस्कार (छेवर) को विषयमा कुरा गरिरहँदा अर्को भुल्नै नहुने कुरा के हो भने "जन्मबार, जन्ममहिना वा श्रावण महिनामा केश काट्नुहुदैंन" भन्ने चलन हाम्रो समाजमा अझै विद्यमान छ। यो विशुद्ध धार्मिक अन्धविश्वास हो। औचित्य पनि नभएको, धार्मिक अन्धविश्वासले ग्रस्त, फजूल खर्च हुने, आडम्बरयुक्त भएकोले चूडाकर्म संस्कार (छेवर) सर्वथा गलत छ। त्यसैले यो संस्कारलाई त्याग्नै पर्दछ।

## ४. उपनयन संस्कार (ब्रतबन्ध) :

हाल गाउँघरदेखि शहरबजार सबैतिर हिन्दूधर्मावलम्बीहरुले उपनयन संस्कार (ब्रतबन्ध) गर्ने प्रचलन रहेको छ। सामान्य व्यक्तिदेखि लिएर समाज परिवर्तनको दिशामा लागेका र साम्यवादी सोच एवं सिद्धान्त अँगालेका राजनीतिक दलहरुका उच्चतहका नेतागणहरुको घरमा समेत बढो रमझमकासाथ ब्रतबन्ध गर्ने गरिएको दृष्य हामी देख्दछौं।

मनुस्मृतिको अनुसार- "गर्भको आठौं बर्षमा ब्राम्हणको, उपनयन संस्कार गराउँनु पर्दछ, गर्भको एघारौं बर्षमा क्षत्रीयको र गर्भको बाह्रौं बर्षमा वैश्यको उपनयन संस्कार पूरा गर्नु पर्दछ।"

(गर्भाष्टमेऽबदे कुवीर्त ब्राम्हणस्योपनायनम्।
गर्भादेकादशे राज्ञो गर्भातु द्वादशे विशः।)
मनुस्मृति -२/३६

हाम्रो समाजमा प्रचलनमा रहेको उपनयन संस्कार (ब्रतबन्ध) ले " .... वर्णव्यवस्थाले निर्धारित गरेको माथिल्लो जाति र तल्लो जातिका बीच विभेद गराउने काम गर्दछ। उपनयन संस्कारमा धारण गरिने यज्ञोपवीत वा जनै त्यस्तो साधन मानिन्छ, जसले ती जातका मानिसलाई नयाँ जन्म दिन्छ (जनै लगाएपछि द्विज अर्थात दोस्रोजन्म भएको भनिन्छ) र जातमा उक्लिएको भनिन्छ।"[९] ब्रतबन्ध नगरुन्जेल सानो जात हुने, ब्रतबन्ध गरेर जनै धारण गरेपछि लगत्तै उच्चजातमा गनिने, कस्तो सजिलो नियम !!

९. *चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*





हाम्रो गाउँघर, समाजलाई एकछिन् विचार गरौं त !

कथित ठूला जात भनिएका बाहुन, क्षेत्री परिवारका छोराहरु सानै छँदा दलित तथा जनजाति समुदायका घरमा आएर दालभात लगायत अन्य जेसुकै खानेकुराहरु खानबाट बञ्चित गराइदैन तर जब उसलाई ब्रतबन्ध गरेर जनै धारण गराईन्छ तब उसलाई दलित समुदायको घरमा खान, पिउन सबै बर्जित गरिन्छ। उसलाई "अब तिमी ठूलो जात, कूलमा चढ्यौ, अछूतले छोएको खानुहुँदैन, उनीहरुबाट जोगिनू, अलग्गै रहनू ......" आदिआदि भनेर कान फुकिन्छ। यसबाट प्रष्ट बुझ्न सकिन्छ कि हिन्दूधर्मानुसार गरिने उपनयन संस्कार (ब्रतबन्ध) छुत र अछूत छुट्याउने पर्खाल हो, सामन्तवादी वर्णव्यवस्थालाई टिकाइराख्ने आधार हो।

ब्रतबन्ध संस्कार गर्दा ब्राम्हण, क्षेत्रीय समुदायहरुको घरमा मण्डप बनाएर, ब्राम्हण पुरोहित बोलाएर ब्रतबन्धकै नामले गरिन्छ र आजकल कतैकतै सामुहिक रुपमा पनि आयोजना गर्न थालिएको छ। दलित समुदायको हकमा भने विवाह संस्कार गर्दा त्यो सँगसँगै ब्रतबन्ध गर्ने प्रचलन रहेको छ। नेपालको पूर्वीक्षेत्रतिर दलितसमुदाय भित्रका कुनैकुनै विश्वकर्माहरुले ब्रतबन्ध संस्कार गरी जनै लगाउने प्रचलन देखिन्छ।

जुन संस्कारले युगौंदेखि अछूत बनायो र एक्काइसौं शताब्दीसम्म अछूत बनाउन छोडेको छैन, त्यही पाखण्डी संस्कारलाई अंगाल्नु भनेको आफ्नै खुट्टामा आफै बन्चरो हान्नुसरह हैन ? अनि आफैंलाई ठग्ने गोमन सर्पलाई दूध पिलाउनु बराबर हैन र ?

अब तपाईं हामी प्रत्येकले औँलो ठड्याउने बेला आएको छ। समाज परिवर्तन गर्छु भन्ने, छुवाछूत मान्दिन भन्ने, महिलालाई विभेद गर्दिन भन्ने राजनीतिक व्यक्तिहरु, सामाजिक संघ संस्थाका अगुवाहरुले साच्चै व्यवहारमा परिवर्तन देखाएका छन् कि छैनन् ? छुवाछूत मान्दिन भन्ने, जातपात मान्दिन भन्ने, समाज परिवर्तन अवस्य गर्छु भन्ने तर बिहानबिहान कानमा जनै सिउरेर जप्न नछोड्ने हो भने, सावधान ! त्यस्ता नेताहरुलाई, अगुवाहरुलाई विश्वास गर्न सकिन्न। यदि उनीहरुले भित्रैबाट परिवर्तन चाहेका हुन् भने व्यवहारमा पनि देखाउन सक्नुपर्‍यो, होइन भने त्यस्तो भन्नुको कुनै तुक छैन।

सारसंक्षेपमा भन्नुपर्दा हिन्दूधर्मानुसार गरिने उपनयन संस्कार (ब्रतबन्ध) सर्वथा गलत छ, विभेदकारी छ। तसर्थ यो संस्कारलाई पूर्णरुपमा परित्याग गर्नुपर्दछ।





## ५. विवाह संस्कार :

**आदरणीय पाठकवृन्द !**

हामीहरु विवाहको विषयमा परिचित छौँ। वास्तवमा विवाह जीवनको एउटा महन्वपूर्ण क्षण पनि हो। हाम्रो समाजमा अलग अलग जाति, समुदायआदिले अलगअलग तरिकाले विवाह गर्नेगरेको पाइन्छ। प्रस्तुत अनुच्छेदहरुमा युगौंदेखि जरा गाडेको हिन्दूधार्मिक विधिविधानअनुसार गरिने विवाह पद्धतिको विषयमा हामी छलफल केन्द्रित गरौँ।

हिन्दूधर्मानुसार विवाहमा कन्याको उमेर सीमा तोकिएको छ। विवाहमा "पाँचबर्षको कन्या गौरीसमान र आठबर्षको कन्या रोहिणीसमान हुन्छन् (पञ्चबर्षं भवेत गौरी, अष्टबर्षं च रोहिणी)" भनी उल्लेख गरेको छ। निर्णयसिन्धूअनुसार "पाँचबर्षदेखि आठबर्षसम्मको उमेर कन्याको विवाहको लागि उचित समय हो। बाह्रबर्षसम्म प्रायश्चित गर्न सकिन्छ, त्यसपछि हुदैँन।"

(पञ्चबर्ष प्रभृति अष्टबर्षपर्यन्तं कन्या विवाहे उचित कालः द्वादशादौं प्रायश्चित्तावहः )

मनुस्मृति अनुसार ब्राम्ह, दैव, आर्ष, प्राजापत्य, आसूर, गान्धर्व, राक्षस र पिशाच गरी आठप्रकारका विवाहविधिहरु अलगअलग वर्णलाई तोकिएकाछन्।

"वरलाई निम्ता गरी बोलाएर, कन्यालाई पर्दाले छेकेर, गहनाआभूषणले

सिंगारेर, दुवैको पूजाअचना गर्दै वरलाई कन्यादान दिनु ब्राम्हविवाह हो।"

(आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम्।
आहूय दानं कन्याया ब्रामहोधर्मः प्रकीर्तिन।)
मनुस्मृति -३/२७

"ऋत्विक ब्राम्हणद्वारा यज्ञको विधिविधान पूरा गराएपछि सिंगारिएकी कन्याको दान गर्ने विवाह दैवविवाह हो।"

(यज्ञे तु वितते सम्यगृत्विजे कर्म कुर्वते।
अलकुंत्य सुतादानं दैवं धर्म प्रचक्षते ।)
मनुस्मृति -३/२८

"वरबाट एउटा गाई वा गाईगोरुको एकजोडी धर्मको नियमानुसार लिएर विधिपूर्वक कन्यादान गर्ने विवाहलाई आर्षविवाह भनिन्छ।"

(एकं गोमिधुनं द्वे वा वरादादाय धर्मतः।
कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते।)
मनुस्मृति -३/२९

"दुवैले मिलेर गृहस्थी धर्माको रक्षागर भन्दै पूजा गरेर कन्यादान गरिने विवाह प्रजापत्यविवाह हो।"

(सहोभौ चरतां धर्ममिति वाचानुभाष्य च।
कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधिः स्मृतः।)
मनुस्मृति -३/३०





"बाबुआमा वा दाजुभाइलाई यथाशक्ति धन दिएर वरले आफूखुशी कन्यालाई हरणगर्ने पद्धति आसुरविवाह हो।"

(ज्ञातिभ्यो द्रविणं दत्का कन्यायै चैव शक्तितः।
कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्चयते।)
मनुस्मृति -३/३१

"कन्या वा वरका स्वेच्छाले सम्योग भई हुने गान्धर्व विवाह हो। यस्तो विवाह कामभोगका इच्छाले हुनेभए पनि हितकर हुन्छ।"

(इच्छयान्योन्यसंयोगः कन्यायाश्च वरस्य च।
गान्धर्वः स तु विज्ञेयो मैथुन्यः कामसम्भव।)
मनुस्मृति -३/३२

"बाधा हाल्नेसँग कुटपिट, मारकाट र झैझगडा गरी खोसेर, बोकेर, बलपूर्वक रुवांउदै र तर्साउंदै कन्यालाई घरबाट हरणगरी जबरजस्ती गरिनेको नाम राक्षसविवाह हो।"

(हत्वा छित्वा च भित्वा च क्रोशन्ती रुदतीं गृहात्।
प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते।)
मनुस्मृति -३/३३

"निदाएकी, मातिएकी, बौलाएकी, आइमाईलाई एकान्तमा भेटेर सम्भोग गर्ने किसिमको अत्यन्त निन्दित, निकृष्ट र पापीकृत्यलाई पिशाचविवाह

*१०. चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*

भनिन्छ । यो आठौं र नीचकिसिमको विवाह हो ।"

(सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति ।
स पापिष्ठो विवाहानां प्रशाचश्चाष्टमो ऽ धमः)
मनुस्मृति -३/३४

माथि उल्लेख गरिएबमोजिमका विवाह पद्धतिहरु अलगअलग वर्णका लागि अलगअलग तोकिएका छन् । "अरु वर्णको विषयलाई पन्छाएर माथिल्ला वर्ण भनिने ब्राम्हण र क्षेत्रीयको कुरा गर्ने हो भने पनि उनीहरु आज निर्णयसिन्धूहरुले तोकेकोभन्दा एकदमै अर्को विवाहको रुपलाई अवलम्बन गरिरहेका छन् । क्षेत्रीयहरुलाई ब्राम्ह र दैवविवाह गर्न बन्देज लगाइएको छ । तर हिजोआज उनीहरु दैवविवाहको रुपलाई व्यवहारमा ल्याइरहेका छन्, थप उनीहरु गान्धर्वविवाहको पद्धत्तिलाई पनि एकैसाथ गर्ने गरिरहेका छन् । त्यसरी नै आज ब्राम्हणहरु विवाहसंस्कार गर्दा गान्धर्वविवाहको रुप स्वयम्बर गरिसकेपछि दैवविवाहको संस्कार अर्थात् यज्ञ गर्ने, पुरोहित लगाउँने र वरलाई अलंकृत गरेर कन्यादान गर्ने काम गर्दछन् । यो एकजना व्यक्तिसँग दुईपटक एकैदिनमा विवाहसंस्कार गर्ने विकृत परिपाटी हो । कट्टर ब्राम्हण र धर्मशास्त्रका ज्ञाताहरु स्वयम्बर गरिसकेपछि दैवविवाह गर्नु औचित्यहिन् ठानेर त्यसलाई अस्वीकार गर्दछन् । स्वयम्बर गरिसकेपछि यज्ञ गर्नुको कुनै अर्थ रहदैन भन्ने उनीहरुको मत छ ।"[१०] तर हाम्रो समाजमा विवाहको त्यही विकृत चलन चल्तीमा आइरहेको छ ।

हिन्दू विधिविधानमा उल्लेख भएको विवाह पद्धतिको सन्दर्भमा सुक्ष्मातिसुक्ष्म अध्ययन गर्ने हो भने यसले महिलालाई मानवको रुपमा स्वीकार गरेको पाइदैन । छातीमा हात राखेर भन्ने हो भने माथि उल्लेख गरिसकेको

*१०. चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*





उपनयन संस्कार (ब्रतबन्ध) ले जसरी कथित उपल्लो भनिएको वर्ण (द्वज) र दलितसमुदायबीच विभेदरुपी पर्खालको काम गरिरहेको छ त्यसरी नै हिन्दूविवाहपद्धतिले महिला र पुरुषबीच विभेदरुपी पर्खालको काममा पूरापूर सहयोग गरिरहेको छ । हिन्दूविवाह संस्कारले पुरुषलाई शीरको स्वामी, मालिक हुँदैं कथित भगवानसम्मको दर्जामा उकालेको छ भने महिलालाई चरणकी दासी हुँदैं दानमा प्राप्त निर्जीव वस्तुसरहको दर्जामा ओरालेको छ । अनि महिलालाई पतिब्रताको धर्म सिकाएर पुरुषहरुलाई व्यभिचारको छुट दिएको छ ।

मनुस्मृतिअनुसार- "पति अनाचारी, परस्त्रीलम्पट, विद्याआदि गुण नभएको नै भएपनि साध्वीस्त्रीले सधै देवतासरह आफ्ना पतिको सेवा गर्नुपर्दछ ।"

(विशीलः कामवृत्तो वा गुर्णेर्वा परिवर्जित ।
उपचर्यः स्त्रीया साध्व्या सततं देववत्पतिः)
मनुस्मृति -५/१५४

"स्त्रीहरुका लागि न अर्को कुनै यज्ञ छ, न ब्रत छ, र न उपवास नै । पतिको सेवाबाट नै उनीहरु स्वर्गलोकमा पूजित हुन्छन् ।"

(नास्त्री स्त्रीणां पृथग्यज्ञो न ब्रतं नाप्युपोषणम् ।
पति शुश्रूषते येनतेन स्वर्गे महीयते ।)
मनुस्मृति -५/१५५

"पतिसेवा सबैभन्दा ठूलो धर्म हो, यो बराबर अरुधर्म छैन ।"
(नारीणां परमोधर्मः पति सेवा परोनहि ।)

हिन्दूविधिविधानले विवाहको औचित्य केवल छोरा जन्माउनुसँग मात्र राख्दछ । "वरलाई विष्णुको प्रतिनिधि मानेर दुलहीका पिताले सन्तानोत्पादनका निम्ति छोरी दान गरेँ भन्ने र तिमीले वचनले दिएकी कन्यालाई छोरो जन्माउन स्वीकार गरेँ भनी वरले उत्तरदिने चलन हिन्दूविवाहपद्धतिको एउटा प्रमुख विषय हो ।"[११] यस उद्धरणबाट प्रष्टसँग बुझ्न सकिन्छ कि हिन्दूविवाहपद्धतिले महिलालाई बच्चा जन्माउने साधनमात्र ठान्दछ अनि भोग्या वस्तुको रुपमा मात्र स्वीकार गर्दछ ।

हिन्दूविवाहपद्धतिमा "कन्यादान" लाई प्रमुखरुपमा मानिन्छ । अनि दानमध्येको सबैभन्दा उत्तमदानमा कन्यादानलाई लिइन्छ । मानिसलाई निर्जिववस्तु वा पशुसरह 'मारे पाप पाले पुण्य' भन्दै अर्कोलाई दानको रुपमा दिनु भनेको महिलालाई पशुभन्दापनि तल्लो दर्जामा गिराउनु हो, निर्जीव, स्वास नफेर्ने, अचेतन वस्तुको रुपमा स्वीकार गर्नु हो । हिन्दूसंस्कार अनुसार गाई, सुन, फलाम, भूमि, सैया (खाट), रुपैयाँ, पैसा आदि दान गर्ने गरिन्छ । गाई भनेको पशु, सुन, फलाम भनेको धातु, भूमि भनेको माटो, सैया भनेको निर्जिव, श्यास नफेर्ने वस्तु हो । त्यसैका ठाउँमा कन्यादानलाई पनि राख्दा महिलाको हैसियत कहाँ पुग्यो ? राम्ररी मनन् गरौं त !

*११. चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*





धार्मिकसंस्कारले महिलालाई पतिको जीवन छउन्जेल मात्र हैन, उसको मृत्युपछिसम्म पनि स्वतन्त्र हुन दिएको छैन । पतिको मृत्युपश्चात दोस्रो विवाहको त कल्पनासम्म पनि पनि गर्न पाइन्न ।

मनुस्मृति अनुसार- "पति मरेपछि स्त्रीले फलफूल र कन्दमूल खाएर क्रमशः शरीर सुकाउँदै जानुपर्छ तर परपुरुषको नाम कहिल्यै लिनु हुँदैन ।"

(काम तुं क्षपयेद्धेहं पुष्पमूलफलैः शुभैः ।
न तु नामापिगृहणीयात्पत्यौ प्रेते परस्य तु ।)
मनुस्मृति -५/१५७

हिन्दूसंस्कारले एकातिर महिलाको लागि,
"एउटा लोग्ने मरे अर्को नामैपनि नसम्झनू,
चोखो, रुखो, सुखोखाई, आफ्नो जीउ सुकाउँनू"
भनेर आदेश दिन्छ । तर त्यही धर्मले पुरुषको लागि भने
"एउटा पत्नी मरे उसको काजक्रिया सकेपछि,
दोस्रो पत्नी ल्याई हाल्नू र सन्तान जन्माउनू ।"

भनेर खुलम्खुल्ला दोस्रो पत्नी ल्याउन प्रोत्साहित गर्दछ । हाम्रो समाजको चलन यस्तै छैन र ! पति मर्‍यो भने पत्नीले जीवनभर विधुवा भएर माथि उल्लेख गरिएझैं दुःखीभएर कष्टकासाथ बाँकी जीवन गुजार्नुपर्छ तर पतिको सन्दर्भमा पत्नी मरिन् भने काम सकेको भोलिपल्टदेखि नै अर्को केटी खोज्न थाल्छन् । अहिले त हिन्दूमहिलाले विधुवा, एकल भएर बाँच्नसम्म त पाउँछिन् तर विगतमा त पति मरेपछि उसको मृतशरीरसँगै 'सती' बनेर जिउँदै जलेर मर्नुपर्थ्यो । यस्तो घटना सम्झदा पनि आङ्ग सिरिङ्ग हुन्छ !!! ठण्डा दिमाग बनाएर गम्भीर बनी सोचौं त ! हिन्दूसंस्कारले धर्मको नाममा मानवप्रति कति कठोर एवं जघन्य अपराध गरेको छ !

अब हामी हिन्दूविवाहपद्धतिमा प्रयोग हुने सामग्रीहरुको विषयमा थोरै चर्चा गरौं :-

हिन्दू धार्मिकपद्धतिअनुसार गरिने विवाहमा दुलाहाले दुलहीलाई हरियो पोते एवं रातो सिन्दूर लगाइदिन्छन् । त्यसपछि ती महिलाले पति जिवीत छउन्जेल उक्त सामग्रीहरुको प्रयोग गरिरहनुपर्छ । यसबाट जोकोहीले सहजै बुझ्न सकिन्छ कि महिलाले उक्त सामग्रीहरु गहनाको रुपमा, आभूषणको रुपमा, श्रृङ्गारको रुपमा प्रयोग गरेको होइन । त्यो त पतिको लागि लगाइदिएको हो । किनकि पति मरेपछि पत्नीको सिन्दूर पखालिन्छ, चुरा फुटाइन्छ अनि गलाबाट पोते चुडाएर पतिको मृतशवमाथि हाली डढाइन्छ । त्यसपछि जीवनभर ती महिलालाई धार्मिकसंस्कारअनुसार रातो टीका, कपडाआदि लाउन बर्जित गरिन्छ ।
धार्मिक संस्कारअनुसार महिलालाई सिन्दूर, पोते भिराएर विवाहित भएको लालमोहर ठोकियो तर त्यही संस्कारले पुरुषलाई भने विवाहित भएको पहिचान दिन के निशानी दिएको छ ? अह ! अहिलेसम्म कहीकतै पनि पुरुषलाई विवाहित रहेछ भनेर चिनिने कुनै निशानी दिएको थाहा छैन ।

विवाहमा बेहुलीलाई यज्ञमा सार्वजनिकरुपमा निहुरिएर बेहुलाको गोडा ढोग्न लगाइन्छ । माथि नै उल्लेख गरिसकिएको छ कि हिन्दूधर्मले पुरुषलाई शीरको स्वामी, मालिक हुदैं कथित भगवानको दर्जामा पुर्‍याएको र महिलालाई दासी, पाइतालाको धूलो, नोकर आदिको रुपमा राखेको हुँदा नोकरले मालिकलाई गर्ने सम्मानको रुपमा यसलाई लिन सकिन्छ । पत्निले पतिको गोडा धोएर पानी पिउनु पर्ने तर पतिले पत्नीको खुट्टा छुदैं पाप लाग्ने !! यस्तो चलन सामन्ती संस्कृतिको पराकाष्ठा नभएर अरु के हुन्छ ? त्यसर्थ हिन्दूसंस्कार, रीतिअनुसार गरिने विवाह पद्धतिमा देखिएका यी मानवताविरोधी कुसंस्कारहरुलाई जरैदेखि उखेलेर फाल्नै पर्दछ ।





## ६. अन्त्येष्टि संस्कार (मृत्युसंस्कार) :

**आदरणीय पाठकगण !**

मान्छे मरिसकेपछि गरिने संस्कार अन्त्येष्टि अर्थात मृत्युसंस्कार हो । यो हिन्दूहरुको सबैभन्दा पुरानो संस्कार हो । निश्चितरुपमा मृत्युसंस्कार अति सम्वेदनशील र भावनात्मक अवस्थामा गरिन्छ । किनकि आफ्नो बाबुआमा, नजिकको आफन्त वा प्रियजनको मृत्युको क्षण अत्यन्त हृदयविदारक हुन्छ । एकछिन अघिसम्मसँगै बसेको, सँगै बोलेको, मनका भावनाहरु साटासाट गरेको, दुःखसुखका कुराकानीहरु गरेको आफ्नो अति प्रियजनको तत्काल मृत्युहुँदा, उसको भौतिक शरीर अब हामीबाट सधैंसधैंका लागि हराउँदा हामी त्यो दारुण क्षणको कल्पना पनि गर्नसक्दैनौं; हामी मन थाम्नै सक्दैनौं । ऊसँग बिताएका जीवनका घटना परिघटनाहरु हाम्रो मनमा तछाडमछाड् गर्दै लुकामारी खेल्न आइपुग्छन् । हाम्रो मानवीय समवेदनाले चसचस घोच्छ; हामो मुटुको धडकन एक्कासी बढेर पोल्छ; हाम्रो मन अति भकानिन्छ, आगालेभन्दा पनि अति साह्रो डहन गर्छ । त्यसको प्रतीकात्मकस्वरुप हामी भिम्मल हुन्छौं; आँशुझार्दै रुन्छौं । यो संसार नै कालो अध्यारो भई हामीमाथिको आकाश खसेर हामीलाई थिचेजस्तो हाम्रो छाति गह्रौं एवं भारी हुन्छ । प्रायः हामी सबैले हाम्रो जीवनमा यस्तो अनुभव गरेका छौं ।

आर्यसमुदायका मानिसहरुलाई मर्नुभन्दा अगाडि वा घिटिकघिटिक श्वास हुँदा प्रायः बाहिर तुलसाका मोठमा निकाली बैतरणीदान आदि गरिन्छ । मान्छे मरिसकेपछि मृतशवलाई बोकेर नजिकको खोलामा, नदीमा लगी हिन्दूसंस्कारअनुसार दागबत्ती दिएर डढाइन्छ । मृतकका छोराहरु (यदि

छोराहरु नभए नजिक नाताका छोरा मान्छेहरु) कपाल मुण्डन गरी नाङ्गो, मुडुलो भएर सेतो लगौटी, कछाड, टाउकोमा सेतो टालो (छोपो) बेरेर क्रियापुत्री बनी खालीखुट्टा हिडेर घरमा आउँछन् र घरभित्र कुनामा, सुरक्षित ठाउँमा पाती/बाँसको लिङ्गो गाडेर बनाइएको कोरामा बस्छन्। नून, तेल आदि छुन बर्जित गरिन्छ। दिउसोतिर घरदेखि अलिपर धारा, कुवाआदिको छेउमा प्रेतको प्रतीकस्वरुप बनाइएको माटोको ढिस्को ( ढिकुरो) मा पूजा गरी भाँडामा पकाएर केराआदिका पातमा घिउचिनी हालेको भात खाइन्छ। त्यसपछि घरमा आई पण्डित, पुरोहितज्यूको मुखारविन्दबाट गरुड्पुराण एकत्रित भएर सुनिन्छ। दिनहु पिण्डदान गरिन्छ। अनि बीचबीच एवं अन्त्यतिर पुरोहितज्यूलाई विभिन्न दानहरु गरिन्छ। कथित अछूत भनिएकाहरुसँग बोलचाल बन्द गरिन्छ। पशुपंक्षी तथा अरु मान्छेहरुसँग छुन पाइन्न। एवंरीतले मान्छे मरेको तेह्रौंदिनमा मृत्युसंस्कार सम्पन्न गरिन्छ (काम सकिन्छ)। काम सकेको १ बर्षसम्म छोराहरु एवं पत्नीले सेता लुगा लगाएर बरखी बारिन्छ। मरेको शव खोलामा जलाउँदा शवको अस्थी (टाउकाको हड्डी) निकालेर गंगानदीमा लगी बगाउने गरिन्छ।

हिन्दूधर्मानुसार गरिने मृत्यु संस्कार चोखिने र चोख्याउने (पवित्रतासँग गाँस्ने) कुरासँग जोडिएको छ। पूर्वीयदर्शन अर्थात् अध्यात्मवादले मान्छे मरेपछि उसको भौतिक शरीर मात्र मर्छ तर ऊ भित्रको आत्मा कहिल्यै मर्दैन भनेर विश्वास राख्दछ। अनि मरेर गएको आत्मालाई तराउँनको लागि (उसलाई स्वर्गमा पुऱ्याउँनको लागि) अन्त्येष्टि क्रिया र त्यसको विधिविधान गर्नुपर्छ भन्ने धारणा रहेको छ। मान्छे मरिसकेपछि उसको आत्मा प्रेत बन्दछ, यदि उसले बाँचेको समयमा राम्रा कामहरु गरेको छ, ब्राम्हणलाई राम्राराम्रा चीजवस्तुहरु दान दिएको छ, आफ्नो धर्मको पालना गरेको छ आदि भने उसले स्वर्गमा सुखसँग बाँच्न पाउँछ यदि त्यसो





गरेको छैन, धर्मकर्म पनि गरेको छैन र उसका छोराहरुले राम्रो काजक्रिया पनि गरेनन्, ब्राम्हणहरुलाई दानदक्षिणाहरु पनि दिएनन् आदि भने यमराजका दूतहरुले बाटोमा अनेकौं यातनाहरु दिएर नरकको बाटोतर्फ लैजान्छन् भन्ने विश्वास गरिन्छ। यसरी मान्छे मरिसकेपछि गरिने अन्त्येष्टि संस्कार मरिसकेको आत्मालाई सुखदिन र बाँचेका परिवारहरुलाई जूठोबाट चोख्याई पानीबाट उकास्ने उद्देश्यले प्रेरित भएर गरिएको हुन्छ।

मान्छे मरिसकेपछि उसको प्रेत बनेको आत्मालाई शान्ति एवं सुख दिनको लागि गरिने भनिएको अन्त्येष्टि संस्कारमा दानलाई प्रमुखरुपमा महत्व दिइएको छ। दान पनि एकखालको मात्र हैन, भूमि, सुनदेखि बस्त्र, आभूषणहुँदै छाता, जुत्ता र लौरोसम्म पनि उल्लेख गरिएको छ। फेरि दान पनि कस्तो ! थोरै, यथाशक्ति दिएर नहुने, बर्षदिनभरि पुग्ने गरी दिनुपर्ने !!

मृत्युसंस्कारमा उल्लिखित दानसम्बनधी केही उद्धरणहरु हेरौं :-
"आचार्यलाई एकबर्षसम्म खानपुग्ने गरी घिउ, अन्न, सुवर्ण, चाँदी, उत्तमगाई, घोडा, हात्ती, रथ र भूमि यी सबै वस्तु दान दिनू।"

(बर्षवृत्तिं घृतं चान्नं सुवर्ण रजतं सुगाम्।
अश्र्वं गजं रथं भूमि आचार्याय पर्दापयेत्।)
-गरुड्पुराण १३/५३

"शय्यादानको प्रभावले दिव्य इन्द्रलोक र यमलोकमा निसन्देह सुखपूर्वक बस्न पाउँछ।"

(पुरन्दरगृहे दिव्ये सूर्यपुत्रालये ऽ पित ।
उपतिष्ठेन्न सन्देहः शय्यादानप्रभावत ।)
-गरुडपुराड १३/७९

"......... त्यहाँ डरलाग्दो घाम हुन्छ, त्यसले प्राणी डढ्न लाग्छन् तर छाता दान गरेको छ भने त्यसको शीरमा छाँया हुन्छ । ........... जसले जुत्ता दान गरेको हुन्छ, त्यसले अत्यन्त कष्टले व्याप्त यमलोकको बाटोमा सुन्दर घोडामा चड्न पाउँछ । ......... चर्कोघामले पीडित भएको, हावा र पानी नभएको त्यस यममार्गमा तिर्खा लागेको प्राणी कमण्डलु दानगरेको हुँनाले पानीखान पाउँछ । ......... सुपात्र द्विजलाई उत्तम आसनी र भोजन दिनाले यममार्गमा बिस्तारबिस्तार हिंडेर सुखपूर्वक पाथेय (बाटोको सामल) खादैं जान्छ । .......... मरण र ग्रहण यी दुवै समयको दान अरु सबै दानहरुमा मुख्य छन् । ........... जो ......... ब्राम्हणहरुलाई भूमिदान दिदैंन, त्यसले गाउँमा फुसको झुपडी पनि पाउदैंन र जन्मजन्मान्तर दरिद्र हुन्छ । .......... जुन पुरुष ............ विधिपूर्वक वैतरणी गाई दान गर्दछ, त्यो धर्ममार्गद्वारा धर्मराजको सभामा पुग्छ ।"

- गरुडपुराण

मान्छे मरेको समयमा सुनाइने गरुडपुराणका अरु एकदुई उद्धरणहरु पुनः मनन् गरौं :-

"पहिलो दिन जो पिण्ड दिइन्छ, त्यसले शीर, दोश्रो दिनको पिण्डले गर्धन र काँध, तेस्रो दिनको पिण्डले हृदय, चौथो दिनको पिण्डले पिठ्यू, पाचौं दिनको पिण्डले नाइटो, छैठौं दिनको पिण्डले कमर ......... तथा सातौं दिनको पिण्डले जाँघ, आठौं दिनको पिण्डले घुँडा, नवौं दिनको पिण्डले पाउ र दशौं दिनको पिण्डले भोकप्यासको उत्पत्ति हुन्छ । .......... तेह्रौं दिन यमदूतद्वारा पाशले बाँधिएको त्यो प्रेत, बाँधिएको बाँदरझैं एक्लै





यमलोकको बाटोमा जान्छ ।"

यसैगरी,

"कसैले यदि कालीगाईको दान गरेको छैन भने .......... ती वैतरणीमा ठूलो कष्ट भोगेर त्यस नदीको तीरमा उत्पन्न सीमलको रुखको तल दुःख भोग्न जान्छन् । ............ रुखमा भुन्ड्याइएका पापीहरुलाई पिट्दाखेरी जो तल झर्छन्, तिनलाई यमदूतहरु नरकमा फ्याकिदिन्छन्, जो पापी ती नरकहरुमा जाकिन्छन् ........ । जो नास्तिक ईश्वर तथा परमात्मालाई मान्दैन र मर्यादालाई तोड्दछ, ............. त्यस्ताजन अवस्य नरकमा जान्छ ।"

गरुडपुराणमा उल्लिखित नरकको बाटो यस्तो छ र मान्छे मरिसकेपछि त्यसबाटोमा हिड्दा यस्तो शास्ती खेप्नुपर्दछ, ........ पुनः गरुडपुराणकै केही अंशहरु :-

"............. कही काँडाले घोचिन्छ र कही महाविषधर सर्पहरुले, कही उसपापीलाई भयानक सिंह, बाघ र कुकुरले खान्छन्, कही बिच्छीले डस्छन् र कही उसलाई आगोले पोल्दछ । ......... कही महाभयानक तथा विशाल असीपत्र वन (तरवारकोजस्तो धारिला पातवाला वृक्षहरुको वन) छ ....... त्यो वन काग, लाटोकोसेरो, गिद्ध, अरिंगाल, बारुलो, डाँस र डडेलोले व्याप्त छ । असीपत्र वनका वृक्षहरुको मुनि पुग्दा त्यसका पातले त्यो छिन्नभिन्न हुन्छ । कही अन्धकूपमा जाकिन्छ, कही विकट पर्वतबाट गिर्दछ, कही छुराको धारमा र कही काँडाहरुको टुप्पोको माथिबाट हिड्दछ । कही भीषण अन्धतम् नरकमा, कही जलमा, कही जुकैजुका भएको हिलोमा, कही तातो हिलोमा भासिन्छ । कही तातो बालुवाको ढेरमा र कही तातो तामाको धूलो भएको बाटोमा, कही आगोको फिलुङ्गामा, कही कुहिरीमण्डल धूँवामा हिडँदछन् । कही फिलुङ्गोको बर्षा, कही बज्रको साथ

असिनाको बर्षा, कही रगत, शस्त्र र तातोपानीको बर्षा हुन्छ । कही क्षर (खार) र हिलोको वृष्टि हुन्छ, कही खाडलमा खस्तछ, कही टाकुरामा चढ्दछ र कही सुरुङ्गहरुमा घुस्तछ । त्यहाँ कतै असाध्यै अध्यारो छ, कही मुस्किलले उक्लनुपर्ने ढुंगा छ, कही पीप र रगत भरिएका दह र कही विष्टा भरिएका पोखरी छन् । ....... त्यसमा पीप र रगत बग्दछ तथा उसको किनारा हाडैहाडले भरिएको छ, जो दुर्गम छ र जसमा मासु र रगतको नै ............. हिलो छ र जसलाई तर्दा बढोदुःखले नै पारिपुग्न सक्छन् । त्यो नदी केशरुपी सिंवालीले जेलिएको छ, त्यो नदी ठूलठूला गोहीहरुले भरिएको छ, .............. जसरी ठूलो कराहीमा घिउ भकभकिन्छ, त्यसैगरी त्यो नदी आउन लागेको पापीलाई देखेर आगोको लपेटा र धूँवाले उत्कटभएर छट्किन थाल्छ । ......... पापीहरुलाई जीवनका लागि नै त्यो नदी बनेको हो, त्यो नदीको पार देखिदैन, त्यो पारगर्न अत्यन्त कठिन र अति दुःख दिनेवाला छ । यस्ता प्रकारले धैरै प्रकारको क्लेशयुक्त र अत्यन्त दुःखदायक त्यस यममार्गमा चिच्याउँदै, रुदैं पापी अति दुःखी भएर हिड्दछ ।"

-गरुडपुराण

माथि उल्लेख गरिएका केही उद्धहरणहरुबाटै हामी बुझ्न सक्दछौं कि वास्तवमा हिन्दुधर्मभित्रको मृत्युसंस्कार कति विज्ञानविरोधी र अन्धविश्वासले जकडिएको छ भनेर ! आफ्नो प्रियजन मर्दा उसका परिवारहरु एवं आफन्तजन खानपिउन छोडेर कति शोकमा डुबेका हुन्छन् अनि भावनात्मक रुपमा कतिधेरै पग्लिएका हुन्छन् ‼ त्यही मौका छोपेर तिम्रो मरेको मान्छेको आत्माले यस्तो नराम्रो दुःख पाउँछ; यमराजका दूत चित्रेले यति पिट्छ, यति यातना दिन्छ, यदि मरेको मान्छेको आत्मालाई कष्टबाट मुक्ति दिलाई स्वर्गमा पुर्‍याउने हो भने माथि उल्लेख गरिएजस्तो दानदक्षिणाहरु ब्राम्हणलाई अर्पण गर्नुपर्दछ, तब उनीहरु आनन्दसाथ स्वर्गमा





बस्न पाउनेछन् आदिआदि भनेर गरुडपुराणको नाममा भट्याइन्छ । अनि त मेरीबास्सै हाम्रा मान्छेले पुराणमा भनेजस्तो भयानक दुःख र शास्ती पाउँछन् अनि पुरोहितज्यूलाई असलअसल दानदक्षिणाहरु अर्पणगर्दा उनीहरु सुख पाएर सिधै स्वर्गातिर जान्छन भने हामी हाम्रा प्रियजनको आत्माको शान्तिको लागि एउटा गाईको सट्टा पाँचवटा गाई, सुवर्ण (सुन), चाँदी, शय्या (खाट), घिउ, अन्न, भूमि, छाता, जुत्ता, लौरो, भाँडाकुडा आदिआदि सबै दान गर्छौ र मरेका पितृलाई स्वर्गमा पुर्‍याउँछौं भन्ने भावना उनीहरुमा पग्लिएर आउँछ । जसको परिणामस्वरुप उनीहरु आँखा चिम्लेर आफ्नो सिरिखुरीले नपुगे ऋण काढेर भएपनि भकाभक ब्राम्हणलाई दान गर्न उद्धत हुन्छन् । "फलाम तातेकै बेला पिट्नुपर्छ, तबमात्र चाहेको आकार बनाउन सकिन्छ" भन्ने उखान ठ्याक्कै चरितार्थ भएन र ‼

आफ्ना आफन्तजनलाई जिउँदो छँदा कतिले एकछाक मीठो खान, एकआङ्ग राम्रो लाउन र मीठो बचन पनि दिएका हुदैंनन् तर मरिसकेपछि दिनहुँ पिण्डदान दिंदा, पुरोहितलाई भएभरको टक्रयाउँदा यत्रो पाउँछन् उनीहरुले ‼ आज एक्काइशौं शताब्दी भइसक्यो अहिलेसम्म कति मान्छे मरिसके होलान् र कति श्रीसम्पत्ति पुरोहितलाई दान गरिसकियो होला ! कल्पना गरौं त ‼ तर अरबौं मानिसहरु मरिसकेर सयकडौं खर्ब मूल्यबराबरको नगदी, जिन्सी सामानहरु दान गरिसक्दा पनि आजको दिनसम्म विश्वब्रम्हाण्डको कुनैपनि कुनाबाट पुरोहितलाई उत्तम दान दिंदा सिधै स्वर्ग पुगें अनि राम्रो दानदक्षिणाहरु नदिएकोले, काजक्रिया विधिविधानपूर्वक नगरेकोले यमराजको दूत चित्रगुप्तले कुट्नसम्म कुट्यो, चुट्नसम्म चुट्यो !आदि भनेर मरिसकेका ती करोडौं मानिसहरु मध्ये कुनै एकजनासम्मले पनि चिठ्ठीपत्र पठाएको छ ? एक कल फोन गरेको छ ? एउटासम्म इमेल गरेको छ ? अनि मोबाइल फोनको इन्बक्समा एउटासम्म म्यासेज आएको छ ?

**प्रियपाठक महोदय,**

**यी त सब जाली कुरा हुन् ।**
**“एउटा मर्ने अनि अर्कैले भूँढी भर्ने”**
**मन्त्र हुन् ।**
**“एउटालाई शरणार्थी बनाएर अर्काले महल ठड्याउँने”**
**तिकडम् हुन् ।**
**“मान्छेको आँखामा पट्टीबाधेर त्यसमा छारो हाल्ने”**
**प्रयत्न हुन् ।**
**“धार्मिक अन्धविश्वासलाई टिकाई राख्ने”**
**वहानाबाजी हुन् ।**

मृत्युसंस्कार भित्रका धेरै कुराहरुले जातीय छुवाछूत एवं लिङ्गभेदलाई पूरापूर सहयोग गरेको छ । मान्छे मर्नुभन्दा ठीक अघिसम्म दलित एवं जनजाति समुदायका व्यक्तिहरुसँग ब्राम्हण, क्षेत्रीय भनिएकाहरुले बोलचाल गर्न हुन्छ तर जब बिरामीको फुस्स स्वास जान्छ, तब उनीहरुसँग बोलचाल बन्द गरिन्छ । “अछूतहरुसँग बोल्यो भने पितृ स्वर्ग जान पाउदैंनन्” भनेर मुखमा ताला लगाइन्छ ।

पाठक गण !
अब हामी मृत्युसंस्कारको खानपिन एवं लगाउने लुगा, कपडाको विषयमा थोरै चर्चा गरौं :-

मान्छे मरिसकेपछि हिन्दूसंस्कारअनुसार नून, तेल आदि खानको त कुरै छोडौं, छुन पनि बन्देज गरिन्छ र सिलाएका लुगाकपडा आदि पनि लगाउन प्रतिबन्ध लगाइन्छ । उता दिउँसोदिउँसो क्रियापुत्री एवं जुठो





बार्नेहरुले पातमा भात खानुपर्छ । भाँडामा भात पकाउन चाहिँ हुने तर थालमा खान चाहिँ नहुने ! र पातमा खानुपर्ने ! च्यातेका कपडाहरु चाहिँ लाउँन हुने तर सिलाएका लुगा चाहिँ आङ्गमा हाल्नै नहुने ! चारसय रुपैयाँ केजीको खारेको घिउ चाहिँ डल्लाडल्ला खानहुने तर एकसयबीस रुपैयाँ लिटरको खानेतेल चाहिँ छुन पनि नहुने ! एकसय रुपैयाँ केजीको चिनी चाहिँ खानहुने तर दशरुपैयाँ केजीको नुन चाहिँ छुनपनि नहुने ‼ यो कस्तो बेढंगको नियम होला ‼

उल्लिखित कुरा हेर्दा, सुन्दा सामान्य लाग्छ तर त्यसले दिनखोजेको अर्थ वा भाव गहिरो छ । अहिले पो तपाईं हामीले प्रयोग गर्ने भाडावर्तनहरु विभिन्न धातु कम्पनी एवं फ्याक्ट्रीबाट उत्पादन भएर आउँछ तर अहिलेको जस्तो फ्याक्ट्री, कम्पनी आदि नभएको विगतको समयमा त हामीले पकाउन, खान, पिउन आदिमा प्रयोग गरिने सम्पूर्ण भाँडाकुडाहरु विश्वकर्मा दाइले नै बनाउँथे । यसैगरी अहिले पो लुगाकपडाहरु जसले पनि सिलाउँछ तर विगतमा त जीउ ढाक्ने लुगाकपडाहरु दर्जी दाइले नै सिलाउँथे । यसरी कथित अछूतले छोएर बनाएको भाँडाकुडाहरुमा खाना खायो भने, उसले थुकदल्दै सिलाएका लुगाकपडाहरु आङ्गमा लगायो भने “छोइन्छ र हाम्रा मरेका पितृहरु स्वर्गजान पाउदैंनन्” आदि भनेर आजसम्म थालमा भातखान र सिलाएका लुगाकपडा लगाउन बर्जित गर्ने चलन बसिआएको हो । उता “नून” छून, खान नहुने सन्दर्भमा चाँहि अहिले पो नून जहाँसुकैबाट आयात गरिल्याइन्छ तर पहिले त नून हालको चीनको तिब्बत (भोट) बाट ल्याइन्थ्यो, “गाईको मासुखाने भोटेले छोएको नून खायो भने हाम्रा मरेका पितृ पारतर्न सक्दैनन्” भन्ने चिन्तनबाट नूनको प्रयोग बर्जित गरिएको हुनसक्छ । हाम्रो समाजमा अहिले पनि तिहारमा देउसी, भैलो खेल्दा “ल्हासाको सुन, भोटको नून” भन्ने वाक्यांश जनजिब्रोमा आइरहन्छ । यसबाट पनि उक्त तर्कको थप पुष्टि गर्न बल पुग्दछ ।

हिन्दूधर्मअन्तर्गतको मृत्युसंस्कार पद्धति अन्धविश्वासले ग्रस्तभएको कुरा हामीले चर्चा गऱ्यौं । “मरेर गइसकेको र खरानी भइसकेको लासलाई समेत चोख्याउने (प्रेतबाट मुक्तिदिएर स्वर्ग पठाउने) कुरो पनि यसमा छ र यो कुरो खासगरी धर्मसँग जोडिएको छ । यसका निम्ति क्रियापुत्री बस्नु पर्ने, कोरा बार्नु पर्ने, ढिकुरो फोर्नु पर्ने, दशदान, शय्यादान, पिण्डदान जस्ता अनेकौं दानहरु दिनु पर्ने, गरुडपुराण लगाउँनु पर्ने, बरखी बार्नु पर्ने र बर्षैपिच्छे श्राद्ध गर्नु पर्ने आदि कामहरु गर्न लगाइन्छ । यसरी मृत्युसंस्कारभित्र मान्छेको शरीरभन्दा पृथक आत्मा, मरणोपरान्त जीवन, पुनर्जन्म, स्वर्ग र नरकजस्ता नितान्त गलत र विज्ञानविरोधी चिन्तन गासिंन आइपुग्छन् । जसले समाजमा विद्यमान असमानता र विभेदलाई टिकाउन र त्यसका विरुद्ध जनतालाई निष्कृय रहनसमेत बाध्य पार्छ ।”[१२]

मृत्युसंस्कारमा जतिपनि धार्मिक अन्धविश्वासहरु जोडिएका छन् ती प्रायः पुनर्जन्मसम्बन्धी धारणाको जगमा भएका छन् । मरिसकेको मान्छेको पुनर्जीवन हुने अथवा आत्माचाहिँ कहिले मर्दैन भन्ने चिन्तन जोडिए पछि मान्छे बाँचुन्जेलको भन्दापनि मरिसकेपछिको जीवन वा आत्माको बढी माया गरेर उसको सुखसुविधाको कल्पना गरी मृत्युसंस्कार पद्धतिलाई उपयोग गरियो, जुन धार्मिक अन्धविश्वासयुक्त छ, विज्ञान विरोधी छ र असमानता एवं विभेदलाई मार्गप्रशस्त गरिरहेको छ । त्यसर्थ, मृत्युसंस्कारमा विद्यमान यी काला, अँध्यारापक्षहरुलाई हामीले जरैदेखि उखेलेर मिल्काउनै पर्दछ ।

*१२. चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*





## संस्कार रुपान्तरण :

**प्रिय पाठकगण !**

हामीले अघिल्ला शीर्षकहरुमा हिन्दूधर्मभित्रका षोडशः संस्कारको विषयमा र ती संस्कारहरु भित्ररहेका धार्मिकअन्धविश्वास, कुरीति, विभेदजन्य एवं असमानताजन्य पक्षहरुको बारे संक्षेपमा चर्चा परिचर्चा गरिसकेका छौँ ।

उल्लिखित षोडशः संस्कारमध्ये हाल दशवटा संस्कारहरु समयसापेक्ष हुन नसकी बेकम्मा भएर हराइसकेका र बाँकीरहेका छ वटा संस्कारहरु आमहिन्दूधर्मावलम्बीहरुले परिपालना गरिरहेको कुरा पनि हामीले उल्लेख गरिसकेका छौं । अनि उल्लिखित ती ६ वटा संस्कारहरु- न्वारान, पाश्नी, छेवर, ब्रतबन्ध, विवाह र अन्त्येष्टिमध्ये पाश्नी र छेवर अहिलेको युगमा असान्दर्भिक सावित भइसकेको हुँदा उक्त संस्कारहरुलाई हामीले छोड्नुपर्छ भन्ने विषय पनि छलफल गरिसकेका छौँ । जहाँसम्म ब्रतबन्ध संस्कारको कुरा छ; यो संस्कारले मानव मानव बीचमा रहेको विभेदलाई मलजल दिएर हुर्काउने काम गरिरहेको हुँदा समतामूलक एवं शोषणरहित समाजको चाहना गर्ने हामी सबैले यो संस्कारलाई पनि पूर्णरुपमा त्याग्नुपर्छ भन्ने निष्कर्ष निकालिसकेका छौँ ।

यसरी हिन्दूधर्मानुसार गरिने संस्कारहरुमध्ये हाल बचेखुचेका ६ वटा संस्कारहरुमध्ये भर्खरै उल्लिखित तीनवटा संस्कारहरु- पास्नी, छेवर र ब्रतबन्ध पनि हाम्रो लागि अभिशाप भइसकेको हुँदा अब हामीसँग तीनवटा संस्कारहरु- न्वारान्, विवाह र अन्त्येष्टि (मृत्यु) मात्र बाँकी रहन्छन् ।

जन्म, विवाह र मृत्यु मानिसको जीवनमा आँउने मुख्यक्षणहरु हुन् । यी मुख्यक्षणहरुलाई हिन्दूधर्मले राम्ररी उपयोग गरी धार्मिकअन्धविश्वासको

आवरणले घेरेर त्यसभित्रका असल पक्षहरुलाई ओझेलमा पारी विकृत बनाउने काम गरिरहेको छ। धार्मिक अन्धविश्वासको थुप्रो (रास) भित्र संस्कारको वास्तविक सारपक्ष हराइरहेको छ।

अब हामी एकछिन तलको चित्रलाई मनन् गरौं।



चित्र नं. ३





**प्रिय पाठक गण !**

माथिको चित्रमा के देख्नुभयो ?

बाहिरी सामान्य दृष्टिबाट मात्र उक्त चित्रलाई हेर्दा बूढो, मक्किइसकेको, पात नभएको, धोद्रेरुखमा चरा बस्न लागेको दृष्य देख्छौं तर गहिरिएर उक्त चित्रलाई राम्ररी अध्ययन गर्दा दुईजना महिला र पुरुष मान्छे एकअर्कामा हेराहेर गरिरहेको दृष्य देख्न सक्छौं।

माथिल्लो अनुच्छेदमा उल्लेख भए जस्तै धार्मिक अन्धविश्वासको थुप्रोमा हराइरहेको संस्कारलाई पनि अन्धविश्वासको चश्माले हेर्दा सबै कुरा ठीक, राम्रोमात्र देखिन्छ। अर्कालाई शोषणदमन भइरहँदा पनि संस्कार ठीक छ भनी हामी अपनाई रहन्छौं। अर्कोतर्फ धार्मिक अन्धविश्वास विरोधी चश्माले हेर्दा हामी माथिको चित्रमा बुढोरुख देखेजस्तै सबै संस्कारलाई नराम्रो र गलतमात्र ठम्याउन पुग्छौं। हामी यी दुईवटै प्रवृत्तिबाट बचेर हामीले मान्न, अपनाउन आवश्यक संस्कारहरु भित्र रहेको धार्मिक अन्धविश्वासलाई छोडेर त्यसभित्रका असल र अपनाउन योग्य पक्षलाई ग्रहण गर्न पनि हिच्किचाउनु हुदैंन।

हिन्दू धार्मिक विधिविधानअनुसार गरिने विद्यमान संस्कारहरुमध्ये माथि उल्लेख गरेबमोजिम गलत, विभेदजन्य एवं अहिलेको युगमा बेकम्मा तथा असान्दर्भिक भइसकेका संस्कारहरुलाई छोडेर हामीले जीवनमा अहिलेको अवस्थामा गर्नुपर्ने संस्कारहरुको सन्दर्भमा त्यसको वास्तविक सारपक्षलाई ग्रहण गर्न र त्यसको रुपपक्षलाई अहिलेको युगसुहाँउदो एवं समयसापेक्ष रुपान्तरण गर्न तत्काल के गर्नुपर्दछ ? भन्ने विषयमा संक्षेपमा निम्नानुसार चर्चा गरौं :-

## १) संस्कारलाई धार्मिक अन्धविश्वासबाट मुक्त गर्नुपर्छ :-

धार्मिक अन्धविश्वासले जनतालाई सत्य, तथ्य एवम् विज्ञानको बाटोतर्फ हैन, तथ्यहिन्, विज्ञानविरोधी एवं कामचोर प्रवृत्तितिर धकेलेर विभेदजन्य, रुढीग्रस्त एवं अन्धकारयुक्त गुफातिर धकेल्छभन्ने कुरा हामीले माथि नै चर्चा गरिसकेका छौं । अनि एउटालाई मालिक, कथित् भगवान बनाएर उच्चसिंहासनमा बसाउने र अर्कोलाई रातदिन दास, रैती बनाएर गोरुजस्तै जोत्ने कुरा पनि हामीले माथि नै छलफल गरिसकेका छौं । यसरी एउटालाई मालिक, भगवान बनाउने र अर्कोलाई रैती, नोकर, पाइतालाको धूलो, खुट्टाको जुत्ता ............ आदिको रुपमा परिणत गरी उसलाई आफूखुशी कज्याउने माध्यमको रुपमा संस्कारलाई धार्मिकअन्धविश्वासले गाँज्न पुगेको हो । संस्कारभित्रका वास्तविक असल पक्षहरुलाई बाहिर आउन नदिई त्यसलाई भित्रै कैद गरेर धार्मिकअन्धविश्वासले संस्कारलाई रुढीग्रस्त बनाएको छ । अनि धर्मको नाममा त्यसलाई जबरजस्ती पालना गराउन जनतालाई बाध्य पारेको छ। जसले गर्दा युगौंदेखि त्यसलाई आँखा चिम्लेर पछ्याउन जनता विवश छन् ।

अहिले तत्कालको परिवेशमा उल्लिखित बाँकी रहेका तीनवटा संस्कारभित्र यसरी जबरजस्ती लादिएका विकृति, विसङ्गति, धार्मिकअन्धविश्वास, विभेद, असमानता आदिजस्ता रुढीग्रस्त पक्ष एवं छद्मआवरणलाई संस्कारबाट पूर्णरुपमा अलग गर्नुपर्दछ । युगौंदेखि संस्कारलाई अतिक्रमण गर्ने मुख्य तत्व धार्मिकअन्धविश्वासलाई पूर्णरुपमा अलग नगरी, अझ भनौं संस्कारसँग जोडिएको धार्मिकअन्धविश्वासलाई चिहानमा नपुरी त्यसभित्र ओझेल पारिएका वास्तविक, मनोवैज्ञानिक, आवश्यकता एवं सही भावनात्मक पक्ष उद्घाटित हुनै सक्दैन । तसर्थ धार्मिक अन्धविश्वासको चंगुलबाट संस्कारलाई पूर्णरुपमा अलग गर्नुपर्दछ ।





## २) संस्कारका जटिल पद्धतिहरुलाई सरल बनाउँनु पर्छ :-

हिन्दूधर्मानुसार प्रचलनमा रहेका संस्कारहरुको पद्धति वा विधि लामो एवं जटिल प्रकृतिका छन् । हाम्रो समाजको अरु समुदायको तुलनामा यी संस्कारहरु ज्यादै भद्दा, जटिल र जोखिमपूर्ण भएको हुँदा यसले जनतालाई ठूलो शास्ती दिइरहेको छ । संस्कार पालना गर्ने नाममा जनतालाई स्वास्थ्य, समय लगायत सबै दृष्टिकोणले बेफाइदा पुर्‍याइरहेको छ । खानपिउन बर्जित गरेबाट उनीहरुको शरीर कमजोर हुन्छ, तेह्रतेह्रदिनसम्म जुठो बारेर बस्नुपर्दा उनीहरुको शरीर झन् शिथिल भइसकेको हुन्छ । एकातिर मानसिकरुपमा ठूलो आघात पुगेको, अर्कोतिर भौतिकरुपमा शरीरलाई शास्ती ! यसर्थ संस्कारका जटील एवं अप्ठ्यारा पद्धतिहरुलाई युगसुहाँउदो सरल, स्वास्थ्यसुलभ, कम समयमा सम्पन्न गर्नेपद्धति अवलम्बन गर्नुपर्दछ ।

## ३) आर्थिक बोझलाई कम गर्नु पर्दछ :-

हाम्रो समाजमा संस्कार बोझिलो एवं बढी खर्च हुने प्रकृतिबाट अघि बढिरहेको छ । संस्कारको समय लामो हुँदा, संस्कारको नाममा देखासेखी र तडकभडक (आडम्बर) गर्दा आर्थिकबोझ दिनानुदिन बढ्छ । जसको परिणामस्वरुप संस्कार धान्ने नाममा परिवार कंगाल हुनुपर्ने स्थितिबाट हाम्रो समाज गुज्रिरहेको छ । त्यसर्थ संस्कारलाई आर्थिक व्ययभारबाट घटाएर, कम खर्चमा, सरल एवं चुस्तरुपमा सम्पन्न गर्ने युगानुकूल पद्धति हामीले विकास गर्नुपर्दछ ।

यसरी हामीले संस्कार परिवर्तन गर्दा तत्काल नगरी नहुने कुराहरु- संस्कारलाई धार्मिकअन्धविश्वासको चंगुलबाट बाहिर निकाल्ने, संस्कारका जटिल एवं अप्ठ्यारा पद्धति, तरिकाहरुलाई सरल बनाउने र संस्कारको नाममा हुने गरेका आर्थिक बोझलाई घटाएर, कम गरी मितव्ययिता अपनाउँने अभियान निरन्तर संचालन गर्न सक्यौं भने अहिलेको स्थितिमा संस्कार रुपान्तरण हुन सुरु भएको मानिनेछ ।

धार्मिक अन्धविश्वासरुपी कालकोठरीको नारकीय जीवनबाट सिङ्गो समाजलाई मुक्त गरी विज्ञान, तर्कसम्मत बाटो हुँदै शोषणरहित्, समतामूलक एवं समुन्नत समाजमा जिउने हाम्रो इच्छा रहेको कुरा हामीले माथि नै चर्चा गरिसकेका छौं । तसर्थ हाम्रो चाहना बमोजिमको समाजमा जिउनको लागि हामीहरुले उक्त संस्कृति, संस्कारहरुलाई युग सुहाउँदो, आधुनिक एवं जनपक्षीयरुपमा ढाल्नै पर्दछ ।





**प्रिय पाठकगण !**

अहिलेको वर्तमान युग सुहाउँदो यही ऐतिहासिक बोधगम्यतालाई मध्यनजर राखी हाम्रो देशको सुदूरपूर्वमा अवस्थित सूर्योदयको जिल्ला भनेर चिनिने इलाम जिल्लामा विगत २०५७ सालदेखि "जातीय भेदभावको अन्त्य गरौं, सभ्य एवं सुसंस्कृत समाजको निर्माण गरौं" भन्ने मूलनारा बोकेर निरन्तर क्रियाशील हुँदै आएको "उत्पीडित जातीय अधिकार मञ्च" नामक सामाजिक संस्थाको पहलमा गाउँगाउँ बस्तीबस्तीसम्म "सांस्कृतिक रुपान्तरण" को अभियान संचालन गरिएको छ । विभिन्न स्थानीय राजनीतिक दल र सोसँग सम्बन्धित स्थानीय जनसंगठनहरु, विभिन्न संघसंस्थाहरु, बुद्धिजीवीहरु र समाजका स्थानीय अगुवा व्यक्तिहरुसँग यस विषयमा विभिन्न समयमा तालिम, गोष्ठी र वहसहरु संचालन गरिएको छ । न्वारान, विवाह र मृत्युसंस्कारको सम्बन्धमा उक्त तालिम, गोष्ठी आदिमा भएको छलफलबाट निकालिएका धेरै महत्वपूर्ण निचोडहरु र अध्ययन, अनुसन्धान एवं अनुभव आदिबाट प्राप्त हुन आएका विचारहरुलाई संश्लेषण गरी संस्कार रुपान्तरण सम्बन्धी विधि एवं पद्धतिहरुको खाका तयार गरिएको छ । प्रस्तुत खण्डमा उल्लिखित तीनवटा संस्कारहरु- न्वारान्, विवाह र अन्त्येष्टिलाई धार्मिकअन्धविश्वासको चङ्गुलबाट विशुद्धरुपमा अलग गरी जटिल एवं अप्ठ्यारा पद्धतिलाई रुपान्तरण गरी सरल, सहज एवं कमखर्चमा सम्पन्न गर्न र उक्त संस्कारभित्रको वास्तविकता, आवश्यकता, उपयुक्तता, वैज्ञानिक पक्ष, तार्किक पक्ष आदि सबैको कसीमा राखेर आधुनिक, समयसान्दर्भिक एवं जनपक्षीयरुपमा रुपान्तरण गर्ने पद्धति, विधि वा तरिकाहरु देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## (क) न्वारान :

न्वारान संस्कारलाई धार्मिक अन्धविश्वासबाट अलग गरेर हेर्दा यसको मुख्य उद्देश्य नवजात शिशुको नाम राख्नु हो । न्वारान गर्दा अरु सबै कर्म गरियो तर शिशुको नाम चाँहि राखिएन भने त्यसको औचित्य हुदैंन । व्यक्तिलाई उसको आफ्नो पहिचानको लागि पनि नाम नभई हुदैंन । न्वारान गर्नुको मुख्य उद्देश्य नाम राख्नु रहेको र नाम मानिसको लागि अनिवार्य शर्त रहेकोले न्वारान संस्कार गर्नु उपयुक्तता देखिन्छ ।

## न्वारान् गर्दा अपनाउनुपर्ने विधि तथा प्रक्रियाहरु :

- हिन्दू विधिविधान अनुसार न्वारान गर्दा अपनाइने कार्यहरु- पुरोहित लगाउने, होम, यज्ञ गर्ने, धान, चामल आदि डढाउँने लगायतका धार्मिक अन्धविश्वासयुक्त कुनै पनि पद्धति अवलम्बन नगर्ने, किनकि धार्मिक अन्धविश्वास भनेको तथ्यहिन, प्रमाणहिन विज्ञानविरोधी छ ।
- नवजात शिशुको नाम आमा तथा बाबुको नामको अक्षरहरु मिलाएर पनि राख्न सकिन्छ । हिमाल, पहाड, तराई, नदीनाला, वनजंगल, झर्ना, ताल, पोखरी, सुरम्य फाँट आदिजस्ता मनोरम प्राकृतिक सम्पदाहरु, ऐतिहासिक सम्पदाहरु, सांकृतिक धरोहरका सम्पदाहरु, जीवन, संघर्ष, समानता, परिवर्तन जस्ता आत्मिक महत्वआदिको प्रतिकात्मक अर्थ आउने गरी पनि नवजात शिशूको नाम राख्न सकिन्छ । जसले गर्दा व्यक्तिलाई आफ्नो नामले कर्तव्यपथमा हिडिंरहन सधैं प्रेरणा दिनसक्छ ।
- नवजात शिशुको नामराख्ने सबैभन्दा पहिलो प्राथमिकता





आमालाई दिनुपर्दछ । शिशुलाई यो धर्तीमा जन्मदिँदा आमालाई ठूलो पीडा हुन्छ । अनेकौँ दुःख सहनुपर्छ । दशमहिनासम्म आफ्नो कोखमा बोकेर, अनेकौँ दुःख, कष्ट सहदै, प्रस्रववेदनालाई खपेर यस्तो सुन्दर धर्तीमा मानवलाई जन्मदिने, 'आमा'भन्दा सर्वश्रेष्ठ यो संसारमा अरु के होला !!! तसर्थ नवजात शिशुको नाम राख्ने पहिलो अधिकार ममतामयी आमालाई दिनै पर्दछ । आमाको स्वीकृति लिएर मात्र बाबु वा आफन्त वा हितैषीले शिशुको नाम राख्नुपर्छ ।

- नवजात शिशुको नाम जन्मेको बढीमा पाँचदिन भित्रमा राख्नुपर्दछ । नवजात शिशुलाई जन्माउदा सुत्केरी आमालाई ठूलो पीडा हुन्छ, शरीरबाट धेरै रगत बगेको हुन्छ, शरीर शिथिल एवं कमजोर हुन्छ । त्यो समयमा उनलाई प्रशस्त आराम र पोषिलो, झोलिलो खानेकुराको आवश्यकता पर्दछ । कति आमाहरुलाई अस्पतालमा सुत्केरी गराएर त्यसपछि घर लानुपर्ने पनि हुनसक्छ । अर्कोतर्फ नयाँमान्छेको आगमन, सामान्य खुशीयाली पनि मनाउन उपयुक्तता हुने र यी सबै कुराहरुमा आमाको उपस्थिति प्रमुखरुपमा हुने भएको र सो को लागि आमाको स्वास्थ्य सुधार हुनुपर्ने आदि भएको हुँदा नवजात शिशुको नाम जन्मेको पाँचदिनसम्ममा राख्नु उपयुक्त देखिन्छ ।
- धर्तीमा नयाँ मान्छेको आगमन हुँदा कसको मन खुशी हुदैंन !! अनि जन्मदिने आमा, बाबु, हजूरबुबा, हजूरआमा, आफन्तजन खुशी नहुने कुरै भएन । तसर्थ आफ्नो घरमा, परिवारमा, समाजमा अनि सिङ्गो धर्तीमा नयाँ मान्छेको आगमन भएको हुँदा सो खुशीयालीमा आफ्नो परिवार र नजिकका हितैषीहरुको सामान्य जमघट आयोजना गरी सामान्य खानपिन गर्नु

उपयुक्त हुन्छ र सोही खुशीयालीमा आयोजित समारोहमा माथि उल्लेख गरेबमोजिम नवजात शिशुको नाम राख्नु पर्दछ ।

- यसरी खुशीयालीको रुपमा जमघट, समारोहको आयोजना गर्दा बढी तडकभडक गर्नु हुदैँन । फजूल खर्च नगरी मितव्ययिता अपनाउनु पर्दछ ।
- सूतक बार्ने प्रचलन अन्धविश्वासयुक्त भएको हुँदा यसलाई पूर्णरुपमा परित्याग गर्नुपर्दछ ।
- सुत्केरी आमालाई "सुमात" (सुसार गर, माया गर अनि तयारी अवस्थामा पुऱ्याऊ) को नीतिअनुसार हेरचाह गर्नुपर्दछ । तागतिलो, पोषिलो, एवं नरम खानेकुराहरु खान दिनुपर्दछ । सुत्केरी आमा रहेको कोठा सफा, न्यानो र सुरक्षित राख्नुपर्दछ । सुत्केरी आमालाई नरम, सफा बिच्छ्यौनामा सुताउँनु पर्दछ ।

धार्मिक अन्धविश्वासलाई चुनौती दिदैं माथि उल्लेख गरिएजस्तो आधुनिक एवं जनपक्षीय हिसाबले न्वारान संस्कार सम्पन्न गरिदैं आएका थुप्रै उदाहरणहरु हामीसँग छन् । यस्का केही उदाहरणहरु म यहाँहरुको समक्षमा राख्न चाहन्छु :-

- मोरङ्ग जिल्ला पथरी गा.वि.स.वार्ड नं.१ पथरीबजार बस्ने भीम शंकर र चन्द्रकला शंकरका छोरा-बुहारी अशोक तथा हीमा शंकरको बच्चाको नाम आपसी सल्लाहबमोजिम बाबु-आमाको नामको अघिल्लो अक्षरबाट (अशोकबाट अ र हीमाबाट ही निकालेर) 'अहीका' राखियो । कुनै पुरोहित बोलाइएन, परम्परागत कर्मकाण्डहरु गरिएन ।





- इलाम जिल्ला चुलाचुली गा.वि.स.वार्ड नं.-२, हात्तिलेदा बस्ने बिमला लाम्गादे र जीतबहादुर लाम्गादेले आफ्नो बच्चा जन्मदा आमाको इच्छाबमोजिम आमा-बुबाको नामको अघिल्लो अक्षरबाट (बिमलाको बि, जीतबहादुरको जी र लाम्गादे थरको ला झिकेर) "बिजीला" नाम राखियो । उक्त बच्चाको न्वारान गर्दा कुनै पण्डित, पुरोहित पढाइएन, यज्ञ, जप, होम आदि केही गरिएन । परिवार, नजिकका आफन्तजनहरुको सामान्य जमघटमा न्वारान सम्पन्न गरियो ।
- सोही ठाउँ बस्ने दिलीप विश्वकर्मा र चन्द्रमाया विश्वकर्माको बच्चा जन्मदा पनि बाबु दिलीप र आमा चन्द्रमायाको नामबाट अक्षरहरु झिकी बच्चाको नाम "दिपचन" राखियो । परम्परागत संस्कारको कुनैपनि प्रचलनहरु त्यहाँ गरिएन ।
- हाम्रो आफ्नै बच्चा जन्मदा पनि हामी दुवैको सल्लाह बमोजिम बच्चाको नाम प्राकृतिक सम्पदाको सूचकको रुपमा "हिमाल" राख्यौं । पण्डित, पुरोहित बोलाउने त कल्पना नै भएन ।

## (ख) विवाहः

विवाह संस्कारलाई धार्मिकअन्धविश्वासबाट अलग गरेर हेर्दा यसको मुख्य उद्देश्य केटा र केटीले एक अर्कालाई पतिपत्नीको रुपमा स्वीकार गर्दै समाजबाट त्यसको स्वीकृति लिनू, दिनू हो। "विवाहसंस्कार वास्तवमा सामाजिक मान्यता प्राप्त गर्न वा समाजसँग स्वीकृति लिन गरिने संस्कार हो। दुलाहादुलहीलाई आजदेखि तिमीहरु पतिपत्नी भयौ र तिमीहरुबाट उत्पन्न नानीहरु वैध मानिने छन् भनी समाजको अनुमति दिनलिन विवाह संस्कार गरिने हो।"[१३] मानिस सामाजिक प्राणी हो र उसको अस्तित्व समाजमा रहन्छ। आफू पतिपत्नीको रुपमा स्वीकार गरिएको कुरालाई आफ्नो समाजसमक्ष देखाई त्यसको औपचारिकरुपमा सार्वजनिकीकरण गर्दै समाजको सम्मति लिन विवाहको आयोजना गरिन्छ। विवाह पनि जीवनको महत्वपूर्ण क्षण हो। विवाहपछि मानिसको जीवनमा थप दायित्वबोध हुन्छ। यसरी विवाह जीवनको महत्वपूर्ण क्षण भएको र त्यही क्षणबाट जीवनमा थप दायित्व पनि थपिने भएको हुँदा अहिलेको परिवेशमा खुशीयालीको रुपमा विवाहसंस्कार गर्नु उपयुक्त देखिन्छ।

*१३.. चापागाई, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण*





## विवाह गर्दा अपनाउनु पर्ने विधि तथा प्रक्रियाहरु :

- हिन्दूविवाह पद्धतिमा रहेको धार्मिकअन्धविश्वासजन्य चलनहरु- ब्राम्हण बोलाउने, यज्ञ (जग्गे) गर्ने, कन्यादान गर्ने, गोडा धोएर पानी खानेलगायत अन्य कुनैपनि अन्धविश्वासजन्य क्रियाकलापहरु नगर्ने। विवाहसंस्कारलाई धार्मिक अन्धविश्वासको चंगुलबाट पूर्णरुपमा अलग गर्ने।
- विवाह जीवनको एउटा महत्वपूर्ण क्षण भएको कुरा हामीले माथि नै उल्लेख गरिसक्यौं। त्यसर्थ विवाहलाई रमाइलो, खुशीयालीको रुपमा मनाउनु अहिलेको परिवेशमा आवश्यक हुन्छ। आफ्नो परिवार, आफन्जन एवं नजिकका हितैषीहरुको सामान्य जनघटमा, रमाइलो उत्सवको रुपमा विवाह सम्पन्न गर्नु पर्दछ।
- विवाह घरमा सामान्य मञ्च बनाउने, उक्त मञ्चको दायाँबायाँ बस्ने ठाउँको प्रबन्ध मिलाउने। त्यसपछि औपचारिकरुपमा विवाह कार्यक्रम सुरु गर्ने।
- विवाह कार्यक्रमको सुरुमा विवाह आयोजक तर्फका मुख्य व्यक्तिलाई सभापतिको आसनग्रहण गराउँने। त्यसपछि विवाहको मुख्य आकर्षकको रुपमा रहेका दुलाहा र दुलहीलाई मञ्चमा आसनग्रहण गराउने। उक्त विवाह कार्यक्रममा उपस्थित हुनु भएका मान्यजन, आफन्त एवं विशिष्ट व्यक्तिहरुलाई आवश्यकतानुसार आसनग्रहण गराउने। आसनग्रहणको कार्यक्रमलाई पछिसम्म जारी राख्न सकिन्छ।

आसनग्रहणको कार्य सकिसकेपछि त्यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु, आमन्त्रितहरुलाई विवाह आयोजकहरुको तर्फबाट एकजनालाई स्वागत मन्तव्य व्यक्त गर्न लगाउने ।

स्वागत मन्तव्यको कार्यक्रम सकिएपछि हामी उक्त विवाहको औपचारिक उद्घाटनको कार्यक्रममा प्रवेश गर्दछौं । "विवाहको मुख्य उद्देश्य- केटा र केटीले एकअर्कालाई पति पत्नीको रुपमा स्वीकार गर्दै समाजबाट त्यसको स्वीकृति लिनू, दिनू हो ।" भन्ने कुरा हामीले सुरुमै प्रकाश पारिसकेका छौं । तसर्थ विवाह भित्रको मुख्य यहीं अन्तर्वस्तुलाई उजागर गर्न उद्घाटन कार्यक्रम गर्ने । जसमा दुलाहा र दुलहीले "हामी दुवैजना ............... (आ-आफ्नो नाम भन्ने) आज मिति ........ गते जीवन साथीको रुपमा एकअर्कालाई सहर्ष स्वीकार गर्दै वैवाहिक जीवनमा बाँधियौं" भन्दै दुवैले एक अर्कालाई रातो अबिरको टीका र माला लगाई हात मिलाउने अनि उपस्थित सम्पूर्ण व्यक्तिहरुले स्वीकृतिस्वरुप ताली बजाउने । उक्त कार्यक्रमको सकेसम्म फोटो खिच्ने । सम्भव छ भने श्रव्य, दृष्य लिने ।

विवाह कार्यक्रमको औपचारिक उद्घाटन भइसकेपछि उपस्थित विशिष्ट व्यक्तिहरुबाट विवाहित जोडीको सुखद भविष्य एवं सफल दाम्पत्य जीवनको लागि हार्दिक शुभकामना व्यक्त गराउँने ।

परिवार, आफन्त, हितैषीलगायत विवाहमा आमन्त्रित व्यक्तिहरुबाट आफ्नो इच्छानुसार प्रदान गरिने उपहारहरु नवजोडीले हार्दिकतासाथ ग्रहण गर्ने । अन्त्यमा, वैवाहिक कार्यक्रमका सभापतिमार्फत कार्यक्रमको औपचारिक समापन भएको घोषणा गर्ने ।





- विवाह गर्दा फजूल खर्च एवं आडम्बरलाई निषेध गर्ने । छिमेकीको देखासेकी गर्ने, समाजमा सान देखाउने, रवाफ फैल्याउने आदि प्रवृत्तिले मानिसहरुमा फजूल खर्च एवं नचाँहिंदो आडम्बर गर्ने प्रचलन बढिरहेको छ । यस्तो प्रचलनले विवाहको नाममा गरीबलाई झनझन् कंगाल बनाइरहेको छ । वर्गीय विभेद झनझन् चर्किरहेको छ । तसर्थ विवाह गर्दा त्यसतर्फ प्रमुखतासाथ ध्यान दिनुपर्दछ ।
- हाम्रो समाजमा हिन्दूसंस्कारअनुसार केटाकेटीको विवाहको लग्न जुराउने नाममा निश्चित महिना एवं तिथिमितिमा मात्र विवाह गर्ने प्रचलन छ । जुन अन्धविश्वासयुक्त छ । तसर्थ परिवारको अवस्था एवं अनुकूलता हेरी जुनसुकै महिना, गते वा बारमा विवाह सम्पन्न गर्न सकिने भएकोले दुवै तर्फको परिवारको आपसी मिलेमतोमा विवाहको मिति निर्धारण गर्नुपर्छ ।
- परम्परागतरुपमा मागी गरिने विवाहमा सामान्यतया केटाकेटीले आआफ्नो मनको भावना एकअर्कामा बुझ्न कठिन हुने र प्रायः करकापमा पर्ने सम्भावना बढि हुने भएको हँदा सकेसम्म प्रेमविवाहलाई प्रोत्साहन दिनुपर्दछ ।
- हिन्दूधर्मानुसार विवाहलाई आ-आफ्नो वर्ण समुदायभित्र मात्र सीमित गरिएको छ र यो चलन हाम्रो समाजमा ढुंगाको अक्षरजत्तिकै गढेको छ । अन्तर्जातीय विवाह गर्दा (विशेषगरी दलितसमुदायको सन्दर्भमा) अपहेलित भई घर, परिवार एवं समाजबाटै बहिष्कृत भएर भाग्नुपर्ने स्थिति एक्काइसौं शताब्दीको नेपालमा पनि देखिरहनु परेको छ, भोगिरहनु परेको छ । कुरा जत्तिसुकै क्रान्तिकारी गरेपनि, सामान्य खानपिनको मामलामा छुवाछूतको भेदभाव नगर्ने व्यक्तिहरु

पनि अन्तर्जातीय विवाहको सन्दर्भमा अझैपनि सामन्ती संस्कृतिको चौघेरालाई नाघ्न नसकेको अवस्था घामजत्तिकै छर्लङ्ग छ ।

समाजमा बसोबास गर्ने विभिन्न समुदायका मानिसहरुबीच व्यक्तिगत, पारिवारिक एवं सामाजिक सम्बन्ध र सद्भाव कायम गरेर विश्वबन्धुत्वको भावना जागृत गराई "हामी सबै मानव हौं" भन्ने सन्देश फैल्याउनसमेत सजिलो हुने भएकोले अन्तर्जातीय विवाहलाई विशेष प्राथमिकता एवं प्रोत्साहन दिनुपर्छ ।

- माथि नै उल्लेख गरिसकियो कि हिन्दूधर्मानुसार विधुवा विवाहको कल्पनासम्म पनि गर्न पाइन्न । जसबाट २० बर्षको महिला यदि पतिको मृत्यु भए जीवनभर विधुवा बनेर दुःखकासाथ जीवन गुजार्न बाध्य हुन्छिन् । कहिल्यै उनको जीवनमा सुख, शान्ति एवं खुशीले पाइला टेक्न पाउँदैन । सासु-ससुरा एवं अन्धो समाजले उनलाई "पोइ टोकुवा, अलच्छिनी, कुलङ्घार" आदि भनेर छिःछिः र दूरदूर गर्दछ । तसर्थ विधुवाले विवाह गर्नुहुन्न भन्ने हिन्दूधर्मको सुसंस्कारको विरुद्ध डटेर जुध्नुपर्छ अनि परिस्थितिले मिल्न सक्छ भने मिल्न सक्नेसम्म विधुवा महिलाको दोस्रो विवाह गरिदिनुपर्छ । जसबाट एउटा पीडित महिलाको भविष्य उज्जवल हुन सकोस् ।
- हाम्रो समाजमा हुने विवाहमा (विशेषतः छोरीको विवाहमा) दाइजो प्रथा, तिलक प्रथा आदिले साह्रै नराम्ररी गाँजेर मानिसलाई पागल बनाइरहेको छ । यस्तो दाइजो, तिलक आदि प्रथाले हिमाली र पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रमा





र विकट गाउँघरको तुलनामा शहरीक्षेत्रलाई बढी आक्रान्त तुल्याइएरहेको स्थिति छ । एउटा महिलाको जीवनसँग भन्दा पनि श्रीसम्पत्ति एवं धनमालको प्रलोभनमा विवाह गर्न मानिसहरु उत्साहित भइरहेका छन् । समाजलाई देखाउने नाममा, लोकलाई देखाउने नाममा केटीका बाबुआमा सुकुम्बासी हुनुपर्ने अवस्था सिर्जना भइरहेको छ भने अर्कोतर्फ पर्याप्त दाइजो, धनमाल आदि नल्याएको निहूँमा पतिको तर्फबाट यातना, पीडा, अपमान, गाली, बेज्जति आदि सहन, खप्न लाखौं चेलीहरु बाध्य बनाइएका छन् । अनि कैयौं चेलीहरु जिउदैं जल्न विवश भएका छन् । तसर्थ विवाहमा हुने यस्तो दाइजो, तिलक आदि खराब प्रथालाई अविलम्ब पूर्ण परित्याग गर्नैपर्छ ।
- समाजमा अस्तित्वमा रहिआएका बालविवाह, अनमेलविवाह, बहुविवाह आदि लाई पूर्णरुपमा बन्देज गर्नुपर्दछ ।
- विवाहको आयोजना गर्दा छोरा र छोरीबीच कुनै कुरामा विभेद गर्नुहुँदैन ।
- विवाह कार्यक्रममा विभिन्न समुदायका मानिसहरुलाई आमन्त्रण गरिने भएको हुँदा उनीहरुबीच आपसी भाइचारा कायम गरी सामाजिक सद्भाव बढाउन मद्दत मिल्दछ । तसर्थ विवाह कार्यक्रममा आमन्त्रित सम्पूर्ण अतिथिलगायत उपस्थित व्यक्तिहरुबीच कुनै पनि कुराहरुमा विभेद, असमानताजन्य क्रियाकलापहरु नगरी समानता एवं सद्भावको नीति अवलम्बन गर्नुपर्छ ।
- विवाह सम्पन्न गर्दा समयलाई ख्याल गर्नुपर्दछ ।

धार्मिकअन्धविश्वासलाई चुनौती दिँदै माथि उल्लेख गरिएजस्तो आधुनिक एवं जनपक्षीय हिसाबले विवाहसंस्कार सम्पन्न गरिदैं आएका थुप्रै उदाहरणहरु हामीसँग छन् । यस्ता केही बान्कीहरु म यहाँहरुको समक्षमा निम्नानुसार राख्न चाहन्छु :-

* इलाम जिल्ला फाकफोक गा.वि.स.वार्ड नं.८ कोलबोटे बस्ने झूमा बराइली तथा छत्र बराइलीको छोरी सम्झना बराइली र इलाम जिल्लाकै लुम्दे गा.वि.स.वार्ड नं. ७ बस्ने कुमार गजमेरबीच मिति २०६४ मंसीर १८ गते मंगलबार मञ्चविवाह सम्पन्न भयो । धार्मिकअन्धविश्वासका कुनैपनि विधिविधानहरु नगरिएको उक्त आधुनिक एवं जनपक्षीय विवाहमा आमन्त्रित अतिथिहरुले शुभकामना व्यक्त गरेका थिए ।
* इलाम जिल्ला चुलाचुली गा.वि.स.वार्ड नं. २ हात्तिलेदा बस्ने सीताकुमारी लाम्गादे एवं सन्तबहादुर लाम्गादेको छोरी जीता लाम्गादे र मोरङ्ग जिल्ला इन्द्रपुर गा.वि.स.वार्ड नं. ५ बस्ने खेम विश्वकर्माबीच मिति २०६७ बैशाख ७ गते मंगलबार आधुनिक एवं जनपक्षीय मञ्चविवाह सम्पन्न भयो । धार्मिक अन्धविश्वासयुक्त कुनैपनि विधिविधानहरु नगरिएको र दाइजो, तिलक आदि प्रथालाई पूर्णरुपमा परित्याग गरिएको उक्त विवाहमा उपस्थित विशिष्ट व्यक्तित्वहरुले शुभकामना व्यक्त गर्नुभएको थियो । चुस्त, दुरुस्त एवं कम खर्चमा आयोजना गरिएको उक्त विवाहलाई उपस्थित सबैले प्रशंसा गरेका थिए ।





## (ग) मृत्युसंस्कारः

मृत्युसंस्कारलाई धार्मिकअन्धविश्वासबाट अलग गरेर हेर्दा यसको मुख्य उद्देश्य शोक मनाउनु र मरेर गएको मान्छेको सम्झनालाई चिरस्थायी बनाई राख्नु हो । मान्छे मरेको घडी (क्षण) कति हृदय विदारक हुन्छ भन्ने कुरा हामीले माथिकै अनुच्छेदहरुमा प्रकाश पारिसकेका छौं । आफ्नो प्रियजनलाई यो भौतिक संसारबाट सधैंसधैंको लागि बिदा गर्नुपर्दा त्यो क्षणको हामी कल्पना पनि गर्न सक्दैनौं । अरु बेला मानिसहरुको ध्यान चारैतिर खिचिएको हुन्छ, विभिन्न परिवेशहरुमा भुलेर मानिसले समय व्यतित गरिरहेको हुन्छ तर जब आफ्नो प्रियजनको मृत्यु हुन्छ, तब मान्छेले तत्काल आफ्ना सम्पूर्ण कामकुराहरु सबै त्यागेर उसको सम्पूर्ण ध्यान मृत्युभएको मानिसप्रति एकत्रित हुनुपुग्छ, उसले सम्पूर्ण वाह्य परिवेश भुल्छ, मृत्युभएको आफ्नो प्रियजनको प्रतिबिम्ब उसको हृदयमा तछाडमछाड भएर ओइरिन्छ । जसको परिणामस्वरुप आफ्नो प्रियजनको मृत्युमा मानिस शोकाकुल हुन्छ, उसभित्रको मानवीय समवेदना पग्लिन्छ र भावनात्मकरुपमा दुःखी हुन्छ ।

मानिस मरिसकेपछि उसको भौतिक शरीरसँगै उसको चेतना, उसभित्र रहेका सम्पूर्ण सीप, कला, दया, माया, क्षमता, प्रतिभा, कुशलता, अनुशासन, इमान्दारिता, लगनशीलता, नैतिकता, साहस, हिम्मत, आँट, जोश, जाँगर लगायत उसभित्र रहेका सम्पूर्ण असल खराब कुराहरुको पनि अवशान हुन्छ र बाँचेका मानिसहरुमा अब केवल उसको सम्झना, स्मृति मात्र बाँकी रहन्छ ।

बाँचेका मानिसहलाई आफ्नो कर्तव्यपथमा सधैं लम्किई रहन एवं उन्नति र प्रगतिको शीखरमा पाइला चाल्न अतीतका मान्छेको सफलताले ठूलो प्रेरणा र मार्गदर्शन दिइरहेको हुन्छ । यो संसारबाट भौतिकरुपमा बिलिन भइसकेका मान्छेहरु भित्र जिवीतछँदा रहेका असल र स्मरण गर्न योग्य ती सफलता, आदर्श र नैतिकताका उच्च मूल्यमान्यताहरुलाई आत्मसात गर्दै उपलब्धीहरु हासिल गर्न मानिसले अतीतलाई सम्झना गर्नैपर्छ ।
यसरी आफ्नो प्रियजनको अवशानमा शोक मनाउन र मरेर गएको उक्त व्यक्तिको असल मूल्य, मान्यताहरुबाट प्रेरित भएर बाँच्नेले आफ्नो जीवन सार्थक बनाउन उसको सदा स्मरण गर्न आवश्यक हुन्छ । त्यहीँ स्मरण गर्ने माध्यमको रुपमा मृत्यु संस्कार रहने हुँदा त्यसलाई अहिलेको अवस्थामा हामीले आधुनिक एवं जनपक्षीय हिसाबले अवलम्बन गर्न आवश्यक छ ।

## मृत्युसंस्कार गर्दा अपनाउनुपर्ने विधि तथा प्रक्रियाहरु :

* मृत्युसंस्कारसँगै गाँसिन पुगेका धार्मिकअन्धविश्वासहरुलाई पूर्णरुपमा अलग गर्नुपर्दछ । धार्मिकअन्धविश्वासको रुपमा रहेका क्रियापुत्री बस्नुपर्ने, कोरा बानुपर्ने, ढिकुरो फोर्नुपर्ने, शैय्यादान, दशदान, पिण्डदान लगायका अन्य सम्पूर्ण दानहरु दिनु पर्ने, गरुडपुराण लगाउनु पर्ने, बरखी बार्नु पर्ने, श्राद्ध गर्नु पर्ने, पुरोहित लगाउनु पर्ने, अरुलाई छुन नहुने लगायत अन्धविश्वासयुक्त सम्पूर्ण कुराहरु गर्नु हुँदैन ।
* मृत्युसंस्कार शोक मनाउने कुरासँग सम्बन्धित भएको हुँदा यस्तो बेलामा मीठो खाने, राम्रो लाउने, ऐशआराम गर्ने, मनोरञ्जन गर्ने आदि कुनै कुराको पनि सम्भावना हुँदैन । यसको अर्थ फेरि मान्छेलाई जिउनको लागि चाँहिने आधारभूत





न्यूनतम् कुराहरुबाटै बञ्चित गर्नुपर्छ भन्ने पनि होइन । एउटा मान्छेलाई जिउनको लागि आवश्यक सामान्य खानेकुराहरु एवं सामान्य पहिरनकोमाध्यमबाट शोक मनाउनु पर्दछ ।

* मृतकको शोक मनाउने समयावधी बढीमा ५ (पाँच) दिनको हुनुपर्छ । हिन्दू धार्मिक पद्धतिअनुसार आसौच १३ (तेह्र) दिनसम्म बारिन्छ । आफन्तजनको मृत्युले मानिस त्यसैत्यसै गलेको हुन्छ, चिन्ता र शोकले शरीर थकित र कमजोर भएको हुन्छ । अनि बाह्र, तेह्र दिनसम्म जूठो बारेर बस्नुपर्दा मानिसको शरीरलाई स्वास्थ्यको दृष्टिकोणले पनि फाइदाजनक हुँदैन ।

हाम्रो देशका अरु समुदायका मानिसहरुलाई पनि हेरौँ त ! क्रिश्चियनहरुले मरेकै दिन काम सक्छन् । राईजातिले मरेको ३ देखि ५ दिन भित्रमा काम सक्छन् । लिम्बूजातिमा पनि बढीमा ४ दिनमा सक्ने प्रचलन छ । तामाङ्गहरुले प्रायः मरेको तीन दिनमै काजक्रिया सक्छन् । हिन्दूहरुको चाँहि यसरी बर्ष दिनसम्म बरखी बार्ने र तेह्र दिनसम्म आसौच बार्ने परम्परा ज्यादै कष्टकर र बोझिलो छ । मान्छे मर्दा उसका टाढा रहेका आफन्तजनहरु पनि आउन समय लाग्ने, सामान्य आर्थिक चाँजो पनि मिलाउनु पर्ने, शोकाकूल परिवारहरुको भावनात्मक मानवीय समवेदना पनि केही मत्थर भएको हुनुपर्ने आदि र स्वास्थ्य, औचित्यता एवं उपयुक्तता आदि सबैलाई मध्यनजर गर्दा शोक मनाउँने समयावधी बढीमा ५ (पाँच) दिन राख्नु पर्छ ।

* मान्छे मरेपछि उसको शोक मनाउन शोक पुस्तिकाको व्यवस्था गर्नुपर्दछ । परिवारजनमा समवेदना व्यक्त गर्न आउने सबैलाई उक्त शोक पुस्तिकामा हस्ताक्षर गराउन खुल्ला राख्नुपर्दछ ।

* शोक मनाउने अन्तिम दिन परिवार, आफन्त एवं उपस्थितजनहरुको जमघटमा शोक सभाको आयोजना गर्ने, मृतकको फोटो राख्ने, फोटोमा अबिर फूलको माला, पुष्पगुच्छा चढाउने, अनि उपस्थित विशिष्ट व्यक्तिहरुलाई श्रद्धाञ्जली व्यक्त गर्न दिने, श्रद्धाञ्जली सभाको सुरुमा मृतकको सम्झनास्वरुप मौनधारणा गराउनु पर्छ ।

* मरेर गएको मान्छेको सम्झना एवं उसले जीवनमा गरेका असल कामहरुको स्मरण गरिरहन र ती असल एवं उपयोगी कुराहरुबाट प्रेरणा लिदैं उसको सम्झना एवं स्मृतिलाई आगामी पुस्ताहरुसम्म बचाई राख्ने उद्देश्यले आफ्नो यथाशक्ति विभिन्न रचनात्मक कामहरु संचालन गर्नुपर्दछ । जस्तै :- उपयुक्त स्थानमा पाटी, पौवा, फलैंचा, चौतारा निर्माण गर्न सकिन्छ । खानेपानीको अभाव भएको ठाउँमा पानीको धारा, नजिकको विद्यालयमा अध्ययनरत् गरीब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान, पुस्तकालय, वृक्षारोपण आदि जस्ता सामाजिक महत्वका रचनात्मक कार्यहरु गर्न सकिन्छ, ताकि मरेर गएको मान्छेको सम्झना युगौंयुगसम्म बाँचिरहन सकोस् !

* मृत्युसंकार गर्दा फजूल खर्च नगरी आर्थिक मितव्ययिताको नीति अवलम्बन गर्नुपर्छ ।





* बार्षिक रुपमा (मृत्युभएको दिन) सामान्य हिसाबमा स्मृतिसभाको आयोजना गर्नुपर्छ ।

युगौंदेखि जरा गाढेर बसेको धार्मिकअन्धविश्वासलाई चुनौती दिदैं आधुनिक एवं जनपक्षीय हिसाबले मृत्युसंस्कार सम्पन्न गरिदैं आएका थुप्रै उदाहरणहरु हामीसँग छन् । ती मध्ये केही उदाहरणहरु तपाईहरुको समक्षमा निम्नानुसार पेश गर्दछु :-

* इलाम जिल्ला चुलाचुली गा.वि.स.वार्ड नं. २, हात्तिलेदा बस्ने विन्दु लाम्गादेको आमा खनमाया लाम्गादेको मिति २०६१ पौष १८ गते मृत्यु भयो । आमाको मृत्युपश्चात उहाँले जम्मा पाँच दिनमात्र शोक मनाउनु भयो । त्यसको ठीक एक बर्षपछि २०६२ पौष १८ गतेकै दिन बार्षिक श्रद्धाञ्जली सभाको आयोजना गर्नुभयो । जहाँ पुरोहित बोलाएर परम्परागत कर्मकाण्ड नगरी उपस्थित विशिष्ट व्यक्तिहरुबाट श्रद्धाञ्जली व्यक्त गरियो । रचनात्मक कामस्वरुप स्थानीय नजिकको शिवज्योती प्रा.वि.मा अध्ययनरत दुईजना गरीब तथा जेहन्दार विद्यार्थीलाई जनही रु.५००।- (पाँचसय रुपैयाँ) को दरले छात्रवृत्ति प्रदान गरियो ।

* इलाम जिल्ला आमचोक गा.वि.स.वार्ड नं. ५ बस्ने लक्ष्मण घतानीको हजूरआमा रणमाया घतानी को मिति २०६३ भाद्र १८ गते मृत्यु भयो। हजूरआमाको मृत्युपश्चात उहाँहरुले जम्मा ५ (पाँच) दिनमात्र शोक मनाउनु भयो। क्रियापुत्री, कोरो, ढिकुरो, पुरोहितलाई दान, दक्षिणालगायका कुनैपनि धार्मिक विधिविधान नगरी मृत्यु भएको पाँचौ दिन मलामी, आफन्त, घरगाउँलेलगायतको उपस्थितिमा शोकसभाको आयोजना गरी श्रद्धाञ्जली व्यक्त गरियो।
* इलाम जिल्ला शान्तिडाँडा गा.वि.स.वार्ड नं. ७ बस्ने ज्ञानेन्द्र लाम्गादे, तेजबहादुर लाम्गादे, गम्भीर लाम्दगादे, तारा लाम्गादे (लुवाघुन), शुशीला लाम्गादे (धमला) र विष्णु लाम्गादे (धमला) को बुबा रामबहादुर लाम्गादेको मिति २०६३ माघ २ गते बर्खान्तको दिन प्रथम बार्षिक श्रद्धाञ्जली सभाको आयोजना गरियो। पण्डित, पुरोहित लगाएर विभिन्न दानदक्षिणा गरी बर्खान्त गर्ने हिन्दूपद्धतिलाई चुनौती दिदैं आयोजना गरिएको उक्त श्रद्धाञ्जली सभामा उपस्थित विशिष्ट व्यक्तिहरुले श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो।





## संस्कार रुपान्तरण गर्दा ध्यानदिनुपर्ने कुराहरु :

* राजनीतिक दलहरुले संस्कृति, संस्कार रुपान्तरणको लागि आफ्नो तल्लो निकायसम्म (गाउँ एवं टोल) नियमित जनजागरणको अभियान संचालन गर्नुपर्छ। हजारौं बर्ष अघिदेखि हरेक मानिसको नशानशामा संस्कृति एवं संस्कारका गलत छापहरु बगिरहेका छन्। धार्मिक अन्धविश्वासले मानिसको दिमागमा खिया पारिसकेको हुन्छ। उक्त दिमागमा जम्मा भएको खियालाई जस्तोसुकै साबुन पानीले पनि पखाल्न सकिन्न। युगौंदेखि जम्मा हुँदैं आएको मानिसको दिमागलाई नै संक्रमण पारिसकेको धार्मिक अन्धविश्वासको खियालाई चेतनाको ज्योतिले मात्र हटाउन सकिन्छ।

विद्यमान परम्परागत संस्कारहरुमध्ये गलत र अनावश्यकलाई हटाई आवश्यक हुने संस्कारलाई पनि युगानुकूल रुपान्तरण गर्न राजनीतिक दलहरुले आ-आफ्नो समिति एवं जनसंगठनहरुमार्फत अभियान संचालन गर्नुपर्दछ।

* संस्कार भित्रको धार्मिकअन्धविश्वासलाई पनि राम्ररी खुट्याउन सक्नुपर्छ। आममानिसले प्रायः दुई प्रकृतिको धार्मिकअन्धविश्वास मानिआएको पाइन्छ। एउटा विशुद्ध धार्मिकअन्धविश्वास र अर्को विभेदजन्य धार्मिकअन्धविश्वास।

अर्कालाई जातको आधारमा, लिङ्गको आधारमा, वर्गको आधारमा या कुनै न कुनै आधारमा प्रत्यक्ष विभेद हुन्छ, गरिन्छ वा भइरहेको छ भने त्यस्तो प्रकृतिको धार्मिकअन्धविश्वास अपनाएर अरुलाई हानी पुर्याउने व्यक्तिलाई राज्यको तर्फबाट सचेतनाको साथसाथै दण्डको समेत व्यवस्था गर्नु पर्दछ

र विशुद्ध धार्मिकअन्धविश्वासलाई मानिसहको दिमागबाट हटाउन राज्यले आफ्ना सबै अङ्गहरु परिचालन गरी तल्लो निकायसम्म जनचेतना अभियान संचालन गर्नुपर्दछ । देशभरि निरन्तर सचेतनामूलक, जागरणमूलक अभियान संचालन गरी परिवर्तनतर्फ उन्मुख हुन समाजलाई घच्घच्याउन हरदम प्रयत्न गर्नुपर्दछ । जस्तै :- सतीप्रथालाई तत्कालीन राज्यले विभेदजन्य अन्धविश्वास मानेर कानुनी रुपमा प्रतिबन्ध लगाई पतिको मृत्युपश्चात उसकी पत्नीलाई सतीजान नपाउने नियम बनाई लागू गर्‍यो । जसको परिणमस्वरुप सती जानु हुन्न भन्ने प्रचलन समाजमा चलेर आयो ।

❋ सामाजिक तथा गैरसरकारी संघसंस्थाहरुले पनि स्थानीय क्षेत्रको तल्लो तहसम्म सांस्कृतिक रुपान्तरणको अभियान संचालन गर्नुपर्दछ । व्यक्तिको चेतनास्तर उठाई उसलाई सही दिशातर्फ उन्मुख गराउन, डोर्‍याउनको लागि निरन्तर पहल एवं प्रयास गर्नुपर्दछ ।

❋ सामन्तवादका शत्रुहरुसँग एकता गर्नुपर्दछ । सामन्तीसंस्कृतिविरुद्ध सबै पक्षहरुको ध्यान केन्द्रित गरी उद्देश्य, लक्ष्य आदि मिल्नेसँग एकता गरी साझा अभियान संचालन गर्नुपर्दछ ।


❋ संस्कृतिको जन्म समाजको गर्भबाट हुन्छ । अझ सरलरुपमा भनौं- संस्कृतिका निर्माता भनेका जनता नै हुन् र यसलाई समाजमा लागू गराउने कुरालाई तत्कालीन राज्यले अहं भूमिका खेलेको हुन्छ । संस्कृति, संस्कारमा भावनात्मक पक्षको प्रधानता हुने भएको हुँदा यो लामो समय अघिदेखि मानिसको मनमस्तिष्कमा गहिरो गरी गढेर रहेको हुन्छ र पछिल्लो पुस्तादरपुस्तासम्म निरन्तर हस्तान्तरण भएर गइरहेको हुन्छ । सर्वसाधारण मानिसहरुले त्यसभित्रका ठीक बेठीक कुराहरु खुट्याउने भन्दापनि अघिल्लो पुस्ताको सम्मानस्वरुप त्यसलाई पालना गरिरहेको





अवस्था छ । मानिसको अस्तित्व समाजमा हुने भएको हुँदा संस्कृति,स्कारलाई निरन्तरता दिने वा हटाउने कुरामा समाजको ठूलो दायित्व हुन्छ । कुनै पनि संस्कार ठीक छ भनेर समाजले हुन्छ, हुन्छ, हुन्छ, हुन्छ, हुन्छ, हुन्छ, हुन्छ, हुन्छ ........................... हुन्छ !! भनेर मानेको हुँदा अहिलेसम्म त्यो चलिरहेको छ । अहिले यो संस्कार भित्रका गलत कुराहरुलाई परिपालना गर्नु हुँदैन, हुँदैन, हुँदैन, हुँदैन, हुँदैन, हुँदैन, हुँदैन, हुँदैन, ......................... हुँदैन !!! भनेर समाजले बोल्यो भने संस्कारभित्रका ती गलत कुराहरुलाई समाजले हटाउन सक्छ । राज्यले त्यसलाई मार्गप्रशस्त गरी सही गोरेटो देखाइदिनुपर्छ । अनि त्यसलाई सही मार्गबाट हिडाउने वा बन्द गर्ने काम समाजले गर्दछ । तसर्थ सांस्कृतिक रुपान्तरण गर्ने कुरामा समाजको अति महत्वपूर्ण भूमिका हुने भएको र त्यो काम सही मान्यता बोकेको समाजले मात्र गर्नसक्ने भएको हुँदा समाजलाई सही गोरेटोमा हिडाउन अत्यन्त जरुरी छ । सो को लागि राज्य, राजनीतिक दल, संघसंस्था एवं आमबुद्धिजीवीहरुले निरन्तर कदम चाल्नुपर्दछ ।

✱ अब हामी तलको चित्रलाई एकछिन गहिरिएर अध्ययन गरौं त ।




चित्र नं. ४ (स्रोत : सामुहिक अभियान)

माथिको चित्रमा के देख्नुभयो ?

सायद यहाँहरुले जनावरहरुको समूह देख्नु भयो होला हैन ? हो, माथिको चित्रमा विभिन्न प्रकृतिका जनावरहरु रहेका छन् । उनीहरुको स्वभाव, बानीव्यहोरा अलगअलग हुन्छ । चित्रमा देखाइए झैं हाम्रो समाजमा पनि अलगअलग प्रकृति बोकेका मानिसहरु रहेका छन् । उनीहरु सबैको बानीव्यहोरा, भावना, मन, सोंचाइ एकनासको हुदैंन् । समाजमा बस्ने मानिसहरुको सोचाइ, दिमागलाई माथिको चित्रमार्फत थोरै मनन् गरौं त !





बायाँतर्फको १ नं. चित्र मुसोको हो । मुसोको स्वभाव भगुवा हुन्छ । कोही कसैलाई नदेख्दा घरका कोठाचोटा चहार्छ, बिगार गर्छ तर जब अप्ठ्यारो पर्छ, दुलोभित्र सुत्त भागेर लुकिहाल्छ । हाम्रो समाजमा पनि मुसोको जस्तो स्वभाव गरेका मानिसहरु हुन्छन् । जो आफूलाई सहज पर्दा जहाँ जे सुकै गर्छन् तर अर्कालाई अप्ठ्यारो पर्दा, समस्या पर्दा सहयोग गर्नु त कहाँ हो कहाँ कसैलाई थाहै नदिई मुसोजस्तै सुत्त लुकिहाल्छन् ।

माथिको २ नं.चित्र बाँदरको हो । बाँदरको स्वभाव सर्वज्ञ हुन्छ । जसले आफ्नो घर पनि बनाउदैंन र अर्काको घर पनि भत्काइदिन्छ । हाम्रो समाजमा बाँदरको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । आफू पनि कुनै राम्रो काम गर्न चाहदैनन् र अरुले गर्न लागेको राम्रो काम पनि देखिसहन्नन् । म जति जान्ने कोहीछैन भन्छन् ।

माथिको ३ नं. चित्र बाख्रोको हो । बाख्रोको स्वभाव लजालु हुन्छ । आफूलाई मान्छेले डोऱ्याउँदा पनि ठीकै छ, बाँध्दा पनि ठीकै छ, कुनै प्रतिकार गर्न सक्दैन । हाम्रो समाजमा बाख्रोको जस्तो स्वभाव भएका मानिसहरु पनि हुन्छन् । आफूलाई अरुले जतिसुकै अन्याय गरेपनि चुपचाप सहिदिन्छन्, त्यसको विरुद्ध कुनै प्रतिकृया जनाउँदैनन् ।

माथिको ४ नं. चित्र भ्यागुताको हो । भ्यागुताको स्वभाव ट्वारट्वार बोलिरहने हुन्छ । शत्रु छेवैमा जाँदा पनि टरटराउँन छोड्दैन । हाम्रो समाजमा भ्यागुताको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । अरुले आफूले बोलेको कुरा सुनिरहेका छन् कि छैनन्, ध्यान दिएका छन् कि छैनन्, मतलब राखेका छन् कि छैनन्, त्यसको कुनै परवाह नगरी एकोहोरो बोलेको छ, बोलेको छ ।

माथिको ५ नं. चित्र सुगुरको हो । सुगुरको स्वभाव सहमत नहुने खालको हुन्छ । चारो खानेबेलामा खानेकुरामा खुट्टा हालिहाल्छ । हाम्रो समाजमा सुगुरको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । जतिसुकै राम्रो, असल कुरा गरेपनि त्यसमा सहमत नभई विरोध मात्र गर्छन्, खोचे मात्र थाप्छन् ।

माथिको ६ नं.चित्र जिराफको हो । जिराफको स्वभाव ठूलो हुन खोज्ने खालको हुन्छ । अरु प्राणीलाई सानो देख्ने र आफूमात्र ठूलो ठान्छ । हाम्रो समाजमा जिराफको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । म जति जान्ने, बाठो, बुद्धिजीवी, धनी, राम्रो अरु कोही छैन भनेर अरुलाई जहिलेपनि नराम्रो मात्र देख्छन् ।

माथिको ७ नं.चित्र कुकुरको हो । कुकुरको स्वभाव झगडालु हुन्छ । जसलाई देखे पनि एक्कासी झम्टिइहाल्छ । हाम्रो समाजमा कुकुरको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । जतिसुकै राम्रो गरेपनि झगडा गरिहाल्छन् । मिल्ने कुरा पटक्कै गर्दैनन् । जति सम्झाएबुझाए पनि कहिल्यै लाग्दैन ।

माथिको ८ नं.चित्र हिप्पोपोटामस (जलगैंडां) को हो । हिप्पोपोटामसको स्वभाव मतलब नराख्ने प्रकृतिको हुन्छ । मान्छे तथा अरु जनावरहरु उसको छेवैमा जाँदा पनि उसले कुनै वास्ता गर्दैन । हाम्रो समाजमा हिप्पोपोटामसको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । कसैले समाजमा राम्रो काम गर्‍यो, रचनात्मक विचार ल्यायो, सबैलाई फाइदाजनक सृजना गर्‍यो आदि भने पनि उसलाई त्यसप्रति कुनै चासो छैन, मतलब छैन ।





माथिको ९ नं. चित्र घोडाको हो । घोडाको स्वभाव जहिलेसुकै सहयोगी हुन्छ । उसले जस्तै झरीबादलमा पनि भारी बोकेर मान्छेलाई सधैं सहयोग गर्छ । हाम्रो समाजमा घोडाको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । आफू जलेर पनि अरुलाई उज्यालो दिन्छन् । आफूलाई फाइदा वा बेफाइदा जे होस्, त्यसको मतलब नराखी समाजको हितमा मरिमेट्छन् ।

माथिको १० नं.चित्र स्यालको हो । स्यालको स्वभाव चतुर हुन्छ । ढुकेर बस्छ, अवसर पर्नासाथ कुखुरा टिपेर भागिहाल्छ । हाम्रो समाजमा स्यालको जस्तो स्वभाव गरेका मानिसहरु पनि हुन्छन् । समाजका अरु मानिसहरुलाई कुनै पनि कुराको जानकारी नदिई कुनै नयाँ कुरा आयो भने आफू मात्रै त्यसको फाइदा लुट्छन् । अरुलाई कुनैकुराको सुइँकोसम्म दिदैंनन् ।

**प्रिय पाठक गण !**

माथिको चित्रका जनावरहरुको जस्तो स्वभाव बोकेका मानिसहरु हाम्रो समाजमा हुन्छन् । उनीहरु सबै शिक्षित छैनन् र शिक्षित भएकाहरु पनि सबै सचेत छैनन् । यसरी विभिन्न स्वभाव र प्रकृतिका मानिसहरुलाई उनीहरुको दिमागमा रहेको विचार बदल्न निकै कठीन हुन्छ । सबैलाई सम्झाइबुझाई एकत्रित गरेर लानुपर्छ । उनीहरु भित्र रहेका खराब कुराहरुलाई घटाउन (-), असल कुराहरुलाई जोड्न (+), इमान्दारितालाई बढाउन (X) र जोखिम एवं अप्ठ्याराहरुलाई एकअर्कामा बाँड्न (÷) हरदम् प्रयत्नशील रहनुपर्दछ ।

राजनीति वा व्यवस्था परिवर्तन छिटो हुनसक्छ । तर सांस्कृतिक परिवर्तनको बाटो अफठ्यारो, घुमाउँरो एवं मानिसको भित्री भावनासँग सोझै जोडिएको हुँदा परिवर्तन ढिलो हुन्छ ।

राजनीतिक परिवर्तन गर्न सडकमा निस्केर नाराजुलुस प्रदर्शन, ढुंगामुढा प्रहार, भौतिक संरचनाहरुको विनास, धर्ना, अनसन, विरोधसभा, जनर्‍याली आदि तरिकाहरु अपनाउन सकिन्छ तर सांस्कृतिक परिवर्तन गर्न यी तरिकाहरुले मात्र सम्भव छैन । मान्छेको भित्री मनलाई परिवर्तन गर्न नसके, उनीहरुको भावनात्मक संवेगलाई अर्को दिशातर्फ मोड्न नसके, उनीहरुको दिमागमा युगौंदेखि गढेको परम्परागत संस्कारको छापलाई मेट्न नसके र आधुनिक, युग सुहाउँदो एवं जनपक्षीय चेतनाका किरणहरु उनीहरुको मनमस्तिष्कमा झुल्काउँन नसके सांस्कृतिक परिवर्तन दीगो हुन असम्भव हुन्छ । धार्मिक कुसंस्कारसँग रिस उठ्यो भन्दैमा हामीले मन्दिर भत्कायौं, मस्जिद तोड्यौं, मूर्ति फुटाल्यौं आदि भने हाम्रो विरुद्ध विशाल जनलहर खनिन्छ तर हामीले कथित ईश्वरको बारेमा, भगवानको बारेमा, पूर्वजन्म, पुनर्जन्म, अन्धविश्वास आदिको बारेमा जनतालाई राम्ररी बुझायौं, उनीहरुको मन पगाल्यौं र भावना परिवर्तन गर्न सक्यौं भने जनता आफैंले आफ्नो मनभित्रको मन्दिर भत्काउनेछन्, मूर्ति तोड्नेछन् र कथित भगवान, ईश्वरलाई रछ्यानमा गुल्टाउने छन् । जनताको मनभित्रबाट मन्दिर, मूर्ति, भगवान गुल्टिएपछि  बाहिर बनाइएका देखावटी, बनावटी मन्दिर, मूर्ति, भगवान, ईश्वर सबै एकदिन बेकम्मा भई खण्डहरमा परिणत हुनेछन् ।

✱ युगौंदेखि मानिसको चेतनामा बसेको धार्मिक अन्धविश्वासलाई तोडी जनपक्षीय संस्कृतिको निर्माण गर्न अथक प्रयास गर्नुपर्दछ । दुईचार दिन दुईचारवटा गोष्ठीमा दुईचार कुरा गरेर मात्र सांस्कृतिक रुपान्तरण हुनसक्दैन । यसको लागि त कोशी नदी बगेजस्तो अटुट बेगले निरन्तर अभियान संचालन गर्नुपर्दछ । सतिसाल जस्तै दृढ भएर, हरेश नखाई, थकित नभई हिम्मत अनि जाँगरकासाथ निरन्तर पाइला चाल्नुपर्दछ ।





✱ हाम्रो समाजमा विभिन्न स्वभाव एवं प्रकृति भएका मानिसहरु हुन्छन भन्ने कुरा यसभन्दा माथिको जनावरहरुको चित्रबाट हामी प्रष्ट भइसकेका छौं । निश्चितरुपमा हाम्रो समाजमा सामन्ती संस्कृतिको विषयमा पटक्कै जानकारी नहुने वा गलत छ भनेर नजान्ने मानिसहरु, गलत हो, खराब हो आदि भनेर जानेका तर रुपान्तरणको सुरुवात गर्न खुट्टा कमाउने अनि अरुले गरेभने वा समाजले रुपान्तरणको प्रकृया अघि बढाएछ भने त्यतिबेला गरौंला भनेर पर्ख र हेरको नीति अवलम्बन गर्ने मानिसहरु र सामन्ती संस्कृति गलत हो, यसलाई हटाउन सुरु गरिहाल्नुपर्छ भनेर व्यवहारमै सुरुवात गरिसकेका मानिसहरु गरी तीनथरिका मानिसहरुको बोलवाला छ तर तेस्रो तथा अन्तिम प्रकृतिका मानिसहरुको संख्या अहिले न्यून छ ।

जसले यो संस्कार, संस्कृति गलत छ भनेर जानी त्यसलाई आफ्नो व्यावहारिक जीवनमै रुपान्तरणको अभियान सुरु गरिसक्नु भएको छ; उहाँहरुलाई हार्दिक सलाम् गर्नैपर्दछ र यो सांस्कृतिक रुपान्तरणको महाअभियानका अभियन्ता, महानेता चुन्नैपर्दछ ।

जसले सामन्ती संस्कृति गलत हो, खराब हो, हाम्रो लागि अभिशाप हो भनेर बुझ्नु भएको छ, अनि परिवार, समाज, संस्कृति/संस्कार र धर्मको डरले खुट्टा कमाएर रुपान्तरण गर्न पछि हट्नुभएको छ, यदि भोलि समाजले संस्कृतिलाई रुपान्तरण गरेछ भने, म पनि गर्छु भनेर 'पर्ख र हेर' को नीति लिइरहने हो भने रुपान्तरण कसले गर्ने र कहिले गर्ने त ? यही 'पर्ख र हेर' को सामाजिक नीति लिइरहँदा आज युगौंयुग बितिसके ! अनि हाम्रो देशमा गोपाल र महिषपाल, किरात, लिच्छवि र मल्ल आदिका शासन व्यवस्था तोडिएर शाह, राणा हुँदै २००७ सालको क्रान्ति पंचायतको ज्यादति, पुनः २०४६ सालको जनान्दोलन, दशबर्षे जनयुद्ध, २०६२/०६३ को ऐतिहासिक जनान्दोलन र राजतन्त्रको औपचारिक अवशान, देशमा

लोकतान्त्रिक गणतन्त्र हुदैं संघीय राज्यमा देश पुगिसकेको अवस्था छ तर हाम्रो समाजमा युगौदेखिको सामन्ती संस्कृतिमा उल्लेखनीय परिवर्तन आएको छैन, यो हाम्रो तितो यथार्थता होइन ?

कोशी, गण्डकी र कर्णालीमा धेरै पानी बगिसकेको छ, हाम्रो सगरमाथामा धेरै हिउँ पग्लिसकेको छ, अनि नारायणहिटी र सिंहदरवारका ठलठूला आरामदायी घुम्ने कुर्सीमा धेरै मानिसहरु बसिसकेका छन् ! तर खोई हाम्रो यही पर्ख र हेरको नीतिले समाज कति आक्रान्त र सिकिस्त बिरामी भइसकेको छ ? हामीले विचार गरेका छौं ? हुँदाहुँदा हामी एक्काइसौं शताब्दीमा आइसक्यौं, हिजोका कलिला बालक आज दाँत फुक्लेर थोते भइसक्यौं ! हिजोको पोटिलो अनुहार, आज चाउरी परिसक्यो, हिजोको कालो केश आज सेताम्य फुलेर रुवा जस्तो भइसक्यो !! तर खैं, त्यही पर्ख र हेर भन्दाभन्दै हाम्रो सुनौलो जीवन अन्त्य हुनै लागिसक्यो !! ए विद्वान महोदय !! कहिले गर्ने समाज परिवर्तन ? कहिले गर्ने सांस्कृतिक रुपान्तरण !! तपाईले नै सुरु गर्न मुटु र खुट्टा कमाउनुभयो भने भोलि फुस्स प्राण गएपछि रुपान्तरण गर्नुहुन्छ ? अहँ !! त्यो त कुनै हालतमा पनि सम्भावना छैन । तपाईं पनि मरेपछि पुनः उही पाराले पिण्ड दिन्छन्, दान गर्छन्, गरुड पुराण सुनाउछन् ! वशः तपाईको जीवन माटोमा मिल्यो, इतिहासमा तपाईं हराउनुभयो, दुईचार दिन आफन्तजन रुन्छन् ................ तपाईको सुनौलो जीवनको कुनै मूल्य भएन !! तपाईले पढेको, बुझेको पनि माटोमै मिल्यो !! ए विद्वान महोदय, तपाईलाई आफ्नो सुनौलो जीवनको माया लाग्दैन ? तपाईं आफू उदाहरण बनेर समाजलाई बदल्न हिम्मत गर्नुहुन्न ? यत्रो ज्ञान बुझेको विद्वान तपाईले त हिम्मत नगरी खुट्टा थरथरी कमाउने हो भने समाजको, संस्कृतिको परिवर्तन कुनदेशको मान्छेले आएर गरिदिन्छ होला ! तपाईको दिमाग एकछिन खियाउनुहोस् त !





तपाईलाई आफ्नो जीवनको माया छ र सार्थकरुपमा जिएर समाजलाई परिवर्तन गर्ने हिम्मत आउँछ भने तपाईले आफ्नो उमेरलाई पनि एकचोटी पछाडि फर्केर हेर्नैपर्दछ ।

एकपटक तलको तालिकालाई मनन् गर्नुहोस् त !

## मानिसको जीवनको उमेरसम्बन्धी लेखाजोखा :

नेपालीहरुको बाच्ने सरदर औशत आयू .................... ६० वर्ष
१ (एक) वर्ष...................................................३६५ दिन
६० (साठी) वर्ष................................................२१,९०० दिन

| [redacted] | [redacted] | [redacted] | [redacted] |
|---|---|---|---|
| १६ वर्ष | ५,८४० दिन | १६,०६० दिन | २१,९०० दिन |
| २० वर्ष | ७,३०० दिन | १४,६०० दिन | २१,९०० दिन |
| २५ वर्ष | ९,१२५ दिन | १२,७७५ दिन | २१,९०० दिन |
| ३० वर्ष | १०,९५० दिन | १०,९५० दिन | २१,९०० दिन |
| ३५ वर्ष | १२,७७५ दिन | ९,१२५ दिन | २१,९०० दिन |
| ४० वर्ष | १४,६०० दिन | ७,३०० दिन | २१,९०० दिन |
| ४५ वर्ष | १६,४२५ दिन | ५,४७५ दिन | २१,९०० दिन |
| ५० वर्ष | १८,२५० दिन | ३,६५० दिन | २१,९०० दिन |
| ५५ वर्ष | २०,०७५ दिन | १,८२५ दिन | २१,९०० दिन |
| ५९ वर्ष | २१,५३५ दिन | ३६५ दिन | २१,९०० दिन |

आदरणीय विद्वान महोदय,
माथिको तालिका अनुसार,
यदि तपाई १६ बर्ष पुगिसक्नु भयो भने,
तपाईको जीवनका ५,८४० दिन बितिसके ।
अब तपाईको जीवनको १६,०६० दिन बाँकी छ ।

यदि तपाई २० बर्ष पुगिसक्नु भयो भने,
तपाईको जीवनका ७,३०० दिन बितिसके ।
अब तपाईको जीवनको १४,६०० दिन बाँकी छ ।

यदि तपाईं २५ बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनका ९,१२५ दिन बितिसके ।
अब तपाईंको जीवनको १२,७७५ दिन बाँकी छ ।

यदि तपाईं ३० बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनका १०,९५० दिन बितिसके ।
अब तपाईंको जीवनको १०,९५० दिन बाँकी छ ।

यदि तपाईं ३५ बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनका १२,७७५ दिन बितिसके ।
अब तपाईंको जीवनको ९,१२५ दिनमात्र बाँकी छ ।

यदि तपाई ४० बर्ष पुगिसक्नु भयो भने,
तपाईको जीवनका १४,६०० दिन बितिसके ।
अब तपाईको जीवनको ७,३०० दिनमात्र बाँकी छ ।





यदि तपाईं ४५ बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनका १६,४२५ दिन बितिसके ।
अब तपाईंको जीवनको ५,४७५ दिनमात्र बाँकी छ ।

यदि तपाईं ५० बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनका १८,२५० दिन बितिसके ।
अब तपाईंको जीवनको ३,६५० दिनमात्र बाँकी छ ।

यदि तपाईं ५५ बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनका २०,०७५ दिन त बितिसके ।
अब तपाईंको जीवनको १,८२५ दिनमात्र बाँकी छ ।

यदि तपाईं ५९ बर्ष पुगिसक्नु भयो भने,
तपाईंको जीवनको २१,५३५ दिन त बित्ति नै सके ।
अब तपाईंको जीवनको औसत आयू ३६५ दिनमात्र बाँकी छ !!!

ज्या है ! भन्दाभन्दै मर्ने दिन आइसक्यो !! तर विद्वान मित्र ! यो चित्र हेरेर नहडबडाउनुहोस् । माथि उल्लेख गरेका सांस्कृतिक रुपान्तरणको अभियन्ता, महानेताहरुले सुरुवात गरिसकेको रुपान्तरणको अभियानमा यदि तपाईं खुट्टा र मुटु कमाउन छोडेर दृढ विचारले रुपान्तरण गर्न थाल्नु भयो भने उमेर ढल्केपनि तपाईको जीवन सार्थक हुनेछ, इतिहासमा तपाईंको नाम सुनौला अक्षरले दर्ज हुनेछ । तर हिम्मत, आँट गरेर सुरु चाँहिं आजदेखि नै गरिहाल्नुपर्छ है ।

**प्रिय पाठकवृन्द !**

माथिको अनुच्छेदमा उल्लेख गरेजस्तै सामन्ती संस्कृतिको विषयमा अनजान रहेका जनतालाई सचेतीकरण गर्दै रुपान्तरणको अभियान आजैदेखि सुरुवात गरिहाल्नु पर्दछ। यदि अझैं हामीले माथिको जस्तै पर्ख र हेरको नीति लिएर बसिरहने हो भने हाम्रो जीवन अवश्य माटोमा मिल्छ, कुसंस्कार अझैं युगौंपछिसम्म ज्यूँकात्यूँ बाचिंरहन्छ र हाम्रो पुस्तौंपुस्तासम्मका मानिसहरुलाई चपाइरहन्छ। त्यसर्थ, यसलाई मनन् गरी विद्वान, पढेलेखेका, बुझेका र शिक्षित एवं सचेत नागरिकहरुले आजैदेखि, अहिलेदेखि रुपान्तरणको अभियान सुरु गरिहाल्नुपर्दछ।

हामीले बुझ्नुपर्ने मुख्य कुरा हो- **"मान्छेको रचना संस्कृतिले गरेको होइन, तर संस्कृति, संस्कारको रचना भने मान्छेले नै गरेको हो।"**

सांस्कृतिक रुपान्तरणको विषयमा हामीले "तीन एच." (Triple H) को नियमलाई पालना गर्नैपर्दछ।

H- Head (Knowledge) - ज्ञान
H- Heart (Attitude) - धारणा
H- Hand (Practice) - व्यवहार

सामन्ती संस्कृति गलत हो, खराब हो, यसले युगौंदेखि हामीलाई शोषण गर्दै आएको छ भनेर ज्ञान (Knowledge) पनि प्राप्त गरियो, प्राप्त ज्ञानलाई हृदयमा मन्थन गरी सामन्ती संस्कृतिलाई तोडेर त्यसको विरुद्ध युगसुहाँउदो, आधुनिक एवं जनपक्षीय संस्कृति, संस्कारको निर्माण गर्नुपर्छ (सांस्कृतिक रुपान्तरण गर्नुपर्छ) भन्ने धारणा (Attitude) पनि बनाइयो





तर यदि आर्जन गरेको ज्ञानलाई सकारात्मक धारणामा बदलेर त्यसलाई व्यवहार (Practice) मा लागू गरिएन भने सिकेको ज्ञान, विकास भएको धारणा औचित्यहिन हुनपुग्छ। ज्ञान एवं धारणालाई व्यवहारमा लागू गर्नुभनेको सफल जीवन जिउनु हो, सफल जीवन जिउनु भनेको समृद्ध समाजको निर्माण हो, समृद्ध समाजको निर्माण भनेको मानव सभ्यताको सम्मान हो। त्यसर्थ सिकेको ज्ञान र धारणालाई व्यवहारमा उतार्नु पर्दछ।

आउनुहोस ! तपाईं हामी सबै मिलौं र युगौंदेखि सामन्ती संस्कृतिको जंजिरले जेलिएको समाजलाई मुक्त गर्न हजारौं बर्षदेखिको धार्मिक अन्धविश्वासको पर्खाल भत्काएर युगसुहाँउदो, जनपक्षीय संस्कृति, संस्कारको निर्माण गर्ने महाअभियानमा लामबद्ध बनौं।

.. c:t' ..

**सन्दर्भग्रन्थ :-**


- ✱ चापागाईं, निनु, सन्दर्भ संस्कृति र सांस्कृतिक रुपान्तरण
- ✱ प्रश्रित, मोदनाथ, जनसंस्कृतिको नयाँ दिशा
- ✱ लुइटेल, तिलकप्रसाद (अनु.), मनुस्मृत्ति
- ✱ उपाध्याय, मोहनराजा (टीकाकार), गरुडपुराण
- ✱ अर्याल, मदनप्रसाद (अनु.), नीति (विदरु, चाणक्य र भर्तृहरि)
- ✱ चँदारा, नारायणप्रसाद, नेपालमा जातपात र छुवाछूत
- ✱ शर्म्मा नेपाल, वसन्तकुमार, नेपाली शब्दसागर




सांस्कृतिक रुपान्तरण

सांस्कृतिक रूपान्तरण